# बहुकक्षा बहुस्तर शिक्षण सामग्री
## रुजुसूची

विषय : मेरो नेपाली

कक्षा : ३ (तीन)

| विषयक्षेत्र | माइलस्टोन नम्बर | पाठ शीर्षक | सुनाइ र बोलाइ | | | | | | | पढाइ | | | | | लेखाइ | | | | शब्द भण्डार र कार्यमूलक व्याकरण | | | | | | | विषयक्षेत्रको मूल्याङ्कन | जम्मा क्रियाकलाप | अनुमानित पाठ्यघण्टा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ध्वनि सचेतीकरण | | | | श्रव्य/दृश्य बोध | | | पठन प्रवाह | | पठन बोध | | | लेख्यवर्ण सचेतीकरण | | लेखाइ | | शब्द भण्डार | | | | | कार्यमूलक व्याकरण | | | | |
| | | | खरायो | घोडा | मुसो | जिराफ | बाघ | माछा | भालु | ढुम्सी | मलसाँप्रो | गाई | बिरालो | भेडा | लोखर्के | पेन्सिल | कलम | गोही | बाँदर | कछुवा | हात्ती | हरिण | ऊँट | जेब्रा | बाख्रो | कुकुर | | |
| म र मेरो परिवार | १ | लयमिल्दा शब्द | १ | १ | – | – | १ | – | – | – | – | १ | १ | १ | – | – | १ | – | १ | १ | १, २ | – | – | १ | १ | – | १३ | १५ |
| | २ | समान संरचना भएका शब्द | २ | २ | – | – | २ | – | १ | – | – | २ | २ | – | – | १ | २, ३ | – | २ | – | – | – | – | २, ३ | २ | १ | १४ | |
| मेरो दैनिक जीवन | ३ | उस्तै उस्तै सुनिने शब्द | ३ | ३ | – | – | ३ | १ | २ | – | – | ३, ४, ५ | ३ | – | १ | – | ४ | – | ३ | २ | ३ | १ | – | – | ३ | – | १७ | १० |
| | ४ | अनुकरणात्मक शब्द | ४ | ४ | – | – | ४ | – | ३ | – | – | ६ | ४ | – | – | – | ५ | – | ४ | – | ४ | – | १ | – | – | २ | ११ | |
| हाम्रो समुदाय | ५ | पारिभाषिक शब्द (चाडपर्व, धर्म संस्कृति) | ५ | ५ | १ | १ | ५ | २ | ५ | – | – | ७, ८ | – | – | २, ३ | – | ६, ७ | – | ५ | ३ | – | – | २ | ४ | – | – | १७ | १५ |
| | ६ | प्राविधिक शब्द (पसल, सवारीसाधन) | ६ | ६ | – | – | ६ | – | – | – | – | ९ | – | – | – | – | ८ | – | ६ | ४ | – | – | – | ५ | ४ | ३ | १० | |
| मेरो विद्यालय | ७ | स्वरवर्ण प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ | ७ | ७ | २ | २ | ७ | – | ६ | – | – | १०, ११ | – | – | – | २ | ९, १० | – | ७ | ५ | – | – | – | ६ | ५ | – | १५ | १५ |
| | ८ | स्वरवर्ण प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ | ८ | ८ | ३, ४ | ३ | ८ | – | ७ | – | – | १२ | ५, ६ | – | – | ३ | ११, १२ | – | – | – | ५–७ | – | ३ | ७ | ६ | ४ | २० | |
| हाम्रो वातावरण | ९ | शब्दका सुरुका ध्वनि थप्ने, झिक्ने, जोड्ने र छुट्याउने, | ९ | ९ | – | – | ९ | – | ८ | – | १ | १३, १४ | – | – | – | – | १३ | – | ८ | – | ८, ९ | २ | ४ | – | ७ | – | १४ | २० |
| | १० | शब्दका मध्यका ध्वनि थप्ने, झिक्ने | १०, ११ | १० | ५ | – | १० | – | ९ | – | २ | १५ | ७ | – | ४ | – | १४ | १ | – | ६ | १० | – | – | ८ | ८ | – | १६ | |
| | ११ | शब्दका अन्त्यका ध्वनि थप्ने, झिक्ने, जाड्ने र छुट्याउने | १२ | ११ | ६ | ४ | ११, १२ | – | – | – | ३ | १६ | ८ | – | – | – | १५, १६ | – | ९ | ७ | ११ | – | ५ | – | – | ५ | १६ | |
| मेरो सिर्जना | १२ | व्यञ्जनवर्ण (क-ण) प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ | १४ | – | ७ | ५ | १३ | ३ | १०, ११ | – | – | १७ | ९ | २ | ५ | – | १७ | – | १० | – | – | – | – | ९ | – | – | १४ | १५ |
| | १३ | व्यञ्जनवर्ण (क-ण) प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ | १५ | १२ | ८ | – | १४ | – | – | १ | – | १८ | – | ३ | ६ | – | – | २, ३ | ११ – १३ | ८ | १२ | – | ६ | – | – | ६ | १७ | |
| रुचि र बानी | १४ | व्यञ्जनवर्ण (त-ज्ञ) प्रयोग भएका परिचित शब्दका ध्वनि जोडाइ | १५ | १३ | ९ | – | १५ | – | १२ | – | – | १९ | १० | ४ | ७ | – | – | ४ | १४, १५ | ९ | १३ | – | – | १० | – | – | १५ | १५ |
| | १५ | व्यञ्जनवर्ण (त-ज्ञ) प्रयोग भएका परिचित शब्दका ध्वनि छुट्याइ | १६, १७ | – | – | – | १६ | ४ | १३ | २ | – | २० | ११ | – | – | – | १८, १९ | – | १६ | १० | १४ | – | – | – | ९ | ७ | १५ | |
| हाम्रो संस्कृति | १६ | दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (घरपरिवार र अङ्ग) | १८ | १४ | १०, ११ | – | १७ | – | – | ३ | – | २१ | – | – | ८ | – | २० | – | १७ | – | – | – | – | ११, १२ | १० | – | १३ | १५ |
| | १७ | दुईओटा शब्द जोडेर बनेका सिङ्गो शब्द (कार्यव्यवहार) | १९ | – | १२ | – | १८, १९ | ५ | १४ | ४ | – | – | १२ | – | ९ | – | २१, २२ | – | – | – | १५ | – | ७ | १३ | ११ | ८ | १६ | |
| सञ्चार प्रविधि र बजार | १८ | दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (सामग्री) | २० | १५ | १३ | – | २० | ६ | १५ | ५ | – | २२ | १३ | – | – | ४ | – | ५, ६ | १८ | ११ | १६ | – | – | – | – | – | १५ | १० |
| | १९ | दुईओटा शब्द जोडर बनेका सिङ्गो शब्द (जीवजन्तु, स्वाद, पर्यावरण र वस्तुस्थिति) | २१ | – | १४ | ६ | – | ७ | – | – | – | २३ | १४ | ५ | १० | – | २३ | ७ | – | – | १७, १८ | – | – | १४ | – | ९ | १४ | |
| हाम्रा क्रियाकलाप | २० | सर्गपरक शब्द (उपसर्ग : नेपाली) | २२, २३ | – | १५ | – | २१ | – | – | ६ | – | २४ | १५ | – | – | ५ | २४, २५ | ८ | १९ | १२ | १९ | – | – | – | – | – | १४ | १५ |
| | २१ | सर्गपरक शब्द (प्रत्यय : नेपाली) | २४ | – | १६ | – | २२ | – | – | – | – | २५ | – | ६, ७ | – | ६ | २६, २७ | ९ | २० | – | २० | – | ८ | – | – | १० | १४ | |
| हाम्रो वरपर को संसार | २२ | सर्गपरक शब्द (उपसर्ग : तत्सम) | २५ | १६ | १७ | – | २३ | – | – | ७ | ४ | २६, २७ | – | – | ११ | ७ | २८ | – | – | – | २१, २२ | – | – | – | – | – | १३ | १५ |
| | २३ | सर्गपरक शब्द (प्रत्यय : तत्सम) | २६ | – | १८, १९ | – | २४ | ८ | १६ | ८ | – | २८ | १६ | – | – | ८ | २९, ३० | १० | – | – | २३ | – | ९ | – | – | ११ | १६ | |
| | | जम्मा | २६ | १६ | १९ | ६ | २४ | ८ | १६ | ८ | ४ | २८ | १६ | ७ | ११ | ८ | ३० | १० | २० | १२ | २३ | २ | ९ | १४ | ११ | ११ | ३३९ | १६० |


| विषयक्षेत्र | व्यवहारकुशल, सिप | सिकाइ उपलब्धि | भाषिक तत्त्व |
|---|---|---|---|
| म र मेरो परिवार | प्रयोग सिप (S1.1)<br>सिकाइ सिप (S1.2)<br>सञ्चार सिप (S3.1)<br>सहकार्य सिप (S3.2)<br>दृश्य साक्षरता सिप (S4.3) | १. म र मेरो परिवार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. शब्दको सुरुमा समान ध्वनि भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न<br>३. समान संरचना भएका शब्द पहिचान र उच्चारण गरी भाषिक सञ्चार तथा अभिव्यक्तिका क्रममा उपयोग गर्न | ● ध्वनि सचेतीकरण<br>● श्रव्य/दृश्यबोध<br>● पठन प्रवाह<br>● पठनबोध<br>● लेख्यवर्ण सचेतीकरण<br>● लेखाइ<br>● शब्द भण्डार<br>● कार्यमूलक व्याकरण |
| मेरो दैनिक जीवन | स्वव्यवस्थापन सिप S2.1<br>प्रयोग सिप S1.1<br>दृश्य साक्षरता S4.3<br>सहकार्य सिप S3.2 | १. मेरो दैनिक जीवन विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. शब्दको सुरुमा समान ध्वनि भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न<br>३. पदसङ्गति मिलाई छलफल र कुराकानीमा प्रस्तुत मौखिक तथा लिखित अभिव्यक्तिको आशय प्रस्तुत गर्न | |
| हाम्रो समुदाय | दृश्य साक्षरता सिप S4.3<br>प्रयोग सिप S1.1<br>सिकाइ सिप S1.2 | १. हाम्रो समूदाय विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. परिचित शब्दका ध्वनि पहिचान गरी शुद्ध उच्चारणसहित पढ्न<br>३. दृश्यात्मक अवस्था, स्थानीय परिवेश र पाठको परिवेशका आधारमा छलफल गरी शब्दको अर्थ पहिचान र प्रयोग गर्न | |
| मेरो विद्यालय | दृश्य साक्षरता सिप S4.3<br>प्रयोग सिप S1.1<br>सिकाइ सिप S1.2 | १. मेरो विद्यालय विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. परिवेशगत, पात्रगत र घटनागत परिचित शब्द र सन्दर्भ पहिचान गरी छलफल र प्रश्नोत्तर गर्न<br>३. पठित पाठको सार र घटनाक्रम वर्णन गर्न | |
| हाम्रो वातावरण | दृश्य साक्षरता सिप S4.3<br>सूचना साक्षरता S4.4<br>प्रयोग सिप S1.1<br>सहकार्य सिप S3.2 | १. हाम्रो वातावरण विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. शब्दका सुरु, मध्य र अन्तका वर्ण थप्दा वा झिक्दा बन्ने अर्को सार्थक शब्द निर्माण एवम् प्रयोग गर्न<br>३. पाठका विषयवस्तुबारे साथीसँग छलफल गरी निष्कर्ष बताउन | |
| मेरो सिर्जना | सहकार्य सिप S3.2<br>प्रयोग सिप S1.1<br>सञ्चार सिप S3.1<br>रचनात्मक सोच सिप S1.3<br>सहयोग तथा सहानुभूति सिप S3.3 | १. मेरो सिर्जना विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. हलन्त र संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान गरी सञ्चार र अभिव्यक्ति गर्न<br>३. पढेका पाठका विषयवस्तुको वर्णन र लेखन गर्न | |
| रुचि र बानी | प्रयोग सिप S1.1<br>सञ्चार सिप S3.1<br>दृश्य साक्षरता सिप S4.3<br>निर्णय तथा समस्या समाधान सिप S1.5 र सहकार्य सिप S3.2 | १. रुचि र बानी विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. संयुक्त र जोडेमोडेका व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान, उच्चारण र अर्थबोध गर्न<br>३. पढेका पाठका आधारमा विषयवस्तु, पात्र र घटना सम्बन्धी प्रतिक्रिया व्यक्त गर्न | |
| हाम्रो संस्कृति | प्रयोग सिप S1.1<br>सञ्चार सिप S3.1<br>बहुसांस्कृतिक साक्षरता सिप S4.5<br>निर्णय तथा समस्या समाधान सिप S1.5<br>सहकार्य सिप S3.2<br>दृश्य साक्षता सिप S4.3 | १. हाम्रो संस्कृति विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. हलन्त तथा जोडेमोडेका संयुक्त व्यञ्जन वर्ण प्रयोग भएका शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न<br>३. प्राप्त सूचना तथा पढेका सामग्रीका आधारमा विषयवस्तु, पात्र र घटना सम्बन्धी प्रतिक्रिया व्यक्त गर्न | |
| सञ्चार प्रविधि र बजार | प्रयोग सिप S1.1<br>सिकाइ सिप S2.4<br>समय व्यवस्थापन S1.1<br>सञ्चार सिप S3.1<br>सहकार्य सिप S3.2<br>दृश्य साक्षरता सिप S 4.3 | १. सञ्चार प्रविधि र बजार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. शब्दशब्द जोडेर वा छुट्याएर शब्दको पहिचान, उच्चारण र प्रयोग गर्न<br>३. पढेका दुई विषयवस्तुका पात्र, घटना र परिवेश दाँजी अनुच्छेदमा प्रस्तुत गर्न | |
| हाम्रा क्रियाकलाप | प्रयोग सिप S1.1<br>सञ्चार सिप S3.1<br>दृश्य साक्षरता सिप S4.3<br>निर्णय तथा समस्या समाधान सिप S1.5<br>सहकार्य सिप S3.2 | १. हाम्रा क्रियाकलाप विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. शब्दशब्द जोडेर वा छुट्याएर शब्दको पहिचान, उच्चारण तथा शब्दसूची निर्माण र प्रयोग गर्न | |
| हाम्रो वरपर को संसार | प्रयोग सिप S1.1<br>निर्णय तथा समस्या समाधान S1.5<br>सञ्चार सिप S3.1<br>सहकार्य सिप S3.2<br>दृश्य साक्षरता सिप S4.3 | १. हाम्रो वरपरको संसार विषयक्षेत्रको भाषिक तत्वसँग सम्बन्धित सिकाइ उपलब्धिहरू<br>२. सर्गपरक शब्दको पहिचान, उच्चारण तथा शब्दसूची निर्माण र प्रयोग गर्न | |

# कक्षा : ३

# विषय : नेपाली


अर्को





१४
रुचि र बानी
१३
मेरो सिर्जना
१२
मेरो सिर्जना
११
हाम्रो वातावरण
१०
हाम्रो वातावरण
९
हाम्रो वातावरण
८
मेरो विद्यालय
७
मेरो विद्यालय
६
हाम्रो समुदाय
५
हाम्रो समुदाय
४
मेरो दैनिक जीवन
३
मेरो दैनिक जीवन
२
म र मेरो परिवार
१
म र मेरो परिवार

# कक्षा : ३

# विषय : नेपाली






कक्षा ४ मा स्वागत छ
२३ हाम्रो वरपरको संसार
२२ हाम्रो वरपरको संसार
२१ हाम्रा क्रियाकलाप
२० हाम्रा क्रियाकलाप
१९ सञ्चार प्रविधि र बजार
१८ सञ्चार प्रविधि र बजार
१७ हाम्रो संस्कृति
१६ हाम्रो संस्कृति
१५ रुचि र बानी

पूर्ण शिक्षक सहयोग समूह

Fully Teacher Supported Group

आंशिक शिक्षक सहयोग समूह

Partial Teacher Supported Group


सहपाठी सहयोग समूह
Peer Supported Group

स्वयम् सिकाई समूह



Self Learning Group

# म र मेरो परिवार



१. लय मिलाएर गाउनुहोस् :

## हाम्रो परिवार



हजुरबुबा हजुरआमा सधैँ ज्ञान छर्ने
आमाबुबा काकाकाकी धेरै माया गर्ने
मान्छे असल भए हुन्छ राम्रो घरबार
सबैभन्दा रमाइलो छ हाम्रो परिवार ।

दाइदिदीले कथा भन्दा हामी सुन्न बस्छौँ
भान्साघरमा आमा पस्दा सघाउन पस्छौँ
माया पाउनु खुसी पाउनु सबको अधिकार
मिलीजुली काम गर्ने हाम्रो परिवार ।

कमिलाको जस्तै गरी एक जुट हुन्छौँ
घरको काममा मौरी जस्तै चाका हामी बुन्छौँ
अभिभावक गर्ने सधैँ हाम्रो हेरविचार
समाजकै नमुना हो हाम्रो परिवार ।

संस्कार पनि परिवार झैँ कति राम्रा राम्रा
चालचलन पुस्तक झैँ ज्ञान दिने हाम्रा
हिमालचुली शिरबाट हेर्छौं यो संसार
नेपाल जस्तै राम्रो लाग्छ हाम्रो परिवार ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :





## ३. पढ्नुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| कर | गर | चरा | जरा | टालो |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| डालो | तह | दह | पल | बल |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| कप | खप | चल | छल | टप |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| ठप | छत | छठ | तप | तल |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| मल | भल | नर | वर | हर |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| रहर | डर | खर | कल | झल |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| मल | कम | दम | रकम | यम |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| रथ | सर | रस | कस | खन |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |
| रकम | मगर | बडर | सहर | सकल |
| ------------- | ------------- | ------------- | ------------- | ------------- |

## ४. पालैपालो पढ्नुहोस् :



सल्मा : ओहो ! इद्रिस, तिमी कोसँग बजार आयौ ?
इद्रिस : म त आमासँग आएको अनि तिमी नि ?
सल्मा : म हजुरआमासँग आएकी । तिम्रा चाहिँ हजुरआमा हजुरबुबा यहाँ हुनुहुन्न ?
इद्रिस : हेर न सल्मा, मेरा हजुरआमा हजुरबुबा त गाउँमा हुनुहुन्छ । वर्षमा एकदुई पटक मात्र भेट हुन्छ ।
सल्मा : ए हो र, हाम्रो घरमा त हजुरआमा, हजुरबुबा, आमाबुबा, काकाकाकी, दाजुदिदी सबै हुनुहुन्छ । यसरी घरमा सबै जना हुँदा कस्तो रमाइलो हुन्छ ।
इद्रिस : कसरी ?
सल्मा : हजुरबुबाले कथा सुनाउनुहुन्छ । हजुरआमाले कपाल कोरिदिनुहुन्छ । आमाले खाजा बनाइदिनुहुन्छ । बुबाले लुगा लगाइदिनुहुन्छ । म जुत्ता ठिक्क पार्छु । झोलामा कापीकिताब राख्छु । दाजुदिदीले सँगै विद्यालय लैजानुहुन्छ ।
इद्रिस : ओहो ! कति रमाइलो । अब म पनि आमाबुबालाई भन्छु । अब हामी पनि हजुरआमा, हजुरबुबा, काकाकाकी सबै सँगै बस्छौँ ।
सल्मा : हवस् त इद्रिस, भोलि विद्यालयमा भेटौँ है !
(दुबै आआफ्नो बाटो लाग्छन् ।)



## ५. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

टालो : टालोले भुइँ पुछ्छ ।

डालो : ------------------------------------------------------------------------

टप : ------------------------------------------------------------------------

पोखरी : ------------------------------------------------------------------------

जरा : ------------------------------------------------------------------------

बल : ------------------------------------------------------------------------

रमाइलो : ------------------------------------------------------------------------

गृहकार्य : ------------------------------------------------------------------------

लुगा : ------------------------------------------------------------------------

ठिक्क : ------------------------------------------------------------------------

लामा : ------------------------------------------------------------------------



## ६. शब्द चिन्नुहोस् र छुट्याएर लेख्नुहोस् :

(क) बुबालेमलाईकथासुनाउनुभयो ।

(ख) आमालेमिठामिठागीतगाउनुहुन्छ ।

(ग) दाजुलेगृहकार्यगर्नभाइलाईबोलाउनुभयो ।

(घ) आजहाम्रोघरमाफुपूरफुपाजुआउनुभयो ।

(ङ) हजुरआमालेकथासुनाउनुहुन्छ ।

(च) हामीसाथीसाथीमिलेरखेल्छौँ ।

(छ) गुरुलेखेलाईखेलाइसिकाउनुहुन्छ ।

**७. उदाहरणमा दिइए जस्तै वाक्य परिवर्तन गर्नुहोस् र कापीमा लेख्नुहोस् :**

| | |
|---|---|
| म दाल र भात खान्छु । | मैले दाल र भात खाएँ । |

(क) म लुगा पट्याएर दराजमा राख्छु ।

---

(ख) राजु नजानेको कुरा शिक्षकलाई सोध्छ ।

---

(ग) नम्रता धनकुटाबाट सुन्तला ल्याउँछिन् ।

---

(घ) हामी मामाघर जान्छौँ ।

---

(ङ) धनियाँ बजार जान्छिन् ।

---

(च) म बिहान सबेरै उठ्छु ।

---

(छ) उहाँ काम सकेर घर जानुहुन्छ ।

---



## ८. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### मेरो परिवार



मेरो नाम मोनिका हो । म सानो परिवारमा बस्छु । मेरो घरमा आमा, बुबा र म मात्र बस्छौँ । बुबा आमाकी म एक्ली सन्तान हुँ । आमा र बुबा दुबै अफिसमा काम गर्नुहुन्छ । उहाँहरू दुबै मिलेर घरको काम गर्नुहुन्छ । उहाँहरू बिहानदेखि बेलुकासम्म व्यस्त हुनुहुन्छ । उहाँहरू काममा खटेको देख्दा मलाई पनि काम सघाउन मन लाग्छ । मैले भान्सामा तरकारी केलाउन र पखाल्न सघाउँछु । चिया नास्ता खाएका साना साना कप र प्लेटहरू माभ्छु । म मेरा कपडा पट्याएर राख्छु । म घरका सामानहरू मिलाएर राख्छु । मेरो घरमा सानो पप्पी पनि पालेको छ । म उसलाई धेरै माया गर्छु । ऊ पनि मलाई धेरै माया गर्छ । म उसलाई खाना र पानी दिन्छु । उसले खाएका भाँडा सफा गरिदिन्छु । उसलाई एकछिन चउरमा डुलाएर ल्याउँछु । यसरी सबै काम सकेपछि साबुनपानीले मिचीमिची हात धुन्छु ।

आजभोलि त मैले आफूले गर्ने कामको सूची नै बनाएकी छु । म आफूले सक्नेजति काम आफैँ जानेर गर्छु । मेरो काम देखेर मेरा आमाबुबा मलाई स्याबासी दिनुहुन्छ । यसरी स्याबासी पाउँदा झन् मलाई धेरै काम गर्न मन पर्छ । मलाई घरका कामहरू गर्दा रमाइलो लाग्छ र आनन्द पनि आउँछ । मेरो काम गर्ने बानी देखेर आमाबुबा मसँग धेरै खुसी हुनुहुन्छ । बुबाले कथाका रमाइला किताब उपहार ल्याइदिनु हुन्छ । पहिला म मेरो गृहकार्य गर्छु र कथाका रमाइला किताबहरू पनि पढ्छु । मैले पढ्ने समयमा आमाबुबा मसँगै बस्नुहुन्छ । आमाबुबा पनि गृहकार्य गर्न सघाउनुहुन्छ । उहाँहरू मलाई पढेका कुरा सोध्नुहुन्छ । मैले नजानेका कुराहरू सिकाइ दिनुहुन्छ । मेरो पढ्ने काम सकिएपछि सबै जना सँगै बसेर रमाइला कुराकानी गर्छौं । हामी बेलुका समयमै सुत्छौँ र बिहान सबेरै उठ्छौँ ।

(क) मोनिका कस्तो परिवारमा बस्छिन ?

(ख) मोनिका भान्सामा के काम गर्छिन् ?

(ग) मोनिकाका आमाबुबाले उनलाई के काममा सघाउनुहुन्छ ?

(घ) मोनिकाको बानी तपाईँलाई कस्तो लाग्यो ?

## ९. वाक्य बनाएर कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| आमा | | सहयोग गर्नुहुन्छ । |
| बुबा | | माया गर्नुहुन्छ । |
| काका | तिमीलाई | मिठाई दिनुहुन्छ । |
| फुपू | मलाई | घुमाउन लैजानुहुन्छ । |
| काका | उसलाई | पढाउनुहुन्छ । |
| फुपू | | कथा सुनाउनुहुन्छ । |



## १०. छिटो छिटो पढ्नुहोस् :

| | | |
|---|---|---|
| खर घर | छुरा झुरा | फल भल |
| गरी घरी | ठाडे ढाडे | थाक धाक |
| जार झार | दन्न धन्न | बरबर भरभर |

## ११. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) लोखर्के सहर ____________ । (गयो, खायो)

(ख) न्याउरीले चङ्गा ____________ । (उडायो, करायो)

(ग) छेपारो किराफट्याङ्ग्रा ____________ । (जान्छ, खान्छ)

(घ) आमा बिरुवा ____________ । (सुत्नुहुन्छ, रोप्नुहुन्छ)

(ङ) बुबा बिरुवामा पानी ____________ । (हाल्नुहुन्छ, झिक्नुहुन्छ)



## १२. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| डालो | एक प्रकारको तरकारी |
| दह | कपडाको सानो टुक्रो |
| फर्सी | चोयाले बुनेको फराकिलो मुख र साघुरो पिँध भएको अन्नपात राख्ने भाँडो |
| टालो | पानी जमेको ठाउँ |
| जाँतो | भोलिको भोलि |
| पर्सि | अन्न, दाल पिस्ने ढुङ्गाको गोलो साधन |
| काम्लो | हलोको समाउने काठ |
| अनौ | हलोको टुप्पामा राखिने फलामको लाम्चो पातो |
| फाली | उनबाट बनाइएको ओछ्याउने वा ओड्ने बाक्लो साधन |



# पाठ पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## डालामा फर्सी



बलबहादुर गाउँका नामी किसान हुन् । उनी विभिन्न थरीका तरकारी फलाउँछन् । उनी टारबारी र खेतका गरामा हरिया तरकारी रोप्छन् । बलबहादुर बारीमा ड्याङ बनाउँछन् । उनी नजिकको दहबाट पानी ल्याएर हाल्छन् । उनको पलपलको मिहिनेतले उनलाई खुसी तुल्याउँछ ।

बलबहादुरका बारीमा एकपल्ट अनौठो फर्सी फल्यो । त्यो फर्सी हेर्दा डालो जस्तो देखिन्थ्यो । फर्सी हेर्न तलमाथिका मानिसहरू जम्मा भए । "यस्तो अनौठो फर्सी कसरी फल्यो ?" सबैले कल्पना गर्न थाले । कसैले यसको बिउ फरक हुनुपर्छ भने । थलबहादुरले भने, "उनी कपमा केही घोलेर फर्सीका फेदमा हाल्थे । टालामा बाँधेको धुलो पनि जरामा हाल्थे । उनी चराले जरा खान्छ कि भनेर हेरिरहन्थे । नयाँ मल नै हाल्नुपर्ने त होइन होला नि ?" तर धेरैले सही अनुमान गर्न सकेनन् । अन्त्यमा सबैले यस्तो फर्सी फलाउने जुक्ति बताउन बलबहादुरलाई कर गरे ।

सबैको अनुरोधपछि बलबहादुरले सबैतिर फर्केर भने, "यसपालि मलाई नौलो फर्सी फलाउन मन लाग्यो । मैले फर्सीको चिचिलालाई घैँटामा राखेर घैँटो जस्तो फलाएँ । हाँडीमा राखेर त्यस्तै आकारको फर्सी फलाएँ । यो चाहिँ चिचिलैमा डालामा राखेर फलाएको फर्सी हो । डालो जस्तै पो फल्यो ! अब पर्सि हुने प्रदर्शनीमा यही फर्सी लिएर जाने विचार छ ।" उनको कुरा सुनेर सबै जना छक्क परे । उनीहरू सोच्न थाले, 'यो फर्सीको तरकारी कति मिठो होला !'

(क) बलबहादुरका बारीमा के फल्यो ?

---------------------------------------------------------------------------------------------------

(ख) तलमाथिका मानिस किन जम्मा भए ?

---------------------------------------------------------------------------------------------------

(ग) डालो जस्तो फर्सी कसरी फल्यो ?

---------------------------------------------------------------------------------------------------



## ११. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### पुस्तक नै राम्रो



सुमन र दिया बसिरहेका थिए । त्यहाँ पवन पनि सुटुक्क आयो । सुमन र दियाले पवनलाई पुलुक्क हेरे । पवन पनि त्यहीँ टुसुक्क बस्यो । तीन भाइबहिनीले एकैछिन गुनगुन गरे । केहीबेरमा उनीहरू जुरुक्क उठे । आमाबुबालाई पनि खुरुखुरु काम सघाए । सुमनले खाजाको पैसा बचाएर खुसुक्क खुत्रुकेमा राख्यो । दियाले चुलबुल गर्दै पैसाको पोको झोलामा लुकाई । पवनले टुलुटुलु हेर्‍यो । ला ! उसले त खाजाको पैसा जोगाउन भुसुक्कै बिर्सिएछ । ऊ खुरुखुरु घरतिर लाग्यो । बुबासँग पैसा मागी खल्तीमा राख्यो । केही दिनपछि आमाको जन्मदिन आयो । सुमनले खुत्रुकेको पैसा झिकी घडी किन्यो । दियाले झोलाबाट पैसा झिकी । पुस्तक किनी । पवनले खल्तीको पैसाले मिठाई किन्यो । सबैले आफूले किनेका सामान दिँदै भने, “हाम्री प्यारी आमालाई जन्मदिनको शुभकामना !”

बुबाले जन्मदिनको पूजा गरिरहनुभएको थियो । छोराछोरी उपहार लिएर उभिएका थिए । “यीमध्ये कुन उपहार बढी मन पर्‍यो आमा ?” कान्छो भाइ पवनले उत्सुक भएर सोध्यो । “सबै उपहार उत्तिकै राम्रा छन् बाबु ! आफ्ना छोराछोरीले धेरै माया गरेर ल्याएका पनि नराम्रा हुन्छन् र !” आमाले भन्नुभयो । “होइन तपाईँलाई सबैभन्दा बढी मन पर्ने कुन हो ?” दाजु सुमनले सोध्यो ।

१.  लय मिलाएर गाउनुहोस् :

## मेरो खाजा

आइतवार आलुचिउरा खाजा खाने हो
सोमवार भुटीभात बोकी जाने हो
मङ्गलवार मकैमही खान पाइयोस्
बुधवार भटमास लान पाइयोस् ।

बिहीवार बिस्कुट खान्नँ रोटी खान्छु म
शुक्रवार हलुवा र खिर लान्छु म
शनिवार घरमा सबै बस्न पाइन्छ
मन लागेको परिकार खाजा खाइन्छ ।



बिहान उठ्ने नुहाउने सफा हुने हो
बेला बेला मिचीमिची हात धुने हो
सफा नाना सफा खाना सफा घर होस्
रोगव्याधी सधैँभरि पर पर होस् ।

२. चित्रमा सानी के के गर्दैछिन्, भन्नुहोस् :



## ३. पढ्नुहोस् र तलका शब्द र अर्थको जोडा मिलाउनुहोस् :



जङ्गलको छेउमा बाग थियो । बागमा फूल फुलेका थिए । बागमा बाघ पनि डुल्थ्यो । बाघ खालि सबैलाई तर्साइरहन्थ्यो । बाघ बाहिर निस्कँदा गुफा खाली हुन्थ्यो । गुफाबाट बाहिर निस्केर बाघ करायो । बाघ कराएको सुनेर खरायो डरायो । एकछिनमा खरायो हरायो । बागमा बसेका चराचुरुङ्गी पनि उडे । बाघ त खरायो खोज्दै बागमै आएछ । खरायो दौडेर पाटीमा पुग्यो । पाटीमा पाठी पनि थियो । पाठीले म्याँम्याँ गरी बाच्छीलाई बोलायो । बाच्छीले बाँबाँ गरी गाई र गोरुलाई बोलायो । गाई र गोरु पनि कराए । सबै कराएको सुनी गाउँले जम्मा भए । उनीहरूले बाघलाई गुफातिर लखेटे ।

| शब्द | अर्थ |
|---|---|
| बाग | बिरालो जातको जङ्गली जनावर |
| बाघ | फूलबारी |
| पाटी | केही नभएको |
| पाठी | पटक पटक |
| खालि | बटुवालाई थकाइ मार्न बनाएको घर |
| खाली | बाखाको पोथी सन्तान |





५. तलको शुभकामना पत्र पढ्नुहोस् । त्यसै गरी कुनै चाडपर्व वा विशेष कार्यमा आफ्नो विद्यालयले दिने शुभकामना पत्र तयार पार्नुहोस् :

साकेला पर्वको अवसरमा सम्पूर्ण महानुभावमा सुख, शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छौं ।

**सन्तकुमार वान्तवा**

प्रधानाध्यापक

तथा

राष्ट्रिय माध्यमिक विद्यालय परिवार



## ६. पालैपालो पढ्नुहोस् र उत्तर दिनुहोस् :



धनियाँ : नमस्कार !

डाक्टर : नमस्कार, के भयो तिमीलाई ?

धनियाँ : दाँत दुख्यो ।

डाक्टर : दाँत माझ्ने गरेकी छैनौ र ?

धनियाँ : होइन, बिहान बेलुकी नै दाँत माझ्छु । मेरा दाँत सफा छैनन् र ?

डाक्टर : आँ ... गर त । म तिम्रो दाँत हेर्छु ।

धनियाँ : आँ ... ।

डाक्टर : ल हेर, चकलेट पो खान्छ्यौ कि क्या हो ?

धनियाँ : चकलेट मिठो लाग्छ । त्यसैले म त खान्छु ।

डाक्टर : चकलेट धेरै खानुहुँदैन । चकलेट खाएपछि, खाना खाएपछि र सुत्नुअगि दाँत माझ्है ।

धनियाँ : हवस्, अबदेखि त्यसै गर्छु, धन्यवाद ।

डाक्टर : नानी त कति असल । नानीलाई पनि धन्यवाद ।

**(क) पाठबाट उल्टो अर्थ दिने शब्द पत्ता लगाई लेख्नुहोस् :**

(अ) थोरै ---------------------------------- (आ) फोहोर ----------------------------------

(इ) बेलुकी ---------------------------------- (ई) अगि ----------------------------------

(उ) नमिठो ---------------------------------- (ऊ) खराब ----------------------------------

**(ख) हामीले खाना खाइसकेपछि के गर्नुपर्छ, कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।**

७. दुईओटा अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सार | एउटा दिशा |
| | जवाफ |
| उत्तर | सार्ने काम |
| | निचोड |
| पत्र | एक जातको रुख |
| | वर्ष |
| साल | चिठी |
| | पात |
| नाग | हार्ने काम |
| | माला |
| हार | सर्पको एक जात |
| | नाग्ने काम गर्नु |



## ८. उपयुक्त चिह्न लेखेर वाक्य पूरा गर्नुहोस् :

(क) रमा .................. सुम्निमा र पासाङ घुम्न गए । (, । ? )

(ख) तिमी कति कक्षामा पढ्छौ .................. (। ! ? )

(ग) ओहो .................. कति राम्रो चित्र रहेछ .................. (? । ! )

(घ) म फूल रोप्छु .................. (। , ? )

(ङ) छ्या .................. कस्तो फोहोर ठाउँ रहेछ ? (।, !, ?)

(च) तपाईंको कक्षामा कति जना विद्यार्थी छन् .................. (।, !, ?)

(छ) खान खानुभन्दा पहिले हात धुनुपर्छ .................. (।, !, ?)

(ज) ऐया .................. काँडाले घोच्यो (।, !, ?)

९. पाठ पढी हर्षमानका ठाउँमा तपाईं हुनुभएको भए के गर्नुहुन्थ्यो, साथीसँग कुराकानी गरी उपाय पत्ता लगाउनुहोस् :



हर्षमान किसान हुन् । उनको खेत गहिरो ठाउँमा छ । उनको खेतलाई गैरीखेत भनिन्छ । खेतको वरपर ठुला साना रुखहरू छन् । खेतको सिरानमा पानीको मुहान छ । उनको खेतमा बाह्रै महिना पानी लाग्छ । उनी दिनहुँजसो खेतीपातीमा व्यस्त हुन्छन् । उनी मौसमअनुसार धान, मकै, गहुँ, आलु, तोरी लगाउँछन् । उनले लगाएको बाली सधैँ हरियो र राम्रो देखिन्छ । उनी असारमा र चैतमा दुई पटक धान रोप्छन् । हिउँदमा गहुँ, तोरी र आलु खेती गर्छन् । उनको खेतमा धेरै उब्जनी हुन्छ । उनले लगाएको बाली घरसम्म पुर्‍याउनका लागि मोटरबाटो छैन । त्यसैले उनी अब आफ्नो खेतसम्म मोटरबाटो लाने योजनामा छन् । उनले यो कुरा आफ्ना गाउँलेलाई सुनाए । गाउँलेले भने, “मोटरबाटो खन्दा बाटामा पर्ने रुखहरू काट्नुपर्छ । रुख काट्दा पानीका मुहान सुक्न सक्छन् । पानीको मुहान सुके खेतमा पानी लाग्दैन । खेतमा पहिले जस्तो बाली राम्रो हुँदैन” भन्ने उनलाई लाग्यो । “उसोभए मोटरबाटोको के काम ? अब म के गरुँ होला” हर्षमानले सोचे ।

## १०. छिटो छिटो पढ्नुहोस् :




## ११. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| फुल | फूल | सरल | तरल | अग्लो |
| आग्लो | तिन | तीन | काट | कात |
| खालि | खाली | | | |



१२. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## असल मित्र



तलाउभित्र सातओटा भ्यागुता बस्थे । उनीहरू एकअर्कालाई माया गर्थे । तलाउ वरपर लहरा फैलिएका थिए । लहरा माला जस्तै देखिन्थे । ती भ्यागुता खुसी थिए । गर्मी सुरु भएपछि तलाउको पानी सुक्न थाल्यो । सबै भ्यागुता पानी भएको तलाउको खोजीमा हिँडे । हिँड्दाहिँड्दै तिनीहरूले एउटा इनार भेटे । तिनीहरूले इनारको छेउमा बसेर इनारभित्र हेरे । इनार गहिरो भएकाले प्रशस्त पानी थियो । एउटा भ्यागुताले भन्यो, "मित्र ! इनारभित्र जाने होइन ? हामी फाल हालौँ ।" "म खाना खोज्छु । तिमीहरू चेपागाँडाको हेरचाह गर ।" अर्को भ्यागुताले भन्यो ।

अर्को भ्यागुतो बुद्धिमान् थियो । उसले भन्यो, "त्यसरी हतारिनु हुँदैन, मित्र ! हामी बसेको तलाउ सुकेर त्यसलाई छोड्नुपर्‍यो । इनारमा फाल हाल्नुभन्दा पहिले सोचौँ । पहिलेको तलाउ जस्तै यो इनार पनि सुक्न सक्छ । त्यसबेला हामी कसरी बाहिर निस्कन सक्छौँ ?" अरूसँग यसको जवाफ थिएन । उसको विचार सबैलाई मन पर्‍यो ।

(क) तलाउ वरपर के फैलिएका थिए ?

(ख) भ्यागुताहरूले कसरी इनारभित्र जाने कुरा सोचे ?

(ग) भ्यागुताहरू किन तलाउको खोजीमा निस्के ?

१३. 'हर' शब्दको सुरुमा स, ल, ब, ठ, न, र वर्ण थप्दा कुन कुन शब्द बन्छन्, लेख्नुहोस् र भन्नुहोस् :

सहर ---------------------------- ----------------------------

---------------------------- ---------------------------- ----------------------------

---------------------------- ---------------------------- ----------------------------

---------------------------- ---------------------------- ----------------------------

---------------------------- ---------------------------- ----------------------------

१४. सुनेर कापीमा लेख्नुहोस् :





## १५. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### बाठो बाँदर



एउटा गाउँमा दुइटा बिराला बस्थे । ती दुईबिच साह्रै राम्रो मित्रता थियो । जे खानेकुरा पाए पनि बाँडेर खान्थे । एक दिन तिनीहरू घरबाहिर खेल्दै थिए । खेल्दाखेल्दै भोकाए । तिनीहरू खानेकुरा खोज्न उँधोतिर गए । केही नपाएपछि बिरालाहरू उँभोतिर लागे । अलि पर एउटा ठुलो घर देखेर त्यतैतिर गए । उनीहरू घरभित्र पुगे । एउटा बिरालाले तखतामा एउटा रोटी देख्यो । त्यो रोटी आफूले मात्रै खान थाल्यो । अर्को बिरालाले त्यो हेरिरहेको थियो । उसले भयो, "एक्लै खान्छौ, साथी ?"

त्यस बिरालाले रोटीलाई दुई टुक्रा पाऱ्यो । सानो टुक्रा साथीलाई दियो । आफूले ठुलो टुक्रा लियो । अर्को बिरालाले भन्यो, "आफूलाई बढी रोटी राखेर मलाई कम दियौ । यो त सरासर धोका भयो ।" यत्तिकैमा दुबै बिरालाबिच झगडा सुरु भयो । झगडा बढ्दै जाँदा वरपरका जनावरहरू जम्मा भए । त्यहाँ एउटा बाँदर पनि आयो । बाँदर निकै बाठो थियो । दुबै बिरालाले झगडा गरेको देखेर बाँदरले भन्यो, "तिमीहरू किन झगडा गर्दै छौ ? तिमीहरू त कस्ता दानव जस्ता रहेछौ । यसरी चिथोराचिथोर गर्छन् त ?"

बाँदरले जुक्ति लगायो । उसले भन्यो, "मसँग एउटा तराजु छ । त्यसले रोटीका टुक्रा तौलेर बराबर बाँडिदिन्छु, मान्छौ ?" बाँदरका कुरामा दुबै बिराला सहमत भए । बाँदरले रोटीका टुक्रा तराजुको दुबै पट्टि राखेर तौलियो । एकापट्टिको टुक्रा अलि बढी भयो । त्यसबाट अलिकति टुक्रा भाँचेर आफूले खायो । बाँदरले रोटी फेरि तौलियो । यस पटक अर्कोपट्टिको टुक्रा बढी भयो । त्यसबाट पनि अलिकति भाँचेर खायो । त्यसै गरी पालैपालो रोटीको टुक्रा तौलदै भाँच्दै खाँदै गयो । बिरालाहरू हेरेको हेऱ्यै भए । अब रोटीका साना साना टुक्रा मात्रै बाँकी थिए । त्यो पनि सकिने देखेर बिरालाले बाँदरलाई भने, "बाँदर दाइ ! हामी मिलेर रोटी खान्छौँ । तपाईँले जोख्न छोडिदिनुहोस् ।" "हुन्छ, तर मैले अहिलेसम्म गरेको मिहिनेतको ज्याला त पाउनुपऱ्यो नि !" बाँदरले भन्यो । बाठो बाँदरले बाँकी रहेका रोटीका दुबै टुक्रा मुखमा हालेर हिँड्यो । दुबै बिराला जिल्ल परे ।

(क) बिरालाको झगडा देखेर को को जम्मा भए ?

---------------------------------------------------------------

(ख) बाँदरले कसरी रोटी तौलियो ?

---------------------------------------------------------------

(ग) बिरालाले किन झगडा गरेका थिए ?

---------------------------------------------------------------



## १६. खाली ठाउँ भरेर तलको संवाद पूरा गर्नुहोस् :

रामरिझन : तपाईँको नाम के हो ?

चित्रलेखा : ------------------------------------------------------------

रामरिझन: ------------------------------------------------------------

चित्रलेखा : मेरो घर सप्तरीमा छ ।

रामरिझन: तपाईँको घरमा को को हुनुहुन्छ ?

चित्रलेखा : ------------------------------------------------------------

रामरिझन: तपाईँ कहाँ पढ्नुहुन्छ ?

चित्रलेखा : ------------------------------------------------------------

रामरिझन: ------------------------------------------------------------

चित्रलेखा : म कक्षा तीनमा पढ्छु ।

रामरिझन: तपाईँले बिहानदेखि बेलुकासम्म के के काम गर्नुहुन्छ ?

चित्रलेखा : म ६ बजे उठ्छु । हातमुख धुन्छु । पाठ पढ्छु । ९ बजे खाना खान्छु र विद्यालय जान्छु । कक्षाकार्य गर्छु । ४ बजे घर फर्कन्छु । आमालाई काममा सघाउँछु । गृहकार्य गरेर खाना खान्छु । ९ बजे सुत्छु ।

रामरिझन: तपाईँ धेरै मिहिनेती हुनुहुँदोरहेछ । म पनि अब तपाईँ जस्तै गर्छु ।

चित्रलेखा : -------------------------------------------------------

रामरिझन: तपाईँको बानी राम्रो लाग्यो । तपाईँलाई धेरै धन्यवाद ।.

## १. लय मिलाएर गाउनुहोस् :

### गरिदेऊ निसाफ !



मानिस जाति अति नै जाती जाँगर छ साथमा
जुन छ अल्छी जूनमा बल्छी खेल्दछ रातमा
घामको ताप सहेर पनि रमाउँछ खेतमा
घोडाको टाप भएछन् खुट्टा ठेला छन् हातमा ।

फूलको थुँगा भएर बिहान खुसीले हाँस्दछ
फुल झैँ फुट्दै बनेर चल्ला जीवन बाँच्दछ
फोहोर दिसा देखेर सीता अति नै घिनाइन्
पूर्वको दिशा भातका सिता टिपेर हटाइन् ।

खलामा दाइँ गर्दै छन् दाइ म जान्छु खेल्नलाई
हामी छौँ वारि बारी छ पारि गाह्रो छ भेट्नलाई
तिनले तीन रुपियाँ तिरी किनेछन् किताब
बास र बाँस फरक के छ गरिदेऊ निसाफ !

२. चित्रमा के गरिरहेका होलान्, अनुमान गर्नुहोस् :



## ५. पालैपालो पढ्नुहोस् र तपाईं पनि आफ्नो दैनिकी कापीमा लेख्नुहोस् :



गुरुमा : नानीबाबुहरू हो ! आज म तपाईंहरूलाई केही सोध्छु, नढाँटी भन्नुहोस् ल !

विद्यार्थीहरू : हुन्छ गुरुमा !

गुरुमा : म आज पेम्बाको घरमा हुने दैनिक कामका बारेमा सोध्छु है ?

पेम्बा : हुन्छ गुरुमा ! सोध्नुहोस् न ।

गुरुमा : तिम्रा आमाबुबा के के काम गर्नुहुन्छ ?

पेम्बा : मेरो बुबा वकिल हुनुहुन्छ । मेरी आमा विद्यालयमा पढाउनुहुन्छ गुरुमा !

गुरुमा : घरमा कसकसले के के काम गर्नुहुन्छ नि ?

पेम्बा : हामी सबै जना बिहान पाँच बजे उठ्छौँ । बुबाले चिया पकाउनुहुन्छ । आमाले घर सफा गर्नुहुन्छ । हामी नुहाएर पढ्न बस्छौँ । आमा खाना पकाउन थाल्नुहुन्छ । बुबा तरकारी काट्नुहुन्छ । उहाँहरू बिहान बेलुका पालैपालो खाना बनाउनुहुन्छ । हामी सबै मिलेर खाना खान्छौँ । मिलेर भाँडा माझ्छौँ अनि आआफ्ना कामतिर लाग्छौँ ।

गुरुमा : आहा ! कति राम्रो परिवार । कति राम्रो दैनिकी । तपाईंहरूलाई कस्तो लाग्यो ?

विद्यार्थीहरू : राम्रो लाग्यो गुरुमा !

गुरुमा : अब भोलि रतियाको पालो है त !

रतिया : हुन्छ, गुरुमा !

## ५. मिल्ने क्रियापदसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| पल्याकपुलुक | गल्नु |
| सल्याकसुलुक | पर्नु |
| फत्याकफुतुक | हुनु |
| पिटिक्क | निल्नु |
| चिटिक्क | हेर्नु |
| किटिक्क | काम्नु |
| घुटुक्क | बज्नु |
| टिनटिन | भाँचिनु |
| थरथर | टोक्नु |





७. तलको चिठी पढ्नुहोस् र सही उत्तरमा ठिक (√) चिनो लगाउनुहोस् :

जुम्ला
मिति : २०७८ असार १

आदरणीय आमाबुबा

सादर नमस्कार ।

म पाँच दिनदेखि जुम्लामा छु । हिजो काकीले मलाई चन्दननाथ मन्दिर घुमाउन लैजानुभयो । आज हामी सिँजा उपत्यका घुम्न जाने छौँ । जुम्लामा स्याउ खेती गरिँदोरहेछ । त्यसैले मैले धेरै स्याउ खान पाएको छु । जुम्ला उपत्यका निकै रमाइलो रहेछ । धान फल्ने संसारभरकै अग्लो ठाउँ पनि यही रहेछ । यहाँको मार्सी चामलको भात मलाई मिठो लाग्यो । यहाँको हावापानी पनि राम्रो छ । म अझै एक महिना यहाँ बसेर फर्कने छु । हजुरहरूलाई छिट्टै भेट्ने प्रतीक्षासहित पत्रबाट बिदा चाहन्छु ।

हजुरहरूकी प्यारी छोरी
प्रज्ञा





(क) चिठी लेख्ने बेलासम्म प्रज्ञा कति दिन जुम्लामा बसेकी रहिछन् ?

(अ) पाँच दिन ☐ (आ) छ दिन ☐

(इ) सात दिन ☐ (ई) आठ दिन ☐

(ख) प्रज्ञा जम्मा कति दिन जुम्लामा रहनेछिन् ?

(अ) पच्चिस दिन ☐ (आ) तिस दिन ☐

(इ) पैँतिस दिन ☐ (ई) छत्तिस दिन ☐

(ग) यो चिठी कसले कसलाई लेखेको हो ?

(अ) बहिनीले दिदीलाई ☐

(आ) नातिनीले हजुरआमालाई ☐

(इ) छोरीले आमाबुबालाई ☐

(ई) दिदीले भाइलाई ☐

(घ) चिठीमा कुन चामलको भात मिठो हुन्छ भनिएको छ ?

(अ) जिरामसिनो ☐ (आ) मार्सी ☐

(इ) पोखरेली ☐ (ई) मन्सुली ☐

(ङ) जुम्लामा कुन मन्दिर रहेछ ?

(अ) पशुपतिनाथ ☐ (आ) चन्दनना ☐

(इ) हलेसी महादेव ☐ (ई) जानकी ☐




## ट. उदाहरण हेरेर दिइएका उत्तर आउने प्रश्न बनाउनुहोस् :



उदाहरण : तपाईँको नाम के हो ? मेरो नाम नरहरि हो ।

(क) ------------------------------------------------------------ मेरो घर देवघाटमा छ ।

(ख) ------------------------------------------------------------ म बिहान योग गर्छु ।

(ग) ----------------------------------------------------- हामी दिउँसो विद्यालय जान्छौँ ।

(घ) ---------------------------------------- जनकपुरमा जानकी मन्दिर छ ।

(ङ) ------------------------------------- कर्णाली नेपालको सबैभन्दा लामो नदी हो ।

## ९. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### अंश



जुद्ध र युद्धसँग विक्रम बजार गए । उनीहरूले पसलेसँग एक किलोग्राम सुन्तलाको मूल्य सोधे । उनीहरूले सुन्तला जोखेर लिए । घरमा आएर सुन्तला गने । त्यहाँ जम्मा दशओटा सुन्तला रहेछन् । गणितमा कसरी भन्ने होला ? विक्रमले विचार गरे । दशओटा सुन्तलाको १० भागमध्ये १ भाग भनेको १ दाना सुन्तला हो । त्यसैले १ दाना सुन्तला दशको एक भाग भयो । विक्रमले १० कोठाको स्तम्भ पनि बनाएर हेरे । एक कोठामा छाया पारे । विक्रमले दशको एक भाग आफैँले पत्ता लगाए । यो कुरा जुद्ध र युद्धलाई बताए । उनीहरूले भक्ति र शक्तिलाई भागका बारेमा बुझाए । अर्को सुन्तला छोडाएर देखाए । विक्रमको हिसाब सिक्ने तरिका सबैलाई मन पऱ्यो । उनीहरू बाँसघारीका छेउमा बसेका हाँस गन्न थाले । त्यसबाट जोडघटाउ सिके । यो कुरा गणित शिक्षकलाई सुनाए । शिक्षकले भन्नुभयो, "धन्यवाद ! यस्तो तरिका साथीलाई पनि सिकाऊ है ।" सबै खुसी भए ।

(क) जुद्ध, युद्ध र विक्रमले के किने ?

(ख) विक्रमले कसरी भागको हिसाब सिके ?

(ग) शिक्षकको कुरा सुनेर सबै किन खुसी भए ?

## १०. दुईओटा शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :

जस्तै : जुरुक्क उठ्नु : भाइ जुरुक्क उठ्यो ।

बुरुक्क उफ्रनु : ..........................................................................................

टुसुक्क बस्नुः ..........................................................................................

भुसुक्क बिर्सनु : ..........................................................................................

पुर्लुक्क पल्टनु : ..........................................................................................

भुसुक्क निदाउनु : ..........................................................................................

जुरुक्क उठ्नु : ..........................................................................................

टिङटिङ बज्नु : ..........................................................................................

## ४. चित्रका बारेमा एक एक वाक्य कापीमा लेखेर शिक्षकलाई देखाउनुहोस् ।







## ११. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### विद्यार्थी र बटुवा



चुलबुले ईसा र पवन विद्यालयबाट घर फर्कँदै थिए । उनीहरू पल्याकपुलुक हेर्दै चौतारामा बसेका थिए । उनीहरूले चुलबुल गर्दै खेलेको 'रेलगाडी छुकछुक' भन्ने खेलबारे कुराकानी गर्दै थिए । त्यही बेलामा डोको बोकेर एक जना बटुवा त्यहाँ आइपुगे । उनी थाकेर लत्याकलुतुक परेका थिए । उनले हतार हतार धारो खोले । उनले पानी घटघट पिए । धारो बन्द नगरी उनी चौताराको एकछेउमा बसे । त्यो देखेर ईशाले भनिन्, "काका तपाईँले धारो बन्द गर्न बिर्सनुभएछ ।" ईसाको कुरा सुनेर बटुवाले भने, "यो बाटाको धारो हो । किन बन्द गर्नुपर्‍यो ।" पवनले भने "त्यो धाराका छेउमा पानी ट्याङ्की छ । यहाँ पानी खोलेपछि तल्लो गाउँका धारामा पानी आउँदैन ।" "तल बरबोटेमा धानको बिउ राख्दै छन् । यहाँकै पानीले बिउ राख्नुपर्छ । यहाँ पानी खोलेपछि बिउ राख्नै मिल्दैन ।" ईसाले भनिन् । बटुवाले भने, "ओहो ! तिमीहरू त धेरै जान्ने रहेछौ । ज्ञानी रहेछौ । कसले सिकायो हँ, तिमीहरूलाई यस्ता राम्रा कुरा ?"

ईसाले टिङटिङ घन्टी बजाइन् । ईसाले भनिन् "हामीलाई गुरुआमाले भन्नुभएको हो,

बाटो, धारो, मन्दिर र पाटीहरू सबैका हुन् । तिनलाई हामी सबैले हेरविचार गर्नुपर्छ ।" बटुवा उठेर धाराको टुटी फनक्क घुमाएर बन्द गरे । हिँडेर थाकेका बटुवा भोकाएका थिए । उनले बजारबाट मेवा किनेर ल्याएका थिए । बटुवाले त्यही मेवाले भोक मेटाउने विचार गरे । डोकाबाट मेवा झिके । मेवा त धेरै पाकेकाले फत्याकफुतुक गलेको पो रहेछ । त्यही गलेको भए पनि सल्याकसुलुक्क निले ।

त्यति नै बेला माझघरे हजुरबुबा आइपुग्नुभयो । उहाँले भन्नुभयो, "मैले तिमीहरूका सबै कुरा सुनेँ । खुसी लाग्यो । बटुवा भाइ, यी नातिनी र नातिका कुरा ठिक छैनन् त ?"

"हो बुबा, यी नानीहरूका कुरा सुनेर मलाई खुसी लाग्यो ।" बटुवाले भने । "धारो, बाटो, कुलो, विद्यालय र मन्दिर सबैका साझा हुन् । साझा कुरालाई सबैले मिलेर जतन गर्नुपर्छ ।" माझघरे हजुरबुबाले भन्नुभयो ।

"हो बुबा, हामीले यस्ता साझा सम्पत्तिलाई सबै मिलेर राम्रो बनाउनुपर्छ । तिमीहरूले राम्रो कुरा जानेका रहेछौ । अझै धेरै पढ्नु है ।" यति भनेर बटुवा बाटो लागे । "स्याबास, तिमीहरू असल छौ ।" माझघरे हजुरबुबाले भन्नुभयो । उहाँ घरतिर हिँड्नुभयो । ईसा र पवन पनि आफ्नो आफ्नो झोला बोकेर घरतिर लागे ।

(क) को चौतारामा बसे ?

------------------------------------------------------------

(ख) बटुवाले के के गरे ?

------------------------------------------------------------

(ग) हामीले साझा सम्पत्तिको किन संरक्षण गर्नुपर्छ ?

------------------------------------------------------------



## १२. शब्द चिनेर शब्दपहेली भर्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | | २ | | ३ | | ४ |
| | | | | | | |
| | | | ६ | | ७ | |
| | | ८ | | | | |
| ९ | | | | | १० | ११ |
| | | १२ | | १३ | | |
| १४ | | | | १५ | | |

### तेर्सो
१. खेती गर्ने व्यक्ति - ३
३. साधुसन्तको वासस्थान - ३
७. आमाको दाजु वा भाइ - २
८. लेख्न प्रयोग गरिने साधन - ३
९. मित्र - २
१०. मध्य भाग - २
१४. जाँच - ३
१५. आदर - ३

### ठाडो
१. विद्यार्थीले पढ्ने सामग्री - ३
२. खोलाको ठूलो रूप - २
३. जननी - २
४. महत्त्व - ३
६. नरम सेतो कपडा - ४
९. दुई पक्षको सहमति - ३
११. चलाख वा टाठोबाठो - ३
१२. जोगीलाई दिने - २
१३. दुई दशको योगफल - २

## १३. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

हरिमान आज साढे नौ बजे नै विद्यालय पुगे । १० बजे मात्र कक्षा सुरु हुन्थ्यो । उनलाई पुस्तकालय जान मन लाग्यो । एउटा पुस्तक पनि पढ्नु थियो । उनी पुस्तकालय पुगे तर ढोकामा ताल्चा लगाइएको थियो । उनी सहयोगी दाइको कोठामा पुगे । सहयोगी दाइ पानी लिन जानुभएछ । हरिमान धारामा पुगे । सहयोगी दाइ त्यहाँ पनि हुनुहुन्नथ्यो । उनी हस्याङफस्याङ गर्दै फेरि पुस्तकालयमा पुगे । पुस्तकालय त खुलिसकेछ । त्यहाँ अरू पनि साथी रहेछन् । हरिमान खुसी हुँदै पढ्न थाले ।

## १४. मिल्ने शब्द लेखेर कविता पूरा गर्नुहोस् :

कति ------------------- सीता (जाति, जाती, पाथी)

---------------------------- जस्ती नीता (जून, बुन, कुन)

----------------------------- हाँस (आँटमा, बाँसघारीमा, आँतमा)

फूलको ------------ गाँस । (छाला, चाला, माला)

५ख

कुखुराको ---------------- (अन्डा, तन्दा, फन्दा)

बारीमा छ ---------------------- (भन्दा, बन्दा, चन्दा)

--------------- को झोल (तरकारी, सरकारी, इमानदारी)

कति दिन्छौ -------------------------- ? (मोल, पोल, खोल)





## २. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

घरछेउमा सानो नदी थियो । नदीको किनारमा काँसघारी थियो । काँसघारीको छेउमा सानो तलाउ थियो । तलाउमा हाँस पौडन जान्थे । एक दिनको कुरा हो, हाँसले तलाउ किनारको काँसघारीमा अन्डा पाऱ्यो । काँसघारीमा पारेको अन्डा हराउला भन्ने हाँसलाई डर थियो । चुलबुले छाउरो पोखरीको छेउमा आयो । उसले यताउता पल्याकपुलुक हेऱ्यो । काँसघारीमा भएको अन्डा लग्यो । हाँस खिन्न भयो । हाँस पनि बाठो थियो । ऊ अर्को बाटो हुँदै छाउरोकहाँ सुटुक्क गयो । छाउराले डिच्च गरेर हाँसलाई अन्डा फर्कायो । आफ्नो अन्डा पाउँदा हाँस खुसी भयो ।

**(ख) वाक्यमा प्रयोग गर्नुहोस् :**

आँट : ------------------------------------------------------------------------------------------------

नाग : ------------------------------------------------------------------------------------------------

थाल : ------------------------------------------------------------------------------------------------

**(ग) उस्तै सुनिने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| आमा | हंश |
| जुद्ध | कर्म |
| धर्म | मामा |
| अंश | युद्ध |

**(घ) मिल्ने चिह्न भर्नुहोस् :**

? , ।

(अ) आमा .......... मामा र हजुरबुबा गोठमा जानुभयो ।

(आ) मामाले गोठमा के गर्नुभयो ...............

(इ) दिदीले गाईबाच्छा सार्नुभयो .................



**(ङ) स्त्रीलिङ्ग जनाउने वाक्यमा परिवर्तन गर्नुहोस् :**

(अ) पाठो सानो छ । ...............................................

(आ) काका अग्लो हुनुहुन्छ । ...............................................

(इ) भाइले किताब पढ्यो । ...............................................

**(च) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :**

पहाडमा झरना देख्न पाइन्छ । हिमालमा हिउँ देख्न पाइन्छ । तराईमा सम्म परेका फाँट देख्न पाइन्छ । हिमालको हिउँ पग्लेर पानी बन्छ । यो खोल्साखोल्सी, झरना र खोलानाला हुँदै नदी बन्छ । झरनाको पानी झरझर गरी झर्छ । खोल्साखोल्सीमा पानी कलकल गर्छ । नदीमा पानी सलल गरी बग्छ । तराईको फाँटमा धान, गहुँ र मकै फल्छन् । मानिसले नदीको पानी खेतबारीमा लगाउँछन् । पानीले गर्दा धेरै उब्जाउ हुन्छ । त्यसैले गाउँसहरका मानिस तराईको अन्न किन्छन् । तराईमा धेरै प्रकारका अन्न फल्छन् ।

(अ) हिमाल, पहाड र तराईमा के के देख्न पाइन्छ ?

----------------------------------------------------------------------------------------

(आ) तराईमा के के फल्दो रहेछ ?

----------------------------------------------------------------------------------------

(इ) पानी मानिसका लागि किन महत्त्वपूर्ण छ ?

----------------------------------------------------------------------------------------

(ई) झरनाको पानी कसरी झर्छ ?

----------------------------------------------------------------------------------------

**(छ) वाक्यलाई मिलाएर लेख्नुहोस् :**

मामा अफिस गयो । उसले अफिसमा टेलिफोनमा कुरा गर्नुभयो । उहाँले इमेल हेर्‍यो । मामाले माइजूलाई बोलायो । बेलुका मामामाइजू दुबै घर आए ।

----------------------------------------------------------------------------------------

----------------------------------------------------------------------------------------

**शिक्षकको हस्ताक्षर :** ..............  **अभिभावकको हस्ताक्षर :** ..............

१. लय मिलाएर गाउनुहोस् :

## बिरुवा रोप्ने मान्छे



थैलाभरि बिरुवा बारीभरि उत्तिस
आऊ गनौँ साथी हो हुन्छ हुन्न बत्तिस
पाटाभरि फुलेको छ सूर्यमुखी फूल
निमोठेर भाँच्नुहुन्न गर्नुहुन्न भुल ।

केटाकेटी फलफूल रोप्छन् छिटो छिटो
छिटै बढ्ने छिटै फल्ने स्वाद कति मिठो
नाङ्गा पाखा देखेर म कैले जिल्ल पर्छु
मेरा पाखा पखेरालाई बिरुवाले भर्छु ।

वरिपरि हरियो छ हावा मिठो चल्छ
जे जे रोप्छौँ तिमी हामी त्यही त्यही फल्छ
सफा सुग्घर देखिने ठाउँ कति राम्रो
मिलिजुली बसेको छ समुदाय हाम्रो ।



## २. वर्ण छुट्याएर लेख्नुहोस् :

- टुक्रा → टु, क्रा
- पसल → ☐ ☐ ☐
- तराजु → ☐ ☐ ☐
- स्वस्थ → ☐ ☐
- किलोग्राम → ☐ ☐ ☐ ☐
- साटासाट → ☐ ☐ ☐ ☐

## ३. चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) यो कहाँको चित्र होला ?

(ख) चित्रमा भएका मानिसले के के गर्दै छन् ?

(ग) तिनीहरू को को होलान् ?

(घ) चित्रमा भएको चराको नाम के हो ?

(ङ) घरको छानो केले छाएको छ ?

४. पालैपालो पढ्नुहोस् :

## हामी सबै नेपाली

रामावतार : निमा तिम्रो घर कहाँ हो ?

निमा : मेरो घर त सोलुको स्याङ्बोचेमा हो । यो नाम्चेभन्दा पनि माथि पर्छ ।

रामावतार : निमा, तिमी किन इलाममा आएकी त ?

निमा : मेरा बुबा पहिले स्याङ्बोचेमा बस्नुहुन्थ्यो । उहाँ हिमाल चढ्ने मानिसलाई सहयोग गर्नुहुन्थ्यो । अहिले चाहिँ हामीले यहाँ चिया बगान सुरु गरेका छौँ ।



रामावतार : ओहो ! कस्तो रमाइलो । मेरो घर पनि इलाम कहाँ हो र ?

निमा : कहाँ हो त ?

रामावतार : मेरो घर वीरगन्जको श्रीपुरमा हो । मेरी आमा व्यापार गर्नुहुन्छ । उहाँसँगै म पनि इलाम आइपुगेको हुँ ।

निमा : क्या मज्जा ! मैले तराईको साथी भेट्ने मौका पाएँ ।

रामावतार : आहा ! झन् रमाइलो कुरा । तिमी हिमालकी मान्छे । म तराईको मान्छे हुँ । संयोगले दुबै पहाड आइपुगेका छौँ ।

निमा : हाम्रो देश नेपाल हिमाल, पहाड र तराई मिलेर बनेको छ है !

रामावतार : हो त, कति सुन्दर छ ! मलाई त हाम्रो देश नेपाल साह्रै मन पर्छ ।

निमा : भित्तामा हेर त, हिमालका नाम र चित्रको पोस्टर छ नि !

(दुबै जना भित्तातिर हेर्छन् ।)

## उदाहरणमा दिइए जस्तै शब्द परिवर्तन गरी लेख्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| अग्लो | अग्ली | अग्ला |
| मेरो | -------------------------------- | -------------------------------- |
| आफ्नो | -------------------------------- | -------------------------------- |
| सानो | -------------------------------- | -------------------------------- |
| ठुलो | -------------------------------- | -------------------------------- |

## ६. उदाहरणमा दिइए जस्तै परिवर्तन गरी लेख्नुहोस् :

| जस्तै : | खेल् | खेल्छ | खेल्यो | खेल्ने छ |
|---|---|---|---|---|
| भन् | ------------------ | ------------------ | ------------------ | ------------------ |
| कुद् | ------------------ | ------------------ | ------------------ | ------------------ |
| चर् | ------------------ | ------------------ | ------------------ | ------------------ |
| खेल् | ------------------ | ------------------ | ------------------ | ------------------ |
| पाल् | ------------------ | ------------------ | ------------------ | ------------------ |



## ७. शब्द चिनेर शब्दपहेली भर्नुहोस् :

**तेर्सो**

कथा
भेला
काशी
तमोर
मेची
पसेरी
सेती
कर्णाली

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | १ | | २ | | | ३ |
| | ११ | ४ | | | | |
| ५ | | | | १२ | ६ | |
| | | | | | | |
| | ७ | | ८ | | | ९ |
| | १३ | | | | | |
| से १४ | ती | | | १५ | | |

**ठाडो**

शीत
कर
काली
मोरङ
झापा
चीन
राप्ती
भेरी
त्रिशुली

### तेर्सो

२. कहानी विशेष - २
८. जम्मा हुने काम - २
१०. हिन्दूको प्रसिद्ध धार्मिक स्थल - २
११. कोसी नदीको सहायक नदी - ३
१२. पूर्वी सिमाना छुट्याउने नदी - २
१३. पाँच सेर बराबरको तौल - ३
१४. पोखरामा जमिनमुनि धस्सिएर बग्ने नदी - २
१५. नेपालको सबैभन्दा लामो नदी - ३

### ठाडो

१. रातको समयमा रुख, पातमा पैदा हुने ससाना पानीका थोपा - २
२. सामान किन्दा तिर्नुपर्ने सरकारी दस्तुर - २
३. मुक्तिक्षेत्रबाट वहने नदी - २
४. जुटमिल भएको जिल्ला - ३
५. सुदूरपूर्वको समथर जिल्ला - २
६. नेपालको उत्तरतर्फको छिमेकी देश - २
७. प्युठान र दाङ जिल्लाको प्रमुख नदी - ३
८. डोल्पा र रुकुम जिल्लाको मुख्य नदी - २
९. गोसाइँकुण्ड मूल भएको नदी - ३

ट. तलका शब्दलाई मिल्ने समूहमा राखेर कापीमा लेख्नुहोस् :

धान, रायो, सुन्तला, दराज, ऐना, जुनार, पालुङ्गो, जौ, तोरी, फापर, टेबल, भोगटे, मुला, चम्सुर, कोदो, मकै, गहुँ, कागती, निबुवा, सोफा, गलैँचा

| अन्न | सागपात | फलफूल | सजावट |
|---|---|---|---|
| | | | |

१०. सही चिह्न राखी वाक्य पूरा गर्नुहोस् :

। , ? !

(क) माछा कहाँ बस्छ ............

(ख) दिदी र भाइ विद्यालय गए ............

(ग) कठै ............ उमा पिँडबाट खसिन् । उनलाई के भयो होला ............

(घ) म त विद्यालय जान्छु ............

(ङ) गाई ............ भैँसी ............ भेडा र बाख्रा वनमा चर्छन् ............

## ९. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### बेल विवाह



मेरो गाउँमा नेवार समुदायको बसोबास छ । नेवार समुदायमा छोरीको रजस्वला हुनुभन्दा पहिले बेलसँग विवाह गरिदिने चलन छ । बेल विवाहलाई इही पनि भनिन्छ । मेरा थुप्रै केटी साथीको बेल विवाह भएको छ । यसमा बेललाई बेहुला र केटीलाई बेहुली मानिन्छ । बेल विवाह दुई दिनसम्म चल्छ । पहिलो दिन केटीले नुहाएर दिनभर व्रत बस्छन् । त्यस रातमा बेल, कलश, वज्र र चक्रको पूजा गर्छन् ।

बेल विवाहमा केटीलाई बेहुलीको पहिरनमा सिँगारिन्छ । उनलाई अनेक गहना र रातो टीका लगाइदिने चलन छ । भोलिपल्ट धार्मिक विधिअनुसार कन्यादान दिइन्छ । केटीका बुबाले रातो कपडा र सगुन दिएपछि विवाह सकिन्छ । यस विवाहमा पूजाका लागि बेल हुनै पर्छ । परम्पराअनुसार बेल नफुटुन्जेल विधवा नहुने विश्वास गरिन्छ ।

आज शुक्रवार हो । आज सुकुमायाको बेल विवाह हुँदै छ । सुकुमायाले कक्षा तीनका सबै साथीलाई बोलाएकी छिन् । त्यसैले अहिले नै हामीले गृहकार्य र कक्षाकार्य सकेका छौँ । हामी राती सुकमायाकै घरमा बस्छौँ । सबै साथीका परिवारसँग भेटघाट गर्छौँ । परालमाथि गुन्द्री ओछ्याउँछौँ । गीत गाउँछौँ, नाच्छौँ र रमाइलो गर्छौँ । मैले ल्होसारका दिन सबैलाई बोलाउँछु । धनियाँले छठमा बोलाउँछिन् । साउने सङ्क्रान्तिमा पुरनले बोलाउँछन् । आहा ! कति रमाइला चालचलन है हाम्रा ।

(क) इही भनेको के हो ?

(ख) बेल विवाह कसरी गरिन्छ ?

(ग) तपाईंको समुदायमा विवाह कसरी गरिन्छ, बताउनुहोस् ।



११. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कुवा | खाने इच्छा |
| समुद्र | ओझेल |
| आकाश | सागर |
| छाया | सगर |
| भोक | मानिसले बनाएको सानो जलाशय |
| टाप | जो |
| कर्म | चन्द्रमा |
| जून | काम |
| जुन | घोडाको खुरमा ठोकिएको फलाम |





## १२. खाली ठाउँमा सही शब्द लेख्नुहोस् :

(क) तपाईं ------------------------------------ ।

(आइज, आउनुहोस्)

(ख) तिमी ------------------------------------ ।

(आऊ, आइन्)

(ग) ताँ ------------------------------------ ।

(आउनुभयो, आइज)

(घ) हामी ------------------------------------ ।

(आयौँ, आएँ)

(ङ) उनी ------------------------------------ ।

(आई, आए)

(च) म ------------------------------------ ?

(आऊँ, आइज)



## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### हिमालमाथि मङ्गल



मङ्गलको घर ताप्लेजुङको फुङलिङमा छ । मङ्सिरको महिना थियो । मङ्गलले घरको पछाडिको झ्याल खोले । हिमाल झलमल हाँसिरहेको थियो । उनलाई हिमाल सुन्दर लाग्यो । त्यसैले उनलाई हिमालको नक्सा बनाउन मन लाग्यो । पहिला उनले त्रिभुज बनाए । दुई तीनओटा त्रिभुज जोडेपछि हिमालको चित्र बन्यो । अब उनलाई नजिकै गएर हिमाल हेर्न मन लाग्यो । हिमालमा पो कसरी पुग्ने ? स्कुटर चढेर कि ? मोटर चढेर वा पानीजहाज चढेर ? धत् यी तीनै कुरा चढेर हिमालमा पुग्न सकिँदैन । उनी यस्तै सोचिरहेका थिए । घरको उत्तर दिशामा रहेको चउरमा हेलिकोप्टरको आवाज आयो । उनी दौडेर त्यहाँ गए । सोनाम काका हेलिकोप्टर चलाउने पाइलट हुनुहुन्थ्यो । गाउँका अरू दुईचार जना केटाकेटी पनि त्यहाँ पुगेका थिए । सबैले काकालाई अनुरोध गर्न थाले, “काका ! हामी पनि हेलिकोप्टर चढौँ न ।”

काकाले अर्को साथीसित छलफल गर्नुभयो । उहाँले सबैलाई हेलिकोप्टरमा राखेर हिमालमाथि लैजानुभयो । काकाले सबैलाई गौरीशङ्कर, सगरमाथा र कञ्चनजङ्घा हिमाल देखाइदिनुभयो । सबैले हिमालमाथि चक्कर लगाए । क्यामेराले फोटो खिचे । केटाकेटी धेरै खुसी भए । तीन घन्टापछि काकाले फेरि केटाकेटीलाई गाउँमा ल्याएर छोडिदिनुभयो । मङ्गल दौडेर घरमा पुगे । आमाले सोध्नुभयो, “बाबु कहाँ गएको थिइस् ?” मङ्गलले खुब सानले बतायो, “उडेर हिमालमाथि ।” आमा दङ्ग पर्नुभयो ।

(क) मङ्गललाई हिमाल कस्तो लाग्यो ?

------------------------------------------------------------

(ख) केटाकेटीलाई कसले हिमाल देखाइदिनुभयो ?

------------------------------------------------------------

(ग) आमा किन दङ्ग पर्नुभयो ?

------------------------------------------------------------



१४. दिइएको निमन्त्रणा पत्र पढ्नुहोस् र अन्नप्राशनका सट्टामा विवाहको निमन्त्रणा पत्र तयार पार्नुहोस् :

श्रीमान्/श्रीमती/सुश्री...........................

## निमन्त्रणा पत्र

हाम्रा आयुष्मान् सुपुत्र रमन घिमिरेको अन्नप्राशनका अवसरमा निम्नलिखित मिति, स्थान र समयमा उपस्थित भई आशीर्वाद दिनुहुन हार्दिक अनुरोध गर्दछौँ ।

प्रार्थी
पवन घिमिरे
रमिता घिमिरे
तथा
समस्त घिमिरे परिवार

अन्नप्राशन कार्यक्रम
मिति : २०८२/१०/१२
समय : बिहान ९ बजे
स्थान : निजी निवास, सन्धिखर्क, अर्घाखाँची



## १५. खाली ठाउँमा मिल्ने वर्ण थपी शब्द लेख्नुहोस् र पढ्नुहोस् :

**दा, ख, जे, हा, ट, मे, ङ्ग, भु**

| | | | |
|---|---|---|---|
| च – उ – र → चउर | मै – ___ – न → ___ | ले – ___ – क → ___ | डि – ___ – ल → ___ |
| ति – ___ – र → ___ | ना – ___ – क → ___ | क्या – ___ – रा → ___ | म – ___ – ल → ___ |



### १६. तलका बुँदालाई मिलाएर छोटो कथा लेख्नुहोस् :

एउटा कमिलो पानी खान खोलामा .................. । पानी खाँदा चिप्लेर पानीमा .................. । पानीले कमिलालाई .................. । पानी खान भनेर त्यही खोलामा पुगेको एउटा चराले कमिलो बग्दै गरेको .................. । चराले हत्तपत्त रुखबाट पात टिपेर कमिलालाई त्यसैमा बसाएर बाहिर .................. । चराले आफ्नो ज्यान बचाइदिएकामा कमिलो खुसी .................. । केही दिनपछि कमिलो घुम्न .................. । नजिकैको रुखमा उसलाई बचाइदिने चरो बसेको .................. । सिकारी त्यही चरालाई बन्दुक .................. । कमिलाले छिटो छिटो गएर सिकारीको खुट्टामा बेसरी .................. । कमिलाको टोकाइबाट सिकारीलाई .................. । पीडाले ऊ .................. । उसको हातबाट बन्दुक भुइँमा .................. । चराले थाहा .................. । चराले त्यहाँबाट उडेर आफ्नो ज्यान .................. ।

## १. लय मिलाएर गाउनुहोस् :

### जुटौँ सबै

खाना खानु अगिपछि हात धुनुपर्छ
हत्केला र सबै औँला सफा हुनुपर्छ
हात धुन प्रयोग गरौँ साबुन र पानी
धोएपछि हात पुछ्ने झनै राम्रो बानी ।



रुगाखोकी जरो अनि रोग अनेक खाले
फोहोर भए छुन सक्छ झाडापखालाले
समयमै गर्नुपर्छ रोगको उपचार
सोच्नुपर्छ मानिसले सबको उपकार ।

सफा राखौँ घर आँगन गाउँ सहर सारा
भुल्नु हुन्न कहिले पनि आफ्नो अभिभारा
हामी मिले टर्छ पक्का रोगको महामारी
जागौँ उठौँ जुटौँ सबै हामी नरनारी ।

२. चित्रमा जस्तै तपाईंको घरबाट के के देखिन्छ, कक्षामा सुनाउनुहोस् :




४. ललन र जगत् भई साथीसँग कुराकानी गर्नुहोस् । ललन र जगत्का सट्टा विशाल तथा विमल राखी पाठ कापीमा लेख्नुहोस् :

## साइँलाबा

(ललन र जगत् कुराकानी गर्दै छन् ।)

ललन : होइन त साइँलाबा, सबै गाउँले मिलेर माइली भाउजूलाई अस्पताल नपुऱ्याएको भए त बर्बादै हुने रहेछ ।



जगत् : हो नि, धन्न ! तँ, पल्लाघरे कान्छो, ठुले सबै थियौ र मोटरबाटोसम्म डोकामा बोकेर लान सकियो ।

ललन : हो नि, हामी सबै मिलेर पल्लो डाँडासम्म बाटो आफैँले खनेर ल्याएका थियौँ र सजिलो भयो । नभए डोकामै बोकेर माइली भाउजूलाई सहरमा लानु परेको भए त बाटामै प्राण जान सक्थ्यो ।

जगत् : हो त नि ललन बाबु, अझ हाम्रा गाउँबाट विदेशमा गएकाहरूले पैसा उठाएर एउटा एम्बुलेन्स पनि किनिदिएका थिए । यसले गर्दा बिरामीलाई अस्पताल पुऱ्याउन सजिलो भएको छ ।

ललन : हो त, समुदायमा आपसमा मिलेर बस्दा दुःख सुखमा सबैलाई सजिलो हुन्छ, नि ।

जगत् : ललन बाबु अब त यसपालि पल्लो डाँडासम्म आएको मोटरबाटालाई यही गाउँसम्म जोड्नुपर्छ होला ।

ललन : ठिक भन्नुभयो साइँलाबा, अब गाउँका सबै मिलेर बाटो ल्याउनुपर्छ । बाटो खन्दा रुखबिरुवा पनि नमासिने गरी खन्नुपर्छ ।

जगत् : ए साँच्ची, गाउँपालिकाको सभा भोलि नै छ । त्यहीँ बाटो खन्ने कुरा उठाउनुपर्ला ।

ललन : हुन्छ साइँलाबा, ल भोलि त्यतै सभातिर भेटौँला । अहिले भैँसीलाई घाँसपानी दिन पनि अबेला भो ।

जगत : हुन्छ ललन बाबु, मेरो पनि काम छ । म पनि लागेँ ।

## ५. दुईओटा अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| हार | चाहना |
| | एक प्रकारको दाल |
| रहर | हार्नु |
| | भाग्य |
| | माला |
| साँचो | दुधको छाली |
| | चाबी |
| तर | तर्ने काम |
| | सत्य |
| भाग | सत्य |
| | टुक्रा |



७. उदाहरणमा दिइए जस्तै सुरुको वर्ण परिवर्तन गरी अर्को शब्द बनाउनुहोस् :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अ | ब | ना | घ | ठ | च | वि | डु | बि |

उदाहरण : ढक चक

पसल ------------------------------ ------------------------------

तराजु ------------------------------ ------------------------------

साङ्लो ------------------------------ ------------------------------

रमाइलो ------------------------------ ------------------------------

चक्कर ------------------------------ ------------------------------

पक्का ------------------------------ ------------------------------

आदेश ------------------------------ ------------------------------

ढुङ्गा ------------------------------ ------------------------------

करुवा ------------------------------ ------------------------------



## ट. खाली ठाउँमा सही शब्द भर्नुहोस् :

(क) नानी ........................................ बसिन् ।

(जुरुक्क, टुसुक्क)

(ख) बाबु ........................................ हाँसे ।

(हुरुक्क, मुसुक्क)

(ग) पाठो ........................................ उफ्रियो ।

(थचक्क, बुरुक्क)

(घ) भाइ ........................................ गयो ।

(थरथर, फटाफट)

(ङ) म ........................................ बिउँझें ।

(झल्यास्स, टुप्लुक्क)



## ९. पढेर सुनाउनुहोस् र अनुमान गर्नुहोस् :

संसारका जनावरका पुच्छर थिएनन् रे ! जनावरलाई किरा फट्याङ्ग्राले टोक्थे । जनावर तिनीहरूलाई धपाउन सक्दैनथे । त्यसैले जनावरहरू निकै चिन्तामा परे । उनीहरू ठुलो चउरमा जम्मा भए । झिँगा, लामखुट्टे र भुसुनाबाट कसरी बच्ने भनी छलफल गरे । उनीहरूले भगवान्लाई भन्ने निधो गरे । जनावर भगवान् कहाँ गए । भगवान्ले जनावरलाई भन्नुभयो, “म भोलि तिमीहरूलाई पुच्छर दिउँला । जो पहिला आउँछ, उसैले राम्रो र लामो पुच्छर पाउँछ ।”

अब भन्नुहोस्, को पहिले पुग्यो होला ? को सबैभन्दा पछि पुग्यो होला ?

१०. खाली ठाउँमा सही शब्द भर्नुहोस् :

म आएँ ।

हामी ---------------------------------------------------

तिमी ---------------------------------------------------

तपाईँ आउनुभयो ।

तँ ---------------------------------------------------

ऊ ---------------------------------------------------

उनी आए । उहाँ ---------------------------------------------------

यिनी ---------------------------------------------------

तिनी ---------------------------------------------------

ती ---------------------------------------------------

यिनीहरू ---------------------------------------------------

## ११. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### शिशिरको गाउँ



मेरो नाम शिशिर हो । मेरो गाउँ सिन्धुली जिल्लामा पर्छ । मेरो गाउँको नाम झागाझोली हो । यो गाउँ लेकको फेदीमा रहेको छ । यहाँको जमिन उबडखाबड किसिमको छ । माथितिर अग्ला पहाड छन् । तलतिर तरेली परेका साना साना खेतहरू छन् । बाटाहरू उकाला र ओराला छन् । तलतिर सुनकोसी बग्छ । माथितिर साना साना जङ्गल छन् । मेरो गाउँमा विभिन्न जातजातिका मानिस बस्छन् । कोही खेतीपाती गर्छन् । कोही जागिर खान्छन् । कोही घर बनाउँछन् । कोही बाटो खन्छन् । जस जसले जे जे गरे पनि सबै खुसी छन् । मेरो गाउँ एउटा घर जस्तै छ । मेरो समुदाय एउटा परिवार जस्तै छ ।

(क) शिशिरको गाउँ कहाँ छ ?

-----------------------------------------------------------------------------------------

(ख) शिशिरको गाउँ कस्तो छ ?

-----------------------------------------------------------------------------------------

(ग) शिशिरको गाउँमा को को के के गर्छन् ?

-----------------------------------------------------------------------------------------

(घ) शिशिरको समुदाय किन परिवार जस्तै छ ?

-----------------------------------------------------------------------------------------







## १२. तलका शब्दहरू तालिकाका मिल्ने समूहमा भर्नुहोस् :

डुले, सुत्ने छ, खेल्छ, उठ्यो, बस्यो, रुने छ, हिँड्छ, लेख्ने छ, खान्छे, पढ्यो, जाने छौँ, भनिन्छ, चढ्छु, पायो, डुब्यो, देख्यौ, आयौँ, सुत्छ, जम्छ, गर्नुहुन्छ, बन्छु, गर्ने छ, उड्ने छ, हाँस्ने छ, हेर्ने छ, गरिने छ

| बितेको समय जनाउने | अहिलेको समय जनाउने |
|---|---|
| डुले | खेल्छ |

| पछि आउने समय जनाउने |
|---|
| सुत्ने छ |

१३. तलका बुँदाका आधारमा कथा तयार पारी कापीमा लेख्नुहोस् र शीर्षक पनि दिनुहोस् :

- कुनै गाउँमा परेवाहरू बस्नु
- गाउँलेको बिस्कुन खाएर हैरान पार्नु
- एउटा गाउँलेलाई सारै रिस उठ्नु
- त्यो गाउँलेले परेवालाई जाल थाप्नु
- परेवामध्येको बुढो परेवाले त्यो देख्नु
- बुढो परेवाबाहेक अरू सबै जालमा पर्नु
- जालमा परेका परेवाहरू पछुताउँदै बुढो परेवालाई बचाइदिन अनुरोध गर्नु
- बुढो परेवाले मान्छेले जाल झिक्न लाग्दा मरे जस्तै गर्नु र जाल झिकेपछि सबै एकै पटक उड्नु भन्ने सल्लाह दिनु
- बुढो परेवाको सल्लाहबाट सबै परेवा बाँच्नु
- हामीले बुढापाकाको कुरा सुन्नुपर्ने



## ३. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

सूर्यमुखी फूल सूर्य उदाउँदा सूर्यतिर फर्किन्छ । चन्द्रमुखीले सूर्यमुखी फूल टिप्छिन् । पूर्णिमाको दिन चन्द्रमाको पूर्ण रूप देखिन्छ । जनैपूर्णिमा, धान्यपूर्णिमा, फागुपूर्णिमा चाडपर्वका दिन हुन् । चाडपर्वमा समुदायका मानिसहरू मिलेर रमाइलो गर्छन् । पूर्णिमाको दिनमा चन्द्रमुखीले चन्द्रमाको पूजा गर्छिन् । पूजा गर्दा सूर्यमुखी फूल चढाउँछिन् । आफ्नो रीतिथितिअनुसार खाना खान्छिन् । छठ पर्व, ल्होसार, माघेसङ्क्रान्ति र इद पनि चाडपर्व हुन् । त्यस बेला मानिसहरू मन्दिर, गुम्बा, चैत्य र मस्जिद जान्छन् । सबै जना खुसी हुन्छन् । एकअर्कालाई शुभकामना दिन्छन् । यस्ता चाडपर्वले एकअर्काको सम्बन्धलाई बलियो बनाउँछन् ।

**(ख) तलका शब्दको पहिलो वर्णका ठाउँमा दिइएका वर्ण राखेर नयाँ शब्द बनाउनुहोस् :**

| | | | | | |
|---|---|---|---|---|---|
| ना | ब | सा | प | ढु | प्र |

साङ्लो ------------------------ तराजु ------------------------ माइलो ------------------------

चक्का ------------------------ डुङ्गा ------------------------ आदेश ------------------------

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

पिर्का : ------------------------------------------------------------

गुन्द्री : ------------------------------------------------------------

मान्द्रो : ------------------------------------------------------------

**(घ) मिल्ने चिह्न राखेर वाक्य लेख्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| । | ! | “ | ” | , |

(अ) आहा कति सुन्दर इन्द्रेणी । ------------------------------------------

(आ) आज आकाश गड्याङगुडुङ गर्दै छ ------------------------------------------

(इ) गुरुले भन्नुभयो विद्यालय ज्ञानको मन्दिर हो । ------------------------------------------

**(ङ) पुलिङ्ग जनाउने वाक्यमा परिवर्तन गर्नुहोस् :**

(अ) आमा घर आउनुभयो । ------------------------------------------

(आ) फुपूले कविता सुनाउनुभयो । ------------------------------------------

(इ) बहिनी नाच्न थालिन् । ------------------------------------------

(च) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

हामी स्वस्थ रहन ताजा खानेकुरा मात्र खानुपर्छ । हरिया सागसब्जी र समयअनुसारका फलफूलले शरीरलाई फाइदा गर्छ । ताजा र सफा खानेकुराले हाम्रो शरीर तन्दुरुस्त हुन्छ । शरीर तन्दुरुस्त भएपछि सबै काम गर्न सकिन्छ । खानेकुरा मात्र सफा भएर हुँदैन । खाना खानुअगि हात पनि धुनुपर्छ । हात नधोई खाना खायो भने पेट गड्याङगुडुङ गर्छ । हामीलाई झाडापखाला लाग्छ सक्छ । त्यसैले हामी सधैँ सफा र स्वच्छ वातावरणमा रहनुपर्छ । स्वस्थ जीवन नै हाम्रो धन सम्पत्ति हो ।

(अ) हामीले कस्ता खालका खानेकुरा खानुपर्छ ?

---

(आ) हरिया सागसब्जीअन्तर्गत के के पर्छन् ?

---

(इ) शरीर तन्दुरुस्त भयो भने के के गर्न सकिन्छ ?

---

(ई) हामीले कस्तो खाना खानुपर्छ ?

---

(छ) चित्र हेरेर पाँच वाक्यमा वर्णन गर्नुहोस् :



१. ..................

२. ..................

३. ..................

४. ..................

५. ..................

शिक्षकको हस्ताक्षर : ..............    अभिभावकको हस्ताक्षर : ..................

# मेरो विद्यालय



१. लय मिलाएर गाउनुहोस् :

## किताब

- सिद्धिचरण श्रेष्ठ

किताब तिम्रो गुणको बखान
के गर्न सक्थेँ म छु है अजान
सधैँ नमानीकन कत्ति झर्को
दिन्छौ बताईकन ज्ञान अर्को

कथा कहानी इतिहास नाना
विज्ञान औ ज्ञान नयाँ पुराना
एकेक छर्लङ्ग गरी मलाई
सम्पूर्ण दिन्छौ तिमी नै बताई ।

साँच्चै तिमीभित्र सबै जनाको
तिम्रो छ दरबार सधैँ खुला त्यो
राखेर सत्ज्ञान ठुलो भकारी
बाँड्ने तिमी नै उपकार भारी ।

मनुष्यको जीवन मार्ग खास
देखाइदिन्छौ नबनी हतास
पढेर राम्रा बढिया किताब
म गर्छु अज्ञान सबै सखाप ।







## २. वर्णमा शब्द जोडी कापीमा लेख्नुहोस् र पढ्नुहोस् :

**अ**: जान, टेर, नदी, बुझ

**क**: हर, पाल, बोल, मान

**कि**: राना, नारा, नार, सान

## २. चित्र अवलोकन गरी तुलना गर्नुहोस् :







## ४. पालैपालो पढ्नुहोस् :



(नवीन र नलिना कुराकानी गर्दै विद्यालयतिर गइरहेका छन् ।)

नवीन : ए नलिना ! के छ खबर ? हिजोको गृहकार्य गर्‍यौ ?

नलिना : खबर त ठिकै छ । गृहकार्य भने गर्न भ्याइनँ । म हिजो मामाघर गएँ । कापीकिताब लैजानै बिर्सेंछु ।

नवीन : आहा ! रमाइलो भयो होला मामाघरमा । होइन त ?

नलिना : रमाइलो त भयो नि ! गृहकार्य गर्न भ्याइनँ । अब कक्षामा गएर गर्नुपर्ला ।

नवीन : त्यसो चाहिँ नगर । गुरु र गुरुआमालाई सबै कुरा भन । आजको पाठ बुझेर पढ । भरे घरमा गई गृहकार्य गर न ।

नलिना : धन्यवाद, नवीन । सही जुक्ति सिकायौ तिमीले । म तिमीकहाँ नजानेको कुरा सिक्न आउँछु है ।

नवीन : भइहाल्छ नि । ल ल अब हामी चाँडो जाऔँ ।

(उनीहरू विद्यालयमा पुगे । दुबै छिटो छिटो कक्षातिर लागे ।)



५. सुरुका वर्ण मिल्ने शब्दहरूका समूह बनाउनुहोस् :

अटेर, अचार, ककनी, कदर, कपाल, कबोल, कमान, कमेरो, करङ, कसार, कहिले, किनार, किराना, कुमार, कुबेर, कुमारी, कुमाल, कोपरा, कोपिला, कोमल, किताब, असार

| अ | क | कि | कु | को |
|---|---|---|---|---|
| अटेर | ककनी | किनार | कुमार | कोमल |

६. पढ्नुहोस् र दिइएका शब्दका बिचका वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

**कमला र कला**

आज कविता कता गइन् ? किसान हाम्रा घरमा किन आए ? कुखुराले के कुरा गऱ्यो ? काजललाई अनिकाल लाग्यो रे हो ? कमलाले कलालाई यस्ता प्रश्नहरू सोधिन् । कलाले भनिन्, 'यस्ता प्रश्न के मलाई गर्छ्यौ ? सहरमा गएर सरलाई सोध्ने गर न !

जस्तै : कमला : कला

कविता : ------------------------------------------

किसान : ------------------------------------------

कुखुरा : ------------------------------------------

काजल : ------------------------------------------

सहर : ------------------------------------------

गएर : ------------------------------------------



## ६. शब्द र अर्थका बिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ज्ञानी | काँधमा जुवा राखी जोताराले बाँध्ने |
| लाम | एक जोडा |
| खरी | असल मानिस |
| नार | पङ्क्ति |
| हल | धुलौटो आदिमा लेख्ने सेतो ढुङ्गा |
| गृहकार्य | समाचार |
| खबर | घरमा गर्नुपर्ने काम |
| उपकार | सत्यज्ञान |
| बखान | भलो |
| सत्ज्ञान | वर्णन |



## ७. पढ्नुहोस र उत्तर भन्नुहोस् :

### विपना र विना



विपना र विना विद्यालय जाँदै थिए । विनाले विपनालाई विद्यालयको खबर सुनाइन् । विद्यालयमा एउटा ठुलो गमला थियो । त्यो गमला हरायो रे । चोरले चोरेको पनि हुन सक्छ । चोरका पाखुरा पनि ठुला हुन सक्छन् । चोरले खुकुरी बोकेको पनि हुन सक्छ । चोरलाई समातेर प्रहरीमा बुझाउनुपर्छ । खोरमा परेपछि चोरले फेरि चोरी गर्ने छैन । बल्ल त्यसको चेत आउने छ । विनाको कुरा नसकिँदै उनीहरू विद्यालयमा पुगे । कक्षाकोठाको भित्तामा नक्साहरू थिए । भारत चीनका नक्सा पनि थिए । जापान र कोरियाका नक्सा पनि थिए । जनावर र चराका चित्र पनि थिए । फूलका चित्र पनि थिए । फूल देखेपछि उनीहरूले गमला सम्झिए । उनीहरू गमला राखेका ठाउँमा गए । गमला कान्लामुनि पल्टिएको थियो । लौ गमला त गोमाको गाईले पो ढलाएको रहेछ । एकछिनपछि प्रधानाध्यापक माइकबाट बोल्न थाल्नुभयो ।

'दाजुभाइ तथा दिदीबहिनीहरू ! विद्यालयको हातामा गाईवस्तु नछोडौँ । विद्यालयलाई शान्त, सफा र सुन्दर राख्न सहयोग गरौँ । धन्यवाद !

(क) विनाले विपनालाई कहाँको खबर सुनाइन् ?

(ख) कक्षाकोठाका भित्तामा के थिए ?

(ग) विनाले चोरलाई के गर्ने विचार गरिन् ?

(घ) गमला कसले चोरेछ ?





## ९. सही शब्द राखेर खाली ठाउँ भर्नुहोस् :

(क) 'भित्र' को उल्टो अर्थ दिने शब्द -------------------- हो । (तल, माथि, बाहिर)

(ख) 'अल्छी' को उल्टो अर्थ दिने शब्द -------------------- हो । (मूर्ख, जाँगरिलो, बाठो)

(ग) 'बाङ्गो' को उल्टो अर्थ दिने शब्द -------------------- हो । (सिधा, छड्के, तेर्सो)

(घ) 'ईश्वर' को उस्तै अर्थ दिने शब्द -------------------- हो । (भगवान्, मान्छे, राक्षस)

(ङ) 'ध्यान' को उस्तै अर्थ दिने शब्द -------------------- हो । (एकाग्रता, जप, मन्त्र)



## १0. उदाहरणमा जस्तै गरी ‘म’ का ठाउँमा ‘हामी’ राखेर वाक्य बनाउनुहोस् :

उदाहरण : म गीत गाउँछु ।          हामी गीत गाउँछौं ।

(क) म फुटबल खेल्छु ।

---

(ख) म सानालाई माया गर्छु ।

---

(ग) म गीत गाउँछु ।

---

(घ) म अरूलाई सहयोग गर्छु ।

---

(ङ) म बिहान सबैरै उठ्छु ।

---

(च) म घरमा आउने पाहुनालाई स्वागत गर्छु ।

---





## ११. खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

चरालाई पनि कसैले थुनेर राख्छ त ? मलाई चराको माया लाग्छ । माया गर्नेले पनि थुनेर राख्छन् त ? अब म थुन्दिनँ ।

गोठालो : त्यो चरालाई पिँजडामा थुनेको थिएँ । खुरुक्क मलाई देऊ त ।

बटुवा : ---------------------------------------------------

गोठालो : नथुनेर के गर्नु ? उडेर भागिहाल्छ । खुरुक्क देऊ ।

बटुवा : ---------------------------------------------------

गोठालो : माया त मलाई पनि लाग्छ नि ।

बटुवा : ---------------------- तिमीलाई पनि थुनेर राख्यो भने नि ?

गोठालो : म त रुन्छु ।

बटुवा : अब कुरो बुझ्यौ । अर्कालाई थुन्नु हुन्छ त ?

गोठालो : बुझेँ । ---------------------------। मैले गल्ती गरेँ ।

## १२. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### चतुरमान खुसी भए



एउटा चौतारो थियो । चौतारामा चतुरमान आए । चुमानसिंह आफ्ना साथीहरूसहित आए । चतुरमानले चमेरो देखे । चमेरो रुखका हाँगामा तुर्लङ्ग झुन्डिएको थियो । चतुरमानलाई दुःख लाग्यो । उनलाई चमेराको माया लाग्यो । उनले चुमानसिंहलाई 'चमेरालाई कसले झुन्ड्यायो भनेर सोधे । चुमानसिंह मुसुक्क हाँसे । चतुरमान झन् छक्क परे ।

उनी दोबाटाको दोकानमा दगुर्दै गए । त्यहाँ थकालीबा चकलेट, चामल, छोकडा र दुनोट बेच्दै थिए । थकालीबाले सोधे, "चतुरमान के छ खबर ? खरानीबारीतिरको खुसीको खबर खुसुक्क सुना न !" चतुरमानले अँध्यारो मुख लगाए र भने, "थकालीबा ! चमेरो लगेर कसैले रुखमा झुन्डाइदिएछ !" थकालीबा छिटो छिटो आत्तिँदै चौतारातिर गए । चतुरमान पनि पछि पछि गए । चतुरमानले रिसाउँदै भने, "ए, यो चमेरालाई रुखमा कसले झुन्ड्यायो भनेको त थकालीबाले पो रहेछ !"

चुमानसिंह र थकालीबा मज्जाले हाँसे । थकालीबाले भने, "हेर चतुरमान ! त्यस चमेरालाई कसैले झुन्ड्याएको होइन । चमेरो रुखमा त्यसरी नै बस्छ ।' चतुरमानलाई विश्वास लागेन र हा..हा.. गर्दै कराए । चमेरो उड्यो । चमेरो उडेको देखेर चतुरमान खुसी भए ।

(क) चौतारामा सुरुमा को आयो ?

---------------------------------------------------------------------------

(ख) चतुरमानलाई किन दुःख लाग्यो ?

---------------------------------------------------------------------------

(ग) थकालीबाले दोकानमा के के बेच्थे ?

---------------------------------------------------------------------------

(घ) चुमानसिं र थकालीबा किन हाँसे ?

---------------------------------------------------------------------------

(ङ) चमेरो रुखमा कसरी बस्दो रहेछ ?

---------------------------------------------------------------------------

## १३. खाली ठाउँमा क्रमैले शब्द राखेर कापीमा सार्नुहोस् :

बाहिर, सँग, त, बारेमा, लाई, नेर, तर्फ, निम्ति, तिर, अनुसार, बाहेक, लागि

ङिङ्मा घर ............... निस्कन डराउँथिन् । उनी ............... मिल्ने साथी कोही थिएनन् । ङिङ्मा ............... धेरै सिपालु थिइन् । ङिङ्माको कुराका ............... कसैलाई थाहा थिएन । उनी ............... कोही विश्वास गर्दैनथे । एक दिन ङिङ्मा म ............... आइन् । मेरो अनुहार ............... हेरेर मुसुक्क हाँसिन् । उनले मेरा ............... उपहार पनि ल्याएकी रहिछन् । उपहार म ............... बढाइन् । उनले भनिन्, "तिमीले भने ............... मैले काम गरेँ । मैले पाएको पुरस्कार तिम्रै हो । यसको जस तिमी ............... कसैलाई जाँदैन । सहयोगका ............... धन्यवाद ।"





## १४. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

म किताब हुँ । म सबैलाई नयाँ नयाँ कुरा सिकाउँछु । कापी मेरो साथी हो । कापी एकातिर बस्छ । म अर्कातिर बस्छु । हामीलाई बन्द गरे हामी सुत्छौँ । कसैले खोले भने हामी खुसी हुन्छौँ । कलमले कापीमा सबैतिर लेख्न सक्छ । किताबले सबैतिर लेख्न दिँदैन । त्यही भएर कलम कापीसँग बस्छ । उसैसँग हाँस्छ र खेल्छ । पढ्ने र लेख्ने बेलामा मलाई सँगै राख्छन् । मेरा कुरा लैजान्छन् । म तिनीहरूलाई ज्ञान दिन्छु तर मेरो ज्ञान घट्दैन । सबैलाई ज्ञान दिन पाउँदा म धेरै खुसी हुन्छु ।



## १५. विनोद कसरी घर फर्किएलान्, तलको अनुच्छेद पढी कापीमा लेख्नुहोस् :

विनोद तीन कक्षामा पढ्छन् । एक दिन उनी आमाबुबासँग जात्रा हेर्न बजार गए । बजारमा भिडभाड थियो । विनोद जात्रामा हराए । उनले आमाबुबालाई यताउति खोजे तर भेटेनन् ।



## १६. तालिकाबाट मिल्ने वाक्य बनाई कापीमा लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बिर्खबहादुर | कोदालाले | धेरै | बढार्छन् । |
| मेघबहादुर | कलमले | थोरै | खन्छन् । |
| कृष्णबहादुर | कुचाले | अलिअलि | लेख्छन् । |
| कुलबहादुर | डाडुले | राम्रोसँग | पखाल्छन् । |
| बद्रीबहादुर | पानीले | सफासँग | चलाउँछन् । |


विर्खबहादुर कोदालाले धेरै खन्छन् ।

## १. लय मिलाएर गाउनुहोस् :

### हिजो र आज

बुबा पढ्ने समयमा थियो कालोपाटी
हामी पढ्दा त्यही ठाउँमा आयो सेतोपाटी
आमाबुबा पढ्नुहुन्थ्यो बोरा ओछ्याएर
राम्रो ठाउँमा बस्छौँ पढ्छौँ हामी रमाएर ।

कक्षाकार्य जति सबै कक्षाभित्रै सक्छौँ
गृहकार्य रमाई रमाई घर गई गर्छौँ
वादविवाद चल्छ कहिले कहिले छलफल
कहिले सिक्छौँ भागफल कहिले योगफल ।



सीताराम एउटा साथी गीता अर्की साथी
साथीभाइ राम्रा भए पुग्छौँ हामी माथि
गुरुमाले देखाउनुभो देशको मानचित्र
मैले चाहिँ देशको चित्र भेटेँ आफैँभित्र ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :



## ३. पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| छनोट | चौतारो | चोकर | चुमान |
| चुकुल | चिनारी | जेठान | जापान |
| जमल | जवाफ | जगेडा | छोकडा |
| कोपिलो | करङ | कुवेर | अँगालो |
| चहक | छहारी | जबाफ | चोकर |
| किनार | खहरे | घलेक | चमेरो |
| किराना | कमेरो | कसार | खिहिरो |

४. रातो रङमा लेखिएका शब्दहरू पढेर साथीलाई सुनाउनुहोस् :

(क) म बिहान चाँडै उठ्छु ।

भाइ ढिलोसम्म सुत्छ ।

(ख) राममाया नजिक आउँछे ।

जमुना टाढा जान्छे ।

(ग) काकाको घरमा धारो अग्लो छ ।

हाम्रो घरमा धारो होचो छ ।

(घ) हिजो बाटो हिलो थियो ।

अस्ति खेत सुक्खा थियो ।

(ङ) हाम्रो विद्यालय ठुलो छ ।

परको अर्को विद्यालय सानो छ ।

(च) हामी विद्यालय जाँदा उकालो चढेर जानुपर्छ ।

हामी विद्यालयबाट फर्कंदा ओरालो झर्नुपर्छ ।





## ५. उदाहरणमा जस्तै छुट्याएर लेख्नुहोस् :

हिँड्यो : हिँड् + यो

बस्यो : बस् + यो

लेख्यो : ................ + ................

नाच्यो : ................ + ................

सुत्यो : ................ + ................

पढ्यो : ................ + ................

गऱ्यो : ................ + ................

सुन्यो : ................ + ................

भन्यो : ................ + ................

देख्यो : ................ + ................

हेऱ्यो : ................ + ................



## ६. बिचको वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :

| | | |
|---|---|---|
| जनता | जतन | छोकडा |
| छहारी | छाउरो | चोकर |
| झारल | जोकर | जुलुस |
| किसान | जाउलो | जमरा |
| दुधिलो | थकाली | तिहार |
| तमोर | तबेला | ठेउला |
| कुबेर | कसार | जमल |
| चहक | जापान | चिरी |







## ७. तपाईं भएको भए चोरलाई के गर्नुहुन्थ्यो, भन्नुहोस् :

एक पटक एक जना किसानको गोरु हरायो । उसले पल्लो गाउँमा आफ्नो गोरु भएको थाहा पायो । कसले चोरेको हो ? त्यो भने थाहा पाउन सकेन । त्यसैले ऊ पल्लो गाउँमा गयो । ऊ फुर्तीसाथ चिच्याउन थाल्यो, "मेरो गोरु कसले चोरेको हो, तुरुन्त ल्याऊ । होइन भने ...... ।" उसले फेरि थप्यो, "गोरु हराउँदा मेरो बुबाले जे गर्नुभएको थियो म त्यही गर्ने छु ।"

उसको यो भनाइ गोरु चोरले पनि सुन्यो । के पो गर्ने हो भन्ने सोचेर गोरु चोर डरायो । त्यसैले चोरले गोरु ल्यायो । उसले गोरु मालिकलाई भन्यो, "ल तिम्रो गोरु लैजाऊ । एउटा कुरा भनौं, तिम्रो बुबाले गोरु हराउँदा के गर्नुभएको थियो ?"

"गोरु नभेटिएर अर्को गोरु किन्नुभएको थियो । तिमीले मलाई गोरु दियौ । मैले तिमीलाई माफ गरिदिएँ ।" गोरु मालिकले जवाफ दियो ।

चोरलाई लाज लाग्यो । गोरु मालिकको कुरा सुनेर चोर कालोनिलो भयो ।



## ट. १२ ओटा राष्ट्रिय निकुञ्जका नाम चिनेर कापीमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| स | शे | फो | क्स | ण्डो | शु |
| ग | चि | त | व | न | क्ला |
| र | रा | रा | बाँ | के | फाँ |
| मा | ला | ङ | टा | ङ | टा |
| था | म | का | लु | प | र्सा |
| शि | व | पु | री | ङ | मा |
| ब | र्दि | या | ख | प्त | ड |



## ९. खाली ठाउँमा मिल्ने शब्द भर्नुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| एक्लो | एक्ली | एक्ला |
| राम्रो | ------------------------- | ------------------------- |
| ------------------------- | सेती | ------------------------- |
| ------------------------- | निली | ------------------------- |
| ------------------------- | ------------------------- | फुर्तिला |
| ------------------------- | ------------------------- | पहेँला |
| मेरो | ------------------------- | ------------------------- |
| ------------------------- | भँगेरी | ------------------------- |
| ------------------------- | ------------------------- | कुखुरा |

१०. सुरुको वर्ण परिवर्तन गरी अर्को शब्द निर्माण गर्नुहोस् र वाक्यमा प्रयोग गर्नुहोस् :

| प्रचलित शब्द | सुरुको वर्ण परिवर्तन गरी बन्ने शब्द | प्रयोग |
|---|---|---|
| कपाल | नेपाल | १. बहिनीको कपाल लामो छ ।<br>२. हाम्रो देशको नाम नेपाल हो । |
| खरानी | | १. ------------------------------<br>२. ------------------------------ |
| चुकुल | | १. ------------------------------<br>२. ------------------------------ |
| असिना | | १. ------------------------------<br>२. ------------------------------ |
| कमला | | १. ------------------------------<br>२. ------------------------------ |

११. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

## दलमानको परियोजना कार्य

दलमान तीन कक्षामा पढ्छन् । उनको घर रोल्पाको थवाङमा छ । उनका बुबा डकर्मीको काम गर्नुहुन्छ । एक दिन शिक्षकले दलमानलाई घर निर्माण प्रक्रियाको अवलोकन गर्ने परियोजना कार्य दिनुभयो । उनले गाउँमा बन्दै गरेका घरको अवलोकन गरे । उनले घरको चित्र बनाए । त्यहाँका घरमा झ्याल चतुर्भुज आकारका थिए । छाना टेडामेडा थिएनन् । घरहरू चिटिक्क परेका थिए ।



दलमान केही दिनपछि नयाँ बनेको घरमा गए । घरधनीले घरपूजा गरेर नयाँ घरमा सर्ने कुरा गरे । उनले पुरोहितलाई बोलाए । पुरोहित बिरामी हुनुहुँदोरहेछ । पुरोहितले छोरालाई पठाउनुभयो । पुरोहितका छोरा दलमानकै विद्यालयमा पढ्थे । उनले कतै वक्ररेखा त कतै सरल रेखाको रेखी हाले । यसरी आँगनमा पूजाको मण्डप तयार भयो । घरधनीले घरपूजा सम्पन्न गरे । उनी नयाँ घरमा सरे । दलमानले यी सबै कुराको विवरण आफ्नो कापीमा लेखे । दलमानको परियोजना कार्य पढेर शिक्षक खुसी हुनुभयो ।

(क) दलमानको घर कहाँ छ ?

(ख) पुरोहितका छोराले कसरी रेखी हाले ?

(ग) शिक्षक किन खुसी हुनुभयो ?

१२. दिइएको शुभकामना कार्ड पढेर गणतन्त्र दिवसको सट्टा लोकतन्त्र दिवस राखेर पुनर्लेखन गर्नुहोस् :

# शुभकामना

गणतन्त्र दिवसको सुखद उपलक्ष्यमा सम्पूर्ण साथीहरूमा सुख, शान्ति र प्रगतिका लागि हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

सुप्रिया दाहाल
कक्षा ३
श्री लक्ष्मी माध्यमिक विद्यालय, खोटाङ

## १३. वाक्य सच्याएर लेख्नुहोस् :

पुस महिनामा हिमालमा गर्मी हुन्छ ।

पुस महिनामा हिमालमा जाडो हुन्छ ।

(क) मकैको बोटलाई पराल भनिन्छ ।

(ख) चामल कुटेर चिउरा बनाइन्छ ।

(ग) दसैँमा देउसीभैलो खेल्नुपर्छ ।

(घ) तराईमा बेसरी हिउँ पर्छ ।

(ङ) खोला बाढी आउँदा पानी सङ्लो हुन्छ ।

## १४. पालैपालो पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### बिदाको भ्रमण

(बेलुका सुत्नुअगाडि आर्या आमाबुबासँग विद्यालयका बारेमा कुरा गर्दै छिन् ।)



आर्या : बुबा बुबा, (कोमल स्वरमा) जाडो बिदा भएकाले विद्यालय बन्द छ । हामी घुम्न कहाँ जाने ?

बुबा : पहिला जाडो बिदाको गृहकार्य सक अनि घुम्न जाउँला ।

आर्या : कहाँ जाने पहिला भन्नु अनि मात्र गृहकार्य गर्छु ।

आमा : (हाँस्दै) कहाँ जाने त ?

आर्या : (हाँस्दै) सौराहा र लुम्बिनी घुम्नै पर्ने ठाउँ हुन् रे ।

आमा : तिमीले सौराहाको नाम कसरी छनोट गऱ्यौ ?

आर्या : गुरुले भनेर थाहा पाएकी नि । अस्तिको दुई दिने बिदामा गुरुहरू पनि जानुभएको रहेछ ।

बुबा : (हाँस्दै) म चाहिँ पोखरा घुम्न जाने हो । डुङ्गामा बसेर फेवाताल घुम्न मज्जा हुन्छ रे !

आमा : साँच्ची अबको बिदामा चाहिँ कतै घुम्न जानैपर्छ ।

बुबा : हो जाने हो ।

आर्या : मेरो साथी प्रयास छ नि । उनीहरू अस्ति नाम्चेबजार घुम्न गएछन् । नाम्चेबाट त सगरमाथा पनि देखिन्छ अरे ।

बुबा : ठिक भनेछन् । हाम्रा देशमा हेर्न र घुम्नका लागि धेरै राम्रा ठाउँ छन् ।



आमा : हो नि । हाम्रो देशमा राम्रा हिमाल छन् । तालहरू छन् । झरनाहरू छन् । मन्दिरहरू छन् । हेर्ने कुरा त कति छन् कति । त्यही भएर त विदेशीहरू नेपाल घुम्न आउँछन् नि ।

आर्या : हामीले पनि त ती राम्रा कुरा हेर्नुपर्‍यो नि । मलाई चाहिँ फेवाताल, राराताल घुम्न मन छ ।

बुबा : हामी यसपालि पूर्वतिर जाऊँ । अर्कोपालि पश्चिमतिर जाऔँला ।

आर्या र आमा : (एकै स्वरमा) पूर्वतिर कहाँ कहाँ जाने ?

बुबा : जानुपर्ने ठाउँ त थुप्रै छन् । यस पटक भेडेटार, हलेसी, सल्लेरी र जनकपुर जाउँला ।

आर्या : अनि सौराहा नि ?

बुबा : जनकपुरबाट फर्कँदा बाटामा सौराहा नजिक पर्छ । त्यहाँ पनि जाऔँला ।

आर्या : नेपालमा त कस्ता राम्रा राम्रा ठाउँ रहेछन् है बुबा ? बिदाका बेलामा पालै पालो घुम्न जाऊँ है ।

आमा : ल ल अब भोलि कुराकानी गरौँला । आज चाहिँ सुत्ने बेला भो, अब सुतौँ । (सबै जना सुत्न जान्छन् ।)

(क) आर्या को कोसँग बस्छिन् ?

----------------------------------------------------------------------------------------------------

(ख) फेवाताल कसरी घुम्ने गरिन्छ ?

----------------------------------------------------------------------------------------------------

(ग) हाम्रो देश किन राम्रो छ ?

----------------------------------------------------------------------------------------------------

(घ) नेपालमा घुम्न पाउँदा पर्यटक किन खुसी हुन्छन् ?

----------------------------------------------------------------------------------------------------

### १६. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## शिक्षा र उनका बुबा



शिक्षाका बुबा रामलखन तरकारी व्यापारी हुन् । उनी बिहानै उठेर डोको बोकेर तरकारी लिन किसानहरूका बारीमा जान्छन् । किसानका बारीबाट मौसमअनुसारका काउली, बन्दा, गोलभेडा जस्ता धेरै थरीका तरकारीहरू सस्तोमा खरिद गर्छन् । त्यसपछि आठ बजे नै उनी तरकारी लिएर बजारमा पुग्छन् । आफूले किनेको तरकारी बजारमा बेच्छन् । उनको तरकारी किसानको बारीबाट सिधैँ खरिद गरेर ल्याएकाले ताजा र सस्तो पनि हुन्छ । त्यसैले उनको तरकारी अरूको भन्दा छिटो बिक्छ र प्रशस्त नाफा पनि कमाउँछन् । आफूले कमाएको केही पैसा बैङ्कमा पनि जम्मा गर्छन । अहिले रामलखनले बैङ्कमा जम्मा गरेको रकम पाँच लाख पुगेको छ । उनी बचत गरेको पैसाले एक कट्ठा जग्गा किनेर आफ्नै खेतबारीमा तरकारी खेती गर्ने योजनामा छन् । शिक्षाले पनि वेला वेलामा आफ्ना आमाबुबा र आफन्तले चाडपर्वमा दिएको पैसा खुत्रुकेमा जम्मा पारेकी छन् । शिक्षाले पनि आफूलाई चाहिने ल्यापटप त्यही बचत पैसाले किन्ने योजना बनाएकी छन् । हामीले पनि मिहिनेत गरी कमाएको पैसा बचत गर्‍यौँ भने हाम्रो ठुलो खाँचो टर्छ । त्यसैले आफूसँग भएको पैसा अलि अलि गर्दै बचत गर्नुपर्छ ।

(अ) राम लखनको पेसा के हो ?

(आ) रामलखन कहाँबाट तरकारी खरिद गरेर ल्याउँछन् ?

(इ) शिक्षाको बानी कस्तो छ ?

(ई) 'शिक्षा र उनका बुबा' पाठका मुख्य मुख्य विषय बुँदामा टिपोट गर्नुहोस् ।





## १७. खाली ठाउँमा मिल्ने वाक्य लेख्नुहोस् :

| मलाई मासु पैँचो भयो । का का, का का । गीत गाऊँ त ? धन्यवाद दाइ ! |
|---|

स्याल : काग भाइ ! तिमी त धेरै असल छौ ।

काग : ----------------------------------------------------------------

स्याल : तिमीले गीत गाएको सुन्न मन थियो ।

काग : ----------------------------------------------------------------

स्याल : गाऊ न । तिम्रो स्वर कोइलीको जस्तै मिठो छ ।

काग : ------------------------------------- (कागको मुखबाट मासु भुइँमा खस्यो ।)

स्याल : धन्यवाद । अब मासु खाँदै गीत सुन्छु ।

काग : स्याल दाइ ! मैले खोजेर ल्याएको मासु नखाऊ त ।

स्याल : ----------------------------------------------------------------



१८. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



## हाम्रो विद्यालय



विद्यार्थी पढ्न विद्यालय जान्छन् । विद्यालयमा धेरै कोठा हुन्छन् । प्रधानाध्यापकको कोठा, शिक्षकहरू बस्ने कोठा, कर्मचारीहरू बस्ने कोठा, पुस्तकालय आदिका लागि कोठाहरू छुट्याइएका हुन्छन् । विद्यार्थीले पढ्ने कोठालाई कक्षाकोठा भनिन्छ । कक्षाकोठाका अगाडि भित्तामा शैक्षणिक पाटी हुन्छ । त्यो विद्यार्थीतिर फर्किएको हुन्छ । कक्षामा समूह समूहमा बस्न मिल्ने गरी बसाइ व्यवस्था गरिएको हुन्छ । शिक्षकले समूहमा गएर विद्यार्थीलाई सिकाउनुहुन्छ । कक्षाकोठाका भित्ताहरूमा विद्यार्थीहरूले पढ्ने विषयसँग मिल्ने विभिन्न चित्र राखिएका हुन्छन् । कक्षाकोठा विद्यार्थीका लागि एउटा प्यारो घर हो ।

(क) विद्यालयमा के केका लागि कक्षाहरू छुट्याइएका हुन्छन् ?

---------------------------------------------------------------------------------------------------

(ख) कक्षाकोठामा शैक्षणिक पाटी किन राखिन्छ ?

---------------------------------------------------------------------------------------------------

(ग) तपाईंको विद्यालय कस्तो छ, बताउनुहोस् ।

---------------------------------------------------------------------------------------------------

(घ) यो पाठले के सन्देश दिएको छ ?

---------------------------------------------------------------------------------------------------

## १९.खाली ठाउँमा मिल्ने शब्द लेखेर अनुच्छेद पूरा गर्नुहोस् :

मेरो नाम .................................... हो । म कक्षा ................ मा पढ्छु । मेरो विद्यालयको नाम .................................... हो । म ................ बजे विद्यालयमा आउँछु । .................................... बजेपछि विद्यालयको चउरमा .................................... हुन्छ । मलाई साथीहरूसँग मिलेर .................................... गाउन मन पर्छ । विद्यालयमा ................ ................ ले पढाउनुहुन्छ । कहिलेकाहीँ खेलाउनुहुन्छ । मलाई .............................................. रमाइलो लाग्छ । म विद्यालयबाट चार बजे .............................................. फर्कन्छु ।



## ४. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

परशुरामको घरमा दिदीको बिहे हुने दिन थियो । कसार बटार्ने दिनमा सबैले उसलाई विद्यालय जान कर गर्न थाले । कलमा पानी नभएर उसले कपाल नुहाएको पनि थिएन । उसको विद्यालय ककनीमा थियो । ऊ सुक्क सुक्क गरी रुन थाल्यो । परशुराम टाकुरामा बस्यो, कुरो सुन्यो । ऊ बल्लतल्ल विद्यालय पुग्यो । ऊ झ्यालको चुकुल खोलेर सुकुलमा बस्यो । राजु तराजु लिएर त्यहीँ आए । कैलालीकी लालीले छोकडा ल्याई । छोकडा कडा थियो । सबै जना दोकानमा गए । सबैले कान खोलेर कुरा सुने । दुनोट किन्न नोट झिक्नुपर्ने भयो । राज आएर दराज खोल्यो । राजले पैसा झिक्यो । उनीहरू साँचो दलिनमा राखेर दुनोट लिन गए । अरू चौतारामा गए, तारा हेरे । सबै मिलेर दुनोट खाए । परशुराम साथीसँग रमायो ।

**(ख) शब्दका बिचको वर्ण झिकेर नयाँ शब्द बनाउनुहोस् :**

जाउलो --------------- कुरुवा --------------- मैदान ---------------

छहारी --------------- जमरा --------------- तबेला ---------------

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

किनार : ----------------------------------------

नार : ----------------------------------------

तिहार : ----------------------------------------

तिर : ----------------------------------------

**(घ) मिल्ने शब्द छानी खाली ठाउँ भर्नुहोस् :**

(अ) कापी ------------------------ बन्छ । ( कागजबाट, गजबाट, काजबाट)

(आ) उनीहरूले विद्यालयमा ------------------------ बजाए । (माल, दल, मादल)

(इ) पलङमा ------------------------ छ । (खरानी, सिरानी, बिरियानी)



**(ङ) मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| विशाल | अरूको भलाइ गर्ने |
| उपकार | असल मानिस |
| किताब | ठुलो |
| ज्ञानी | पुस्तक |

**(च) तलका वाक्यमा हिजो राखेर सही वाक्य लेख्नुहोस् :**

आज म कापीमा लेख्छु । आज म कुरा गर्छु । आज म पानी बोक्छु ।

**(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :**

कालिकासँग काले गोरु थियो । कुमाल दाइले काले गोरु किनेर लगे । उनले गोरुको शरीरमा रङ दलेर माले बनाए । यो कुरा कमान काकाले देख्नुभयो । उहाँले मानबहादुरलाई बोलाई भन्नुभयो, “खहरेका हरि दाइको माले गोरु कुमाल दाइले किनेछन् ! अब माले गोरुले चाकर पाउने भयो । गोरुका करङ पनि देखिने छैनन् ।” “कुमाल दाइले काले गोरु किनेका होलान् । त्यसमा त रङ दलिएको छ ।” मानबहादुरले काकालाई सम्झाए । उनीहरूको कुराकानी थकालीबाले सुने । थकालीबाले कालिकालाई यो कुरा खुसुक्क भने । कालिकाले आफ्नो काले गोरु खोजिन् । कतै नपाएपछि कुमाल दाइकहाँ गइन् । गोरुलाई नुहाई काले बनाइन् । कुमाल दाइ जिल्ल परे ।

(अ) कमान काकाले मानबहादुरलाई के भने ?

--------------------------------------------------------------------------------

(आ) गोरुको जिउमा किन रङ दलिएको रहेछ ?

--------------------------------------------------------------------------------

(इ) तपाईं कालिका हुनुभएको भए हरि दाइलाई के गर्नुहुन्थ्यो ?

--------------------------------------------------------------------------------

**(ज) मिल्ने शब्द राखेर अनुच्छेद पूरा गर्नुहोस् :**

मेरो बुबाको नाम --------------- हो । मेरी आमाको नाम --------------- हो । म कक्षा --------------- मा पढ्छु । मेरो विद्यालयको नाम --------------- हो । म सधैँ --------------- बजे विद्यालय जान्छु । --------------- बजेपछि चउरमा --------------- हुन्छ । हामी साथीसँग मिलेर --------------- गीत गाउँछौँ । विद्यालयमा हामीलाई --------------- ले पढाउनुहुन्छ । उहाँले कहिलेकाहीँ खेलाउनुहुन्छ । म विद्यालयबाट --------------- बजे घर फर्कन्छु ।

शिक्षकको हस्ताक्षर : .............          अभिभावकको हस्ताक्षर : .................

१. लय मिलाएर गाउनुहोस् :

## शुद्ध वातावरण



आऊ साथी घुम्न जाऔँ अग्लो डाँडामाथि
चिसो हावा शुद्ध पानी जीवनका साथी
समुद्रमा अक्टोपस खेली खेली बाँच्छ
जङ्गलमा अजिङ्गर खुसी भई हाँस्छ ।

लटरम्म अम्बा फले हाँगो झुल्यो तल
अमला र अनार हेर कति मिठा फल
अकस्मात् अंशु आइन् अम्बा थियो हातमा
गीत गाइन् अस्मिताले स्याउ थियो साथमा ।

कालो बादल मडारियो आँधी आउने हो कि ?
हावाहुरी आयो भने दुःख पाइने हो कि ?
शुद्ध बनोस् माटो हाम्रो शुद्ध हावापानी
वातावरण राम्रो भए बन्छ जिन्दगानी ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :







## ४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

अजिङ्गर : अजिङ्गर जङ्गलमा बस्छ ।

आत्था : ------------------------------------------------

उर्लनु : ------------------------------------------------

इन्द्रेनी : ------------------------------------------------

ऋषि : ------------------------------------------------

एक्काइस : ------------------------------------------------

जीवन : ------------------------------------------------

लटरम्म : ------------------------------------------------

आँधी : ------------------------------------------------

वातावरण : ------------------------------------------------



## ५. पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### रुख रिसाए रे

(सुकुमाया र नरेश आपसमा कुराकानी गरिरहेका छन् ।)



सुकुमाया : सुन्यौ नरेश, सबै रुख रिसाए रे !

नरेश : किन सुकुमाया ? रुख रिसाएर हामीलाई के हुन्छ र ?

सुकुमाया : तिमीलाई थाहा छैन ? रुखले फालेको अक्सिजनबाट हामी बाँच्छौँ नि !

नरेश : ए हो त । हामीसँग रुख किन रिसाएका रहेछन् त ?

सुकुमाया : हामीले गोडमेल गरेनौँ रे । मल पनि हालेनौँ रे अनि रिसाउँदैनन् त ! अब रुखले सास फेर्न नै छोडिदिन्छौँ भनेका छन् रे ।

नरेश : पिर नगर सुकुमाया । म रुखलाई सम्झाउँछु । हामी अबदेखि गोडमेल र मलजल गर्छौँ । फेरि हामीले पनि सास नफेरे उनीहरूलाई बाँच्न गाह्रो पर्छ । उनीहरूले फालेको सास हामीले लिन्छौँ । हामीले फालेको सास उनीहरूले लिन्छन् । हामीलाई रुख त नभई हुँदैन ।

सुकुमाया : मलाई डर लागेको थियो । तिम्रो कुरा सुनेर ढुक्क भएँ । म त पढ्न कोठातिर लागेँ है ।

नरेश : हुन्छ सुकुमाया, राम्रोसँग पढ ।

(क) को रिसाएका छन् ?

(ख) हामी रुखलाई के के दिन सक्छौँ ?

(ग) हामीलाई रुख किन चाहिन्छ ?



## ६. दिइएका सङ्केतका आधारमा आफू बसेको ठाउँको वर्णन गर्नुहोस् :

(क) ठाउँको नाम, प्रदेश, जिल्ला, स्थानीय तह

(ख) हावापानी

(ग) विद्यालय, बाटोघाटो, सिँचाइ, स्वास्थ्य चौकीको सुविधा

(घ) खोलानाला, पहाड

(ङ) मठमन्दिर, चउर, गुम्बा, मस्जिद

(च) समाजमा बस्ने मानिसहरूको जात, धर्म, पेसा



## ट. मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| आँप | अन्न |
| धान | सहर |
| काठमाडौँ | फलफूल |
| चिबे | खेल |
| फुटबल | चरो |
| अक्सिजन | महिना |
| अकबरे | खुर्सानी |
| वैशाख | ग्यास |



## ९. पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### बिरुवा रोप्ने दिन



गाउँको चउरमा बिरुवा रोप्ने दिन थियो । उमा र झुमा पनि बिरुवा रोप्न गए । उमाले सानो बिरुवा रोपिन् । झुमाले ठुलो बिरुवा रोपिन् । उमाले ढिलो रोपिन् । झुमाले छिटो रोपिन् । उमाले दायाँतिर रोपिन् । झुमाले बायाँतिर रोपिन् । उमाका बिरुवा होचा थिए । झुमाका बिरुवा अग्ला थिए । उमाले रोपेका बिरुवामा पात धेरै थिए । झुमाले रोपेका बिरुवामा पात थोरै थिए । सबै मिली बिरुवा रोपे । सबै एकै ठाउँमा भेला भए । हरि काकाले भाषण गर्नुभयो । उहाँले भन्नुभयो “बिरुवा रोप्नाले हावा, पानी र माटो राम्रो हुन्छ । वरिपरिको वातावरण सफा हुन्छ । बिरुवा रोपेर मात्र हुँदैन । यसलाई जोगाउनुपर्छ । हामी आफूले रोपेको बिरुवा आफैँले जोगाऔँ ।” काकाको कुरा सुनेर सबैले ताली बजाए । उमाले आफूले रोपेका बिरुवानजिक माटामा नाम लेखिन् । झुमाले पनि त्यसै गरिन् । बिरुवा रोपेका दिन रमाइलो भयो । अचेल उमा र झुमा शनिबार आफूले रोपेका बिरुवा हेर्न जान्छन् । बिरुवा वरिपरि उम्रेका झार उखेल्छन् । आफूले रोपेका बिरुवामा मल र पानी हाल्छन् । बिरुवा सरिसकेका छन् । उमा र झुमालाई बिरुवा सरेको देखेर रमाइलो लाग्छ ।

(क) काकाले के भनेर भाषण गर्नुभयो ?

(ख) उमा र झुमालाई किन रमाइलो लाग्छ ?

(ग) उमा र झुमाले कसरी बिरुवा रोपे ?



## १०. तलको अनुच्छेद पढी उत्तर भन्नुहोस् :

राकेशले भने, "कृपया मसीको भाँडो भर्नुहोस् ।" सरलाले मसीको भाँडो लिइन् । यसलाई छिट्टै सफा गरिन् । भाँडामा मसी भरिन् । यो काम उनले सधैँ गर्थिन् । नगरेको काम एकै पटकमा गर्न सजिलो हुँदैन । नगरेका काम गर्न जानिँदैन पनि । ऊ अलमलिन्छ ।

(अ) राकेशले कसलाई काम अह्राए ?

(आ) सरलाले मसी भर्नुभन्दा पहिला के गरिन् ?

(इ) नयाँ काम एकै पटकमा गर्न किन सजिलो हुँदैन ?



## ११. सही शब्द चिनी लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| बाक्य / वाक्य | वाक्य | | क्वाँ क्वाँ / क्वाक्वा | |
| डाडा / डाँडा | | | ड्याउरो / ड्याउरो | |
| क्यामरी / क्यामेरा | | | ख्वाख्क / ख्वाक्क | |
| घ्याम्पे / ख्याम्पे | | | क्वाक्क / ग्याक्क | |

## १२. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| पढ् | पढ्छ | पढ्यो | पढ्ने छ |
| भन् | ------------------- | ------------------- | ------------------- |
| कुद् | ------------------- | ------------------- | ------------------- |
| चर् | ------------------- | ------------------- | ------------------- |
| खाँद् | ------------------- | ------------------- | ------------------- |
| नाच् | ------------------- | ------------------- | ------------------- |
| उढ् | ------------------- | ------------------- | ------------------- |



## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### रमाइलो मेला



गाउँमा मेला लागेको थियो । मेलामा टाढा टाढाका मानिस आउँथे । आकाश र ऋषभले मेलामा इष्टमित्र भेट्ने इच्छा गरे ।आकाशले जिउमा इस्टकोट लगायो ।ऋषभले औँलामा औँठी लगायो । दुबै आइतबारे मेलातिर लागे । उहिले मेलामा हात्ती सिँगारेर राखिन्थ्यो । सबै ऐरावत भनी त्यसलाई भेटी चढाउँथे । गाउँका मुखियाले आफैँ एक अम्खोरा दुध चढाउँथे । यसो गर्दा पिरले आँसु झार्नु नपर्ने विश्वास थियो ।

अहिले मेला पहिलेको जस्तो हुँदैन । मेलामा मानिसहरू ओदान गाडेर खानेकुरा पकाउँथे । कोही अगेनाको छेउमा बसेर आगो ताप्थे । कोही अकबरे खुर्सानी बेच्नमै व्यस्त हुन्थे । कोही चाहिँ झगडा गरेर उपद्रो मच्चाउँथे । आकाश र ऋषभ मेलामा पुग्दा यसपालि त यस्तो देखिएन । अस्ति गाउँमा सबैले सल्लाह गरे । यही कारणले इष्टमित्र पनि मेलामा आएछन् । मेलामा उपद्रो गर्ने कोही पनि थिएनन् । पहिलेको भन्दा धेरै रमाइलो भयो । अकस्मात् गाउँका मुखिया देखिए । सबै कुरा बदलिए पनि उनी चाहिँ उस्तै थिए ।

(क) को को आइतबारे मेलातिर लागे ?

---------------------------------------------------------------

(ख) मेलामा के के गरिन्थ्यो ?

---------------------------------------------------------------

(ग) मेलामा इष्टमित्र किन आएछन् ?

---------------------------------------------------------------

(घ) 'रमाइलो मेला' पाठमा तपाईँलाई राम्रा लागेका कुरा कापीमा टिपोट गर्नुहोस् ।

---------------------------------------------------------------



१४. वर्ण जोडेर दशओटा शब्दमा घेरा लगाई कापीमा लेख्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ए | उ | टा | क | ल | श |
| कु | ता | कु | ल | सु | न्या |
| रा | रा | रो | क | न | उ |
| का | जो | ल | ल | ने | री |
| नी | मु | हा | न | पा | न |
| दे | श | त | ङ | ल | दी |



## १५. उदाहरणमा जस्तै गरी वाक्य परिवर्तन गर्नुहोस् :

जस्तै : भाइ घर गयो ।

भाइहरू घर गए ।

(क) घोडाले दाना खायो ।

(ख) मैले कथा भनेँ ।

(ग) साथी पोखरा गयो ।

(घ) दिदीले कविता लेख्नुभयो ।

(च) बाँदरले मकै भाँच्यो ।

(छ) उसले साथीलाई बोलायो ।





## १६. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

जङ्गलमा हात्ती र न्याउरी थिए । उनीहरू मिलेर बस्थे । हात्ती र न्याउरी सँगै खानेकुरा खोज्न जान्थे । एक दिन तिनीहरूको 'को बाठो' भन्ने कुरामा झगडा पर्‍यो । उनीहरूले सिंहलाई झगडा छिनिदिन भने । सिंहले दुबैलाई खोलापारिबाट काफल टिपेर ल्याओ भन्यो । खोलो तर्दा न्याउरी हात्तीको पिठिउँमा चढ्यो । काफलको रुख अग्लो थियो । न्याउरीले काफल टिप्यो । हात्तीले काफल बोक्यो । दुबै जना फर्किए । सिंह त्यहाँ थिएन । हात्ती भुइँमा थ्याच्च बस्यो । सिंह त अलि पर आँखा चिम्लिएर बसेको थियो । न्याउरीले सिंह त ध्यान गर्दै छ भनी करायो । निदाएको सिंह ब्युँझियो । उसले न्याउरी र हात्तीले मिलेर काम गरेको थाहा पायो । सिंहले दुबै बाठा छौ भन्यो । दुबैले सिंहलाई धन्यवाद दिए ।

१. लय मिलाएर गाउनुहोस् :

## धर्तीलाई बचाऔँ



आँगनछेउ तुलसी बोट आमाले रोपेको
त्यहीँ अलि पर आँपको रुख मैले हो रोजेको
डढेलो लाग्यो जङ्गलभरि आत्तियो आकाश
आत्थाथा भन्दै रुँदै छ माटो बचाऔँ विनाश ।

सुन्दर मन पवित्र भाव नेपाल आमाको
बचाउनुपर्छ देशको माटो तराई हिमालको
कहिले आत्था कहिले आच्छु नपारौँ कसैलाई
मिलेर बाँच्ने अधिकार हुन्छ धर्तीमा सबैलाई ।

माया छ मनमा जडी र बुटी मिलेर बचाऔँ
रमाइलो प्यारो यो हावापानी जङ्गल बचाऔँ
जीव र जन्तु रुख र बोट सबैको धर्ती यो
जतन गरी भोलिका लागि साचेर राख्ने हो ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :







## ३. वर्ण छुट्याएर लेख्नुहोस् र पढ्नुहोस् :

| शब्द | वर्ण | | |
|---|---|---|---|
| **आँगन** | आँ | ग | न |
| आँटिलो | | | |
| आदर्श | | | |
| विनाश | | | |
| उहिले | | | |
| **ओभानो** | | | |
| एघार | | | |
| आवाज | | | |
| रोजेको | | | |

४. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

आच्छु : ------------------------------------------------

आकाश : ------------------------------------------------

हरियाली : ------------------------------------------------

उज्ज्वल : ------------------------------------------------

जाँगरिलो : ------------------------------------------------

आत्तिनु : ------------------------------------------------

एकोहोरो : ------------------------------------------------

उम्रनु : ------------------------------------------------

उकेल्नु : ------------------------------------------------

इस्टकोट : ------------------------------------------------

५. पालैपालो पढ्नुहोस् र कक्षाको अर्को साथीको नाम राखी पाठ फेरि लेख्नुहोस् :



रोनिश : हाम्रो देश नेपाल त साह्रै राम्रो छ नि ! होइन त कौशिका ?

कौशिका : हो नि, देश नि राम्रो छ । हामी नि राम्रा छौँ ।

रोनिश : हा हा ऽ ऽ ऽ नेपाल प्राकृतिक सुन्दरताले भरिएको देश हो । यहाँका त जनावर पनि राम्रा छन् । चराचुरुङ्गी पनि धेरै पाइन्छन् नि । ती पनि राम्रा छन् ।

कौशिका : अरू के के छन् त ?

रोनिश : यहाँ विश्वको अग्लो हिमाल सगरमाथा पनि छ । यही सगरमाथा चढ्नका लागि विदेशी आउने गर्छन् । स्वदेशी पनि सगरमाथा चढ्ने गर्छन् ।

कौशिका : कति राम्रो कुरा गर्‍यौ । अँ अरू पनि भन न ।

रोनिश : अँ दिदीले भन्नुभएको नेपालमा हाल सात प्रदेश र ७७ जिल्ला छन् । यहाँ प्राकृतिक महत्त्वका धेरै वस्तु पनि छन् रे ।

कौशिक : मेरो जिल्लाको नाम रसुवा हो । तिम्रो जिल्लाको नि ?

रोनिश : मेरो जिल्ला धादिङ हो ।

कौशिका : तिमीले यति धेरै जानकारी दियौँ, धन्यवाद है ।

रोनिश : ध्यान दिएर सुन्यौ, तिमीलाई पनि धन्यवाद ।

## ६. पाठ पढ्नुहोस् र मुख्य मुख्य कुरा कापीमा टिप्नुहोस् :



उर्मिला बजारतिर घुम्न गइन् । बजारमा सुगा व्यापारीसँग उनको भेट भयो । व्यापारीसँग दुईओटा सुगा थिए । उर्मिलालाई सुगा किन्न मन लाग्यो । उनले सुगाको मूल्य सोधिन् । सुगा व्यापारीले एक सय र पाँच सय भने । उर्मिला छक्क परिन् । सुगा उत्रै र उस्तै देखिन्थे । सुगाको मूल्य फरक हुनाका कारण सोधिन् । "किनेर लैजानुहोस् अनि कारण थाहा पाइहाल्नुहन्छ नि ।" व्यापारीले बताए । उनले सुगा किनेर घरमा लगिन् । दुबै सुगालाई आफ्नो कोठामा राखिन् । बिहान हुनेबित्तिकै एउटा सुगाले मिठा भजन गायो । अर्काले नराम्रो शब्दमा गाली गऱ्यो । असल बानीले सुगाहरूलाई सस्तो महँगो बनाएको रहेछ । उर्मिलाले कुरो बुझिन् ।



## ९. खाली ठाउँमा मिल्ने शब्द छानी लेख्नुहोस् :

(क) भाइ खुरुखुर ........................................................................... ।
(हिँड्यो, थुन्यो, पढी)

(ख) सलमा बेसरी ........................................................................... ।
(कुद्यो, कुदी, कुद्छस्)

(ग) छोराले राम्ररी ........................................................................... ।
(लेख्यो, लेखी, लेख्नुहुन्छ)

(घ) सुम्निमाले भलिबल ........................................................................... ।
(खेल्यो, खेली, खेल्छस्)

(ङ) किसानले असारमा धान ........................................................................... ।
(रोप्छौँ, रोप्छौ, रोप्छन्)

(च) हामीले हरिया तरकारी ........................................................................... ।
(खानुपर्छ, खानुहुन्छ, खान्छौ)

(छ) उनले निबन्ध ........................................................................... ।
(लेख्यो, लेखे, लेख्नुभयो)





## १०. कुन अक्षर आधा बनाउने हो, पत्ता लगाई आधा बनाएर लेख्नुहोस् :

जस्तै : लेखनु - लेख्नु          उडनु - उड्नु

बसनु, पढनु, सुतनु, बालनु, भनन, कुदनु, उठनु, उडनु, फलनु, झयाल, सयाल, रयाल, वाकय, शबद, घणट

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

## ६. दिइएका शब्दको अन्तिम वर्णबाट बन्ने शब्द लेख्नुहोस् :

| विमान | नजिक | कवि | विहार | रवि | विदेश | शङ्कर | रहेछ | छवि |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

## ११. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### खरायो र चितुवा



एउटा ठुलो जङ्गल थियो । त्यहाँ धेरै बिरुवा थिए । बिरुवाको सङ्ख्या दिनदिनै वृद्धि हुँदै थियो । जङ्गलमा भएका बिरुवा रुख हुन थाले । त्यहाँ एक जोडी खरायो आएर बस्न थाले । खरायोका बच्चा जन्मिए । ती बच्चाहरू पनि बढ्न थाले । बच्चाहरू कहिलेकाहीँ बाहिर खेल्न निस्किन्थे । तिनीहरू मोटाघाटा देखिन थाले । खरायोका बच्चा खानलाई स्याल, चितुवा र ब्वाँसो दाउ छोप्थे । यो कुरा ठुला खरायोले थाहा पाए । उनीहरूले बच्चाहरूलाई सम्झाए, "तिमीहरू बाहिर ननिस्क है । स्याल, चितुवा र ब्वाँसाले मार्छन् ।" नजिकमा एउटा चितुवा बस्थ्यो । उसलाई खरायोका बच्चा खान मन लाग्यो । चितुवाले दाउ छोपेर बसेको ठुला खरायोले देखे । उनीहरूले आफ्ना बच्चालाई बाहिर ननिस्क है भन्दै दुलाबाट बाहिर आए । त्यहाँ चितुवालाई छलेर चउरमा चर्न गए । एउटा चुलबुले बच्चो आमाबुबा खोज्दै बाहिर आयो । चितुवाले खरायो बाहिर निस्केको अड्कल लगायो । खरायोले हेर्दाहेर्दै चितुवाले एउटा बच्चा टिपिहाल्यो । जान्नेसुन्नेले भनेको नमान्दा चुलबुले बच्चो चितुवाको फन्दामा पऱ्यो । त्यसैले हामीले ठुलाबडाले भनेको मान्नुपर्छ ।

(क) जङ्गलमा के के थिए ?

(ख) खरायोका बच्चाहरू किन निस्किन्थे ?

(ग) कुन बेलामा चितुवाले खरायोका बच्चालाई समात्यो ?

(घ) ठुलाबडाले भनेको किन मान्नुपर्छ ?



१२. मिल्ने शब्द छानी खाली ठाउँ पूरा गर्नुहोस् ।

| | | | |
|---|---|---|---|
| दाना | पाना | कथा | कविता |
| अम्खोरा | एक्कासि | ऋण | आफ्ना |

(क) दिदीले धेरै ------------------------------ सुनाउनुहुन्छ ।

(ख) हजुरबुबा ------------------------------ पनि लेख्नुहुन्छ ।

(ग) किताबमा धेरै ------------------------------ हुन्छन् ।

(घ) डालामा अम्बाका ------------------------------ छन् ।

(ङ) उनले ------------------------------ बाट पानी खाइन् ।

(च) आज ------------------------------ पानी पऱ्यो ।

(छ) बुबाले ------------------------------ लिनुभयो ।

(ज) तिमी ------------------------------ लुगा आफैँ धोऊ ।

## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### हाम्रो वातावरण



हाम्रा वरिपरि हावा, पानी र रुखबिरुवाहरू छन् । हामीलाई बाँच्नका लागि हावा र पानी चाहिन्छ । हामीले फेर्ने सास हावाबाट लिन्छौँ । हामीले सास फेर्ने हावा शुद्ध हुनुपर्छ । हावामा धुलो धुवाँ मिसिन गई हावा फोहोर हुन्छ । त्यस्तो फोहोर हावाले हामीलाई रुगाखोकी लाग्छ । दूषित हावाबाट फोक्सोमा रोग लाग्छ । हामीले पिउने पानी पनि सफा हुनुपर्छ । कुवा, इनार, खोलामा धुलोफोहोर वस्तु मिसिएमा पानी दूषित हुन्छ । दूषित पानी पिएमा हामीलाई हैजा, झाडापखाला, आउँ, टाइफाइड जस्ता रोगहरू लाग्छन् । त्यसैले हामीले हावा र पिउने पानी सफा राख्नुपर्छ । हावा र पानी सफा राख्नका लागि हाम्रो वरपरको वातावरण र जमिनलाई सफा राख्नुपर्छ । कलकारखाना र गाडीबाट निस्कने धुवाँलाई कम गर्नुपर्छ । पुराना र धुवाँ धेरै फाल्ने गाडीलाई सडकमा गुड्न दिनुहुँदैन । सडकमा धुलो उड्न दिनुहुँदैन । सडक खनेपछि कालोपत्रे गरिहाल्नुपर्छ । गल्ली र सडकमा जथाभावी फोहोर फाल्नुहुँदैन । बाटो बढार्नुपर्छ । प्लास्टिक पोल्नु हुँदैन । घर, अफिस र कारखानाबाट निस्कने फोहोरलाई कुहिने र नकुहिने अलग अलग बनाउनुपर्छ । कुहिने फोहोरलाई खाल्डोमा गाडेर मल बनाउनुपर्छ । नकुहिने फोहोरलाई बेच्नुपर्छ । खोला, इनार र पानीका मुहानमा फोहोर फाल्नुहुँदैन । मुहान वरपर रुखबिरुवा रोप्नुपर्छ । यसो गरेमा वातावरण सफा हुन्छ । हावा र पिउने पानी पनि सफा हुन्छ । हाम्रो वातावरण पनि स्वच्छ र सुन्दर हुन्छ । हामी स्वस्थ भई धेरै बाँच्न सक्छौँ ।

(क) हावा र पानी कस्तो हुनुपर्छ ?

------------------------------------------------------------------------------------------------

(ख) हावा र पानी कसरी दूषित हुन्छ ?

------------------------------------------------------------------------------------------------

(ग) हावा सफा राख्न के गर्नुपर्छ ?

------------------------------------------------------------------------------------------------

(घ) पानी कसरी सफा राख्न सकिन्छ ?

------------------------------------------------------------------------------------------------





## १४. सही शब्द चिनेर लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| भोलि | भोली | हीजो | हिजो |
| सुभ | शुभ | खेती | खेति |
| फर्सी | फर्सि | ईन्द्र | इन्द्र |
| सफा | षफा | दूषित | दुसित |
| फर्सी | फर्सि | ईन्द्र | इन्द्र |

## १५. कविता पढ्नुहोस् र तपाईँलाई कस्तो लाग्छ, भन्नुहोस् :

### तिमीलाई कस्तो लाग्छ ?

यत्रो ठुलो आकाशलाई केले थाम्छ होला
पानी बोक्दा जाडो भई बादल काम्छ होला
यताउता गर्दै हावा खालि किन भाग्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

बिउ रोप्दा बोट हुन्छ कसरी भो फल
माथि माथि जान्न खोलो किन बग्छ तल
आगोबिना बोटमा केरा के भएर पाक्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

कागज भने पानीमाथि तैरिएर बस्छ
ढुङ्गा हाल्यो भने किन पानीभित्र पस्छ
उखेलेर रोपे पनि रुख किन जाग्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?

जून किन चिसो हुन्छ घाम किन तातो
सँगै हिँडे हुन्न तिनले किन फरक बाटो
थाक्दैनन् ती तर हाम्रो खुट्टा किन थाक्छ
यस्तै लाग्छ सधैँ मलाई तिमीलाई कस्तो लाग्छ ?





## १६. तल दिइएका शब्द साथीले पढेको सुनी कापीमा लेख्नुहोस् :

(क)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| अपुग | अहित | अमन | अमृत | आदेश | आकृति | आहारा | आचार |

(ख)

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पढ्छ | हिँड्छ | कुद्छ | खेल्छ | लेख्छ | भन्छ | थुन्छ | बुन्छ | पढ्छे | हिँड्छे |



## १७. पाठ पढ्नुहोस् र तपाईंले देखेको कुनै सपना कक्षामा सुनाउनुहोस् :

### दिक्पालको दाँत



एउटा देउराली गाउँ थियो । त्यहाँ दिक्पाल नाम गरेको सानो बालक थियो । उसका दाँत राम्रा थिए । दिक्पालका दाँत देखेर सबै लोभिन्थे । दिक्पाल अलि अल्छी थियो । उसलाई दाँत माझ्न अल्छी लाग्न थाल्यो । उसले दाँत माझ्न छाड्यो । उसलाई आमाले सम्झाउनुभयो । बुबाले सम्झाउनुभयो । गुरु र गुरुआमाले सम्झाउनुभयो । दिक्पालले कसैले भनेको मानेन । उसका दाँत दिनदिनै फोहोर हुँदै गए ।

दिक्पाल बिस्कुट खान्थ्यो । त्यो बिस्कुट दाँतका कुनामा टाँसिन्थ्यो । चकलेट खान्थ्यो । त्यो पनि अर्को कुनामा टाँसिन्थ्यो । यसरी नै ऊ भात, तरकारी र फलफूल खान्थ्यो । ती सबै उसका दाँतका कुना कुनामा अलि अलि अड्किँदै जान्थे । बिस्तारै दाँतमा अड्किएका ती वस्तुहरू कुहिन थाले । दिक्पालको मुख गन्हाउन थाल्यो । एक दिन दिक्पाललाई दाँत दुख्यो । त्यसपछि उसलाई ज्वरो आयो । ऊ बिरामी भएर सुत्यो ।





निद्रामा उसलाई आफू सुतेको खाट माथि माथि उडे जस्तो लाग्यो । निद्रामा नै उसले आफ्ना दाँतमा किराहरूको बैठक बसेको देख्यो । दिक्पालले तिनका कुरा सुन्यो । एउटा किराले भन्यो, “म बिस्कुटबाट बनेको हुँ ।” अर्कोले भन्यो, “म भातबाट बनेको हुँ ।” सबैले आआफ्नो परिचय दिए । ती सबै दिक्पालले खाएका कुराहरूबाट बनेका रहेछन् । ती सबै भन्दै थिए, “यो बालक हामीलाई साह्रै मन पर्छ । यसले हामीलाई माया गर्छ । कहिल्यै दाँतमा ब्रस गर्दैन । उसले ब्रस गऱ्यो भने त हामी मरिहाल्छौँ नि ! अब बिस्तारै हामी यसको घाँटीबाट भित्र पस्नुपर्छ । यसका मुटु, कलेजो सबै खाइदिनुपर्छ ।”

“नाइँ, नाइँ, म मेरो मुटु कलेजो खान दिन्नँ ।” दिक्पाल आत्तिँदै उठ्यो । “के भयो ?” आमा पनि आत्तिँदै उसका छेउमा पुग्नुभयो । उसले आमासँग मन्जन र ब्रस माग्यो । आमा छक्क पर्नुभयो । ब्रस गरभन्दा कहिल्यै नमान्ने दिक्पालले आज आफैँ ब्रस र मन्जन माग्दै छ ! आमालाई आश्चर्य लाग्यो । आमाले सोध्नुभयो, “किन र ? के भयो आज तिमीलाई ?” दिक्पालले आफूले देखेको सपनाका बारेमा सबै कुरा सुनायो । हाँस्दै गएर आमाले ब्रस र मन्जन ल्याइदिनुभयो । दिक्पालले ब्रस गर्न थाल्यो । भोलिपल्टदेखि दिक्पालको दाँत निको हुँदै गयो । अहिले दिक्पाल खाना खाएपछि बिहान र बेलुकी दाँत माझ्छ ।

१. लय मिलाएर गाउनुहोस् :

## हाम्रो अठोट

चर्को घाम लागेमा ओभ्रेलमा बसौँला
दर्के पानी परेमा छाताभित्र पसौँला
आनाकानी नगर्ने आश्चर्यमा नपर्ने
आनन्द हो जीवन कुनै भ्रम नछर्ने ।



आपत् विपत् आएमा टार्नुपर्छ आफैँले
काँतर बन्नुहुँदैन भन्नुहुन्छ आमाले
म त बन्छु असल धेरै धेरै पढेर
आऊ जोगाऔँ फसल गोडमेल गरेर ।

आगो पनि चाहिन्छ पानी पनि चाहिन्छ
बोटबिरुवा लगाए अक्सिजन पाइन्छ
झार जति उखेल्छौँ फलफूल उमार्छौँ
वातावरण जोगाउँछौँ दुःख सारा भगाउँछौँ ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :










## पाठ पढेर साथीलाई सुनाउनुहोस् :

### स्यालको स्वागत



एउटा जङ्गल थियो । जङ्गलमा सबै जनावर मिलिजुली बस्थे । जङ्गलमा नयाँ नेताको चुनाव भयो । सबै मिली स्याललाई जिताए । स्याल नेता भयो । स्यालको स्वागत गर्न पाहुना आए । गाउँबाट मानिस आए । समुद्रबाट ह्वेल आउन खोज्यो तर सकेन । जङ्गलका अरू धेरै जनावर जम्मा भए । स्याललाई आफू ठूलो व्यक्ति भए झैँ लाग्यो । स्याल स्वाँङ पार्दै आयो । बाँदरले माला लगाइदियो । स्यालको सास गनायो । बाँदरले स्यालको कानमा खुसुक्क भन्यो, "रिसानी माफ होस्, हजुरको छेउमा उभिँदा गन्हाउँछ ।" स्यालले बाँदरको कुरा मान्यो । उसले सोध्यो, "गन्ध रोक्न म के गरौँ त बन्धु ?" बाँदरले उत्तर दियो, "धारामा गई खलखली नुहाउनुहोस् । ल अहिले चाहिँ यही अत्तर छर्कनुहोस् ।" बाँदरले बिस्तारै बोलेको थियो, सबैले सुनेछन् । सबै हाँस्न थाले । बाँदरले कराएर भन्यो, "उहाँको जिउ चिलाउँदै छ । तपाईंहरू चाहिँ हाँस्ने ? बरु उहाँका लागि नुहाउने साबुनको व्यवस्था होस् ।" स्यालले भन्यो, "भैगो साबुन किन्न म आफैँ जान्छु ।" स्याल साबुन किन्न सहरतिर लाग्यो ।

## ४. तलका शब्दहरू पढ्नुहोस् र लेख्नुहोस् :

बेसुर ............................................

बेनाम ............................................

बेताल ............................................

बेवास्ता ............................................

खेल्थ्यो ............................................

लेख्थ्यो ............................................

भन्थ्यो ............................................

गन्थ्यो ............................................

पढ्थी ............................................

हिँड्थी ............................................

कुद्थी ............................................

लेख्थी ............................................



### ५. शब्दलाई अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| चट्याङ | धेरै बत्तीको उज्यालो |
| दुर्लभ | भुवा |
| झिलीमिली | बिजुली चम्कँदा आउने ठुलो आवाज |
| भुत्ला | भाँडभैलो |
| औसानी | सजिलैसँग नपाइने |
| औंसा | किराहरूको विकासको दोस्रो अवस्थाको जीव |
| उपद्रो | चराका फुल र चल्लालाई माउले भुँवाले छोप्ने काम |
| ओथारो | पितृका निम्ति दिइने पाँच चिम्टी अन्न |

## ७. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### छावाले के गर्ला ?



हात्तीको छावा होटलछेउमा आयो । होटेलमा सानी नानी थिई । छावाले नानीलाई देख्यो । नानी बसिरहेकी थिइन् । छावा पनि बस्यो । नानी उठिन् । छावा पनि उठ्यो । नानीले हातमुख धोइन् । उनले नुहाइन् । छावा पनि पौडी खेल्न पोखरीमा पस्यो । नानी भान्साकोठामा गइन् । आमाबुबालाई बोलाइन् । छावाले पनि हात्तीलाई बोलायो । नानीले खाना खाइन् । छावाले घाँस खायो । नानीले चुठिन् । छावाले पानी पियो । नानीले दाँत माझ्न थालिन् । नानीका दाँत सेता देखिए । लौ फसाद, छावाका दाँतै देखिएनन् । अब छावाले के गर्ला ?

(क) होटेलमा को थियो ?

(ख) छावाले कसरी नुहायो ?

(ग) नानीका दाँत किन सेता देखिए ?

(घ) छावाले के गऱ्यो होला ?

ट. पालैपालो पढ्नुहोस् :

## कुटीमा लड्डु



रम्री : सेती, लामो घरछेउको कुटीमा जाऔँ न ।

सेती : सुलुक्क परेको रुखको छेउको घरमा ?

रम्री : त्यही घरको छेउको कुटीमा ।

सेती : त्यहाँ के छ र ?

रम्री : त्यहाँ एक जना मानिस छन् । तिनले लड्डु दिन्छन् ।

सेती : ए हो र ?

रम्री : हो त । मलाई कस्तो खान मन लागिसक्यो । छिटो जाऔँ न ।

सेती : अहिले नजाने, भरे जाऔँला । दिउँसो त बिरालाले समाउँछ । म त जान्नँ ।

रम्री : हुन्छ त । भरे चाहिँ पक्का नि । रम्री र सेती दुलाभित्र छिरे ।



## ९. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

लाम्चो : गाईको कान लाम्चो थियो ।

सुलुक्क: ..........................................................................

मान्छे : ..........................................................................

लड्डु : ..........................................................................

न्याल : ..........................................................................

पक्का : ..........................................................................

ओदान : ..........................................................................

औंलो : ..........................................................................

उब्जनी: ..........................................................................

औंसा : ..........................................................................



## १0. शब्दको सुरुमा मिल्ने वर्ण थपेर शब्द लेख्नुहोस् :

| न्या, ब, खा, दि, न्वा, थ्या, प्वा, बि., हा, सङ् |
|---|

| | |
|---|---|
| ------------------उरी | ------------------न्छन् |
| ------------------न्छन् | ------------------न्छन् |
| ------------------रन | ------------------च्च |
| ------------------क्क | ------------------रामी |
| ------------------ती | ------------------क्रान्ति |



## ११. पाठ पढी कस्तो लाग्यो, साथीलाई भन्नुहोस् :



### म त खान्नँ

“दाल, भात र तरकारी पकाउँछु, हुन्न ?” बुबाले मधुलाई सोध्नुभयो । “कति दिन त्यही मात्र खानु ? आज बिहान ढिँडो खाऔँ । दिउँसो खाजामा सातु वा भुटेको मकै खाऔँला । बेलुकी रोटी र तरकारी खानुपर्छ ।” आमाले थप्नुभयो । “भोलि माघेसङ्क्रान्ति छ । खिचडी खाओ भन्नुहोला । भाइबहिनीलाई त लिटो र जाउलो दिने होला ? मिठो मिठो खान पाइदैन ? म त खान्नँ ।” सानी सविताले घुर्क्याई । उसले थपी, “चकलेट, चाउचाउ, बिस्कुट र कुरकुरे ल्याइदिनुस् । नत्र केही खान्नँ ।” सानीले ढिपी गरी । उसले भनेको आमाले मान्नुभयो । मधुले सविताको सिको गरे । किनेको खाना खाएपछि उनीहरू दुब्लाउँदै गए । उनीहरू एक दिन बिरामी पनि भए । आमाले उनीहरूलाई डाक्टरकहाँ लैजानुभयो । जाँचेपछि डाक्टरले भने, “नानीबाबुको पेटमा खराबी छ । पसलका तयारी खानेकुरा किनेर खान्छन् कि क्या हो ?” मधु र सवितालाई आफ्नो गल्ती थाहा भयो । दुबैले चकलेट, चाउचाउ, बिस्कुट र कुरकुरे देखाउँदै भने, “अब हामी यस्ता तयारी खानेकुरा खान्नौँ ।” डाक्टर मुसुक्क हाँसे । आमा पनि खुसी हुनुभयो ।



## १२. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) तिमीले भटमास ........................................ ।

(रोपेका छौ, कुदेका छौ)

(ख) प्रहरीले चोरलाई ........................................ ।

(बुनेको छ, थुनेका छन्)

(ग)रजनीले कविता ........................................ ।

(लेखेकी छे, लेखेको छ)

(घ)शाश्वतले कथा ........................................।

(भनेको छ, हिँडेको छ)

(ङ)मैले चित्र ........................................।

(बचाएको छु, बनाएको छु)

(च) म तराई ........................................।

(गएको छु, चढेको छु)

## १३. चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) चित्रमा माझीले के गरिरहेका छन् ?

(ख) डुङ्गा केमाथि तैरिरहेको छ ?

(ग) तपाईँलाई चित्रको कुन कुरा मन पऱ्यो, किन ?



## १४. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### आहा ! कति राम्रो खप्तड



गुरुआमा कक्षामा आउनुभयो । उहाँले एउटा ठुलो चित्र ल्याउनुभएको थियो । उहाँले भित्तामा चित्र टाँस्दै भन्नुभयो, “आज म तिमीहरूलाई खप्तड लेकका बारेमा बताउँछु ।” हामी खुसी भयौँ । गुरुआमा भन्न थाल्नुभयो, “खप्तड लेक सुदूरपश्चिम प्रदेशको डोटी जिल्लामा पर्छ । यसले डोटीलाई अछाम, बाजुरा र बझाङ जिल्लासँग जोडेको छ । यहाँ सुरुमा हेप्ताली भनिने मानिसहरू बस्थे । पछि तिनीहरूलाई खप्तडेली भन्न थालियो । खप्तडका पाखाभरि ढकमक्क फूल फुलेका छन् । यसलाई बाइस पाटन र त्रिपन्न तालको लेक भन्ने गरिन्छ । यहाँ ठुला ठुला पाटनहरू (सम्म मैदान) र तालहरू छन् । राम्रा राम्रा मन्दिर पनि छन् । खप्तड साह्रै राम्रो छ ।” उहाँले थप्नुभयो, “खप्तडमा एउटा राष्ट्रिय निकुञ्ज छ । त्यहाँ खरायो र मृग खेलिरहेका भेटिन्छन् बाघभालु पनि छन् । यहाँ हिउँदमा हिउँ परेर सेताम्मे हुन्छ । गर्मी समयमा रङ्गीचङ्गी फूलहरू फुल्छन् । खप्तड नजिकै त्रिवेणी छ । त्यहाँ स्वर्णगङ्गा, नीलगङ्गा र आकाशगङ्गा तीनओटा नदीहरू मिसिएका छन् । त्यहीँ केदारपाटन भन्ने ठुलो मैदानी भाग छ । दसैँमा त्यहाँ प्रसिद्ध खप्तड मेला लाग्ने गर्छ । मेलामा देउडा खेल्ने चलन छ । त्यहाँ खप्तड ताल, खपार मस्टोको मन्दिर र होमकुण्ड पनि छ । खप्तड ज्यादै पुरानो र पवित्र तीर्थस्थल हो । यो महाभारत कालमा पनि थियो रे ! यो खप्तड बाबाले योग साधना र तपस्या गरेको ठाउँ हो । यहीँ बसेर उहाँले ‘विचार विज्ञान’ र ‘स्वास्थ्य विज्ञान’ जस्ता पुस्तक लेख्नुभयो । एउटा जडीबुटी उद्यानको स्थापना गर्नुभयो । २०५३ सालमा उहाँको निधन भयो तर सबैले उहाँलाई सम्झिरहन्छन् ।” गुरुआमाका कुरा सुनेपछि हामीले एकै स्वरमा भन्यौँ, ‘आहा ! कति राम्रो खप्तड ! कहिले घुम्न जान पाइएला !’

(क) खप्तड कहाँ पर्छ ?

-----------------------------------------------------------------------------------------------

(ख) खप्तडमा के के छन् ?

-----------------------------------------------------------------------------------------------

(ग) खप्तड क्षेत्र नाम रहनुको कारण के होला ?

-----------------------------------------------------------------------------------------------



## १५. देशका नाम चिनेर कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ची | अ | श्री | जा | पा | न | ग्रि |
| न | मे | ल | म | कि | बें | स |
| भा | रि | ङ्का | ले | स्ता | इ | ब |
| र | का | का | सि | न | रा | ङ्ग |
| त | सु | क्या | या | इ | न | ला |
| रु | डा | न | भु | टा | न | दे |
| स | न | डा | स | ली | आ | श |

## १६. शुद्ध शब्द छानी लेख्नुहोस् :

| | | |
|---|---|---|
| यता / ऎता | विदेश / बिदेश | अउजार / औजार |
| वर्ष / वर्स | पानि / पानी | सुर्य / सूर्य |

## १७. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

बेखमानले बाँसुरी किन्यो । बेखमानले बेसरी बाँसुरी फुक्यो । बाँसुरीको धुन बेसुरा सुनियो । उसको बाँसुरी फुकाइ नै बेताल र बेढङ्गको थियो । सुन्ने जति सबैलाई बेमजा लाग्यो । सबैले बेखमानलाई त्यसरी नबजाऊ भने । बेखमानले बेवास्ता गऱ्यो । बेखमानको कुनै बदनियत थिएन । न त बदमासी नै थियो । अरूले त्यसै बदनाम गर्न खोजे । बेखमान बाँसुरी बोकेर बेजोडले कुद्यो । घर पुगेर उसले एउटा अठोट गऱ्यो, "अब म बाँसुरी बेसुरमा बजाउँदिन । मधुर धुन निकालेर बजाउने कोसिस गर्छु ।"





## ५. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

अम्बर अकस्मात् बगैँचामा आए । बगैँचामा विभिन्न बोटबिरुवाहरू थिए । कोही मसिना र होचा, कोही ठुला र आकाश छुने अग्ला थिए । इन्द्रले मसिना झार उखेल्न थाले । उनी सबैलाई काममा उछिन्थे । उनले ऊष्मा, ऊर्जा र ऋचालाई बोलाए । ऋचाले अम्खोरामा पानी लिएर आइन् । उनीहरूले बगैँचामा अनौठो बोट देखे । टिप्न चाहिँ गाह्रो, खान चाहिँ मिठो ऐँसेलु पो रहेछ । ऐँसेलु ओरालामा थियो । उनीहरू ओरालाको ओभानो ठाउँमा गएर ऐँसेलु टिप्न थाले । "आत्था ! औँलामा काँडाले घोच्यो ।" ऋचाले भनिन् । अंशुले औँलाको काँडा निकालिदिइन् । सबै जना बगैँचाबाट घर फर्के । ऐँसेलु खाएको कुरा घरमा सुनाए ।

**(ख) दिएका वर्णबाट दुई दुईओटा नयाँ शब्द लेख्नुहोस् :**

अ ------------------ ------------------ आ ------------------ ------------------

इ ------------------ ------------------ ई ------------------ ------------------

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

ऐँसेलु : ------------------------------------------------------------------------

अम्खोरा : ------------------------------------------------------------------------

इष्टमित्र : ------------------------------------------------------------------------

औँठी : ------------------------------------------------------------------------

**(घ) दिइएको तालिकाबाट पाँचओटा बोटबिरुवाको नाम पत्ता लगाई भन्नुहोस् :**

| | | | | |
|---|---|---|---|---|
| उ | नि | उँ | ता | का |
| फ्र | त्ति | हाँ | सा | ग |
| नु | ना | स | पा | ती |
| न | रि | व | ल | नी |
| जु | ना | र | जौ | म |



(ङ) उल्टो अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| ठुलो | दुब्लो |
| अग्लो | छोटो |
| मोटो | होचो |
| लामो | सानो |

(च) मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :

(अ) ------------------- खेल खेल्छु । (म, हामी, तिमी)

(आ) ------------------- गृहकार्य कहिले सक्छौं ? (म, हामी, तिमी)

(इ) ------------------- फूलबारीमा जान्छौ । (म, हामी, तिमी)

(ई) ------------------- मुसुक्क हाँस्छिन् । (म, हामी, उनी)

(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

धेरै बिरुवामध्ये तुलसी उत्तम बिरुवा हो । तुलसीले जडीबुटी र औषधीको काम गर्छ । यसको बास्नाले रोगका कीटाणुहरू टाढै भाग्छन् । त्यसैले आफ्नो घर वरिपरि तुलसी रोप्नाले फाइदा पुग्छ । यसले धेरै अक्सिजन फाल्छ । त्यसले हामीलाई फाइदा गर्छ । तुलसीको फूल, पात, डाँठ, जरा र बिउ सबै काम लाग्छ । फूलको भागलाई मञ्जरी भन्छन् । मञ्जरी र पात औषधीका रूपमा प्रयोग गर्न सकिन्छ । ज्वरो, रुगाखोकी आएका बेलामा तुलसीका पात पानीमा पकाएर पिउनाले रोग निको हुन्छ । यसबाट घरेलु चिया पनि बनाउन सकिन्छ । तुलसीका पात पकाएको पानी पिउनाले रोग लाग्नबाट बचाउँछ । त्यसैले सबैले घरमा तुलसी लगाऔं, सामान्य रोग भगाऔं ।

(अ) तुलसी कस्तो बिरुवा हो ?

-------------------------------------------------------------------------------------------

(आ) तुलसीको बिरुवाले के के फाइदा पुर्‍याउँछ ?

-------------------------------------------------------------------------------------------

(इ) तुलसी जस्तै उपयोगी अन्य दुईओटा बिरुवाको नाम लेख्नुहोस् ।

-------------------------------------------------------------------------------------------

शिक्षकको हस्ताक्षर : .............. अभिभावकको हस्ताक्षर : ..................

# मेरो सिर्जना



## १. लय मिलाएर गाउनुहोस् :

### छेपाराको किनमेल



गलबन्दी भिरेर मुख पारी गमक्क
सहर गयो छेपारो लम्किएर लमक्क
हाँस्दै छ ऊ मुसुक्क हातमा घडी टिमिक्क
साथी भेट्दा बाटामा पार्छ आँखा झिमिक्क ।

घोरल अनि छुचुन्द्रो पछि पछि आएका
दुबै परे खन्चुवा खाजा किनी खाएका
हिँड्दाहिँड्दै बाटामा गोडा भए फत्रक्क
किन साथी यसरी लत्रिएको लत्रक्क ?

छेस्काछेस्की बाटामा घुइँचो थियो बजारमा
छाता किन्यो नौरङ्गी छेपाराले हजारमा
एउटा किन्यो कटहर दुइटा किन्यो चकटी
घरमा पुग्दा किन हो छेपारीले लखेटी ।







३. वर्ण छुट्याएर लेख्नुहोस् :

छेपारो → छे | पा | रो

चटक्क → ___ | ___ | ___

घोरल → ___ | ___ | ___

खटिरा → ___ | ___ | ___

कम्मल → ___ | ___ | ___

कम्पास → ___ | ___ | ___

## ४. चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) चित्रमा कति जना मान्छे छन् ?

(ख) चित्रमा के कार्य हुँदैछ ?

## ५. सुरुका वर्ण हटाएर शब्द बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| छेपारो → पारो | उधारो → | पहिलो → | डकर्मी → |
| चौतारो → | कपास → | टोकसो → | चटक्क → |
| छपक्क → | चुचुरो → | चेपारो → | एघार → |
| ओथारो → | ओसार्नु → | अप्रिय → | इकार → |
| ईशान → | संस्थान → | ओदान → | उमार्नु → |
| इटाली → | | | |

## ६. पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### आहा ! चित्रकार



श्वेता र राकेश दाजुबहिनी हुन् । उनीहरूका आमाबुबा किसान हुनुहुन्छ । उहाँहरू खेतीपातीको काम गर्नुहुन्छ । उहाँहरूले छोराछोरीलाई राम्रो शिक्षा दिने सपना देख्नुभएको छ । यस वर्ष पानी कम पऱ्यो । उहाँहरूले खेतबारीमा मौसमअनुसारको बाली लगाउन पाउनुभएन । बेमौसमी तरकारी पनि राम्रो भएन । तरकारीको अनिकाल भयो ।

पानी नपरेकाले उहाँहरू दुःखी हुनुभयो । उहाँहरू पानी परेपछि बालीनाली लगाउने आसमा हुनुहुन्छ । संयोगले ढिलै भए पनि पानी पऱ्यो । उहाँहरूले मौसमअनुसारका तरकारी बाली लगाउनुभयो । तरकारी बाली सप्रियो । आम्दानी बढ्ने भएकाले उहाँहरू खुसी हुनुभयो । तरकारी बेचेर छोराछोरी पढाउने सपना पूरा भयो । छोराछोरी चित्र बनाउन पनि रुचि राख्छन् । भविष्यमा उनीहरूको चित्रकारिता अध्ययन गर्ने उद्देश्य छ । आमाबुबाको इच्छाअनुसार उनीहरू पनि राम्रो पढिरहेका छन् ।

(क) श्वेता र राकेश को हुन् ?

(ख) उनीहरू कस्ता चित्र बनाउन मन पराउँछन् ?

(ग) बेमौसमी तरकारी किन राम्रो भएन ?

## ७. मिल्दो शब्द राखी वाक्य लेख्नुहोस् :

(क) बहिनीले गीत ---------------------------------------------------- ।

(गाउँछ, गाउँछिन्, गाउनुहुन्छ)

(ख) बारीमा रुखहरू ---------------------------------------------------- ।

(लडे, लड्यो, लडिन्)

(ग) आमाले कथा ---------------------------------------------------- ।

(भन्नुभयो, भनिन्, भन्यो)

(घ) उनीहरू कहाँ ---------------------------------------------------- ?

(गइन्, गए, गयो)

## ८. उदाहरणमा दिइए जस्तै परिवर्तन गरी लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| बस्नु | बस्छ | बस्यो | बस्ने छ |
| लिप्नु | ---------------------- | ---------------------- | ---------------------- |
| हिँड्नु | ---------------------- | ---------------------- | ---------------------- |
| पुछ्नु | ---------------------- | ---------------------- | ---------------------- |
| लेख्नु | ---------------------- | ---------------------- | ---------------------- |
| खेल्नु | ---------------------- | ---------------------- | ---------------------- |





## ९. सही चिह्न लेखी वाक्य बनाउनुहोस् :

| । | ? | ! |
| --- | --- | --- |

(क) तिमी कोसँग खेल्छौ .........

(ख) शिक्षकले गृहकार्य दिनुभयो .........

(ग) आहा ..... चित्र बनाउँदा कति रमाइलो भयो ....

(घ) हामीहरू डुल्न गएर आयौँ .........

## १०. शब्द र अर्थको जोडा मिलाउनुहोस् :

| | |
| --- | --- |
| कपर्दी | शरीरमा विकार पैदा हुँदा निस्कने फोको |
| खटिरो | खेल |
| चकटी | आँखाका जम्ने फोहोर |
| कट्मिरो | पराल र खोस्टाबाट बस्न बनाइएको साधन |
| कचेरा | आधा पाकेको |

## ११. सुन्नुहोस् र उत्तर लेख्नुहोस् :

### चलचित्रमा चट्याङ



शनिवारको दिन थियो । चञ्चल चटक्क परेर चलचित्र हेर्न गयो । चलचित्र हेर्न साथीहरू पनि आएका थिए । चलचित्र सुरु हुनासाथ पर्दामा चट्याङ पर्‍यो । सबै झसङ्ग भए । चञ्चललाई चाहिँ अचम्म लाग्यो । उसले सोच्यो, "चट्याङ कसरी बन्यो होला ? पर्दामा चट्याङको चित्र कसरी देखियो होला ?" अकस्मात् पर्दामा एक चिकित्सक र बिरामी देखिए । चिकित्सकले बिरामीको उपचार गरे । चलचित्र सकियो ।

चलचित्र सकिएपछि चञ्चल घर फर्क्यो । ऊ कोठामा पस्यो । उसले भित्रबाट छेस्किनी लगायो । चञ्चलले भुइँमा चकटी ओछ्यायो । उसले चट्याङको चित्र बनाउन थाल्यो । उसले चित्रमा एउटा छाप्रो पनि बनायो । उसको चित्रमा छानामा चिचिन्डो फलेको थियो । चिचिन्डाको छेउमा खैरो छेपारो थियो । छाप्रोबाहिरको चउरमा छपक्क भिजेको मानिस छर्लङ्ग देखिन्थ्यो । छाप्राको वरिपरि छेस्काछेस्की थिए । त्यहाँभित्र एउटा छुचुन्द्रो पनि थियो । चञ्चल चित्रमा आकाश र बादल पनि देखाउँदै थियो । एक्कासि चट्याङ पर्‍यो । उसको ध्यान चट्याङले भङ्ग गरिदियो ।

(क) चञ्चल चटक्क परेर के हेर्न गयो ?

---------------------------------------------------------------------------------------------------

(ख) चलचित्रमा कुन कुन दृश्य देखिए ?

---------------------------------------------------------------------------------------------------

(ग) चञ्चलको ध्यान किन भङ्ग भयो ?

---------------------------------------------------------------------------------------------------

(घ) माथिको पाठबाट मुख्य मुख्य पाँचओटा बुँदा कापीमा टिप्नुहोस् ।

---------------------------------------------------------------------------------------------------



१२. दिइएको निवेदन पढ्नुहोस् र यस्तै ढाँचामा निवेदनको अर्को नमुना तयार पार्नुहोस् :

मिति : २०७८।०२।०९

श्री प्रधानाध्यापकज्यू,
सगरमाथा आधारभूत विद्यालय
कपिलवस्तु ।

**विषय : बिदा पाऊँ भन्नेबारे ।**

मलाई रुगाखोकी लागेको छ । कहिलेकाहीँ ज्वरो पनि आउँछ । सास फेर्न पनि गाह्रो भइरहेको छ । त्यसैले मलाई आजदेखि एक साता बिदा दिनुहुन विनम्र अनुरोध गर्छु ।

निवेदक
सुमिना यादव
कक्षा तीन
रोल न. ४

१३. तलका शब्द जस्तै अन्तिममा आउने वर्णबाट शब्द बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| माछा | छाम | मलम | महल |
| लहरो | रोटी | टीका | काका |

------------------- ------------------- ------------------- -------------------

------------------- ------------------- ------------------- -------------------

१४. उपयुक्त शब्द छानी तलको कविता पूरा गर्नुहोस् :

कति राम्रो छाया
कति राम्रो ------------------------------ । (जाम, घाम, छाम)

चउरमा खेल्छन्
दुबै एकै ------------------------------ । (ठाम, खाम, नाम)

खोलावारिबाट
------------------- तर्छन् । (खोलापारि, डाँडापारी, झ्याङपारि)

डाँडा वारिपारि
------------------- गर्छन् । (तलमाथि, लुकामारी, लम्किझम्की)







## १५. दिइएका बुँदाका आधारमा आगो र पानीका बारेमा वर्णन गर्नुहोस् :

(क) पानी : पिउन, खाना पकाउन, लुगा धुन, नुहाउन, खेतबारीमा लगाउन

(ख) आगो : खानेकुरा पकाउन, जाडामा ताप्न, बत्ती बालेर राती उज्यालो बनाउन

पानी :

आगो :

## १. लय मिलाएर गाउनुहोस् :

### अलमल परेँ म त



चौतारीमा आयो एउटा जादुगरको घोडा
मोटो थियो घोडा तर खुट्टा छोटा छोटा ।

घोडामाथि जादुगरको जिउ जखमले
दौरा तिनको टाटेपाटे टोपी मखमले ।

लामो लामो थियो साथी जादुगरको जुँगा
झोलाबाट झिके तिनले कागजको सुगा ।

जुजुधौ र जिलेबी पो खान थाल्यो यसले
उफ्री उफ्री चउरमा नाच्न थाल्यो त्यसले ।

जाइफल दिए जादुगरले बनाइदियो फूल
चेतबाबा भए सबै कस्तो हो यो खेल ?

चोचोमोचो मिलाउन जानेको हो कति
छक्क परे मान्छे सबै त्यहाँ आए जति ।

जादुगर जान्ने हो कि सुगा धेरै जान्ने
अलमल परेँ म त कसलाई जान्ने मान्ने ?

२. चित्र हेरेर वर्णन गर्नुहोस् :







### ३. वर्ण छुट्याएर लेख्नुहोस् :

| शब्द | | | |
|---|---|---|---|
| टक्कर | ट | क्क | र |
| टठिला | | | |
| टिमिक्क | | | |
| टिलिक्क | | | |
| **टुक्रुक्क** | | | |
| टेनिस | | | |



## ४. छिटो छिटो पढ्नुहोस् :

### भाइ र बहिनी

बहिनीले चित्र कोरिन् । चित्र धेरै राम्रो भयो । भाइले चित्रमा केरमेट गरे । उनको चित्र नराम्रो भयो । बहिनीले पानी पोखिन् । भुइँ हिलो भयो । भाइले भुइँ पुछे । भुइँ सुक्खा भयो । भाइबहिनी त असल हुन् । उनीहरू उँधो र उँभो जाँदा बिस्तारै हिँड्थे । अग्लो र होचो पनि चिन्थे । सिधा र बाङ्गो पनि छुट्याउँथे । आज कसरी यस्तो हुन गयो त ! म उनीहरूलाई सम्झाउँछु । असल बानी सिकाउँछु । आफैँसँग बसाई पढ्न र लेख्न सिकाउँछु । भाइ र बहिनी असल बन्ने छन् । मभन्दा सिपालु पनि हुने छन् ।





## ५. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सम्पन्न | होचो |
| उँभो | थोरै |
| सुखी | विपन्न |
| धेरै | उँधो |
| सरल | दुःखी |
| अग्लो | जटिल |
| सिधा | टुप्पो |
| लामो | बाङ्गो |
| | छोटो |



**६. अन्त्यमा र, ल प्रयोग भएका शब्द छानेर तालिकामा लेख्नुहोस् :**

अटेर, अचार, ककनी, बिजुली, कदर, कपाल, कबोल, कलम, कमेरो, करङ, कसार, कहिले, कागज, किनार, किराना, कुमार, कुबेर, कुमारी, कैलाली, कोपिला, कोमल, खबर, खरानी, खहरे, खिहिरो, खुसुक्क, खोकिलो, चाकर, चहक, चलाख, चमेरो, घलेक, गुरुङ, गितार, छनोट, चौतारो, चोकर, चुमान, चुकुल, चिनारी

| अन्त्यमा र प्रयोग भएका शब्द | अन्त्यमा ल प्रयोग भएका शब्द |
|---|---|
| खबर | कोमल |

## ७. पालैपालो पढ्नुहोस् र उत्तर भन्नुहोस् :



### मुनाको मुरली

(मुना पिपलको रुखमुनि बसेर मुरली बजाउँदै थिइन् । माधव र राघव आइपुगे । उनीहरू कुरा गर्न थाले ।)



माधव- ओहो मुना, कति मिठो मुरलीको धुन । बजाऊ न किन रोकेकी ?

मुना - तिमीहरू आएको देखेर रोकेकी नि । तिमी पनि त मिठो मादल बजाउँछौ ।

माधव - त्यही भएर त म मादल बोकेर आएको नि ।

राघव - मुना मिठो बाँसुरी बजाउने । माधव मादल बजाउने । अब भने मादल र बाँसुरीको धुन सुन्न मज्जा आउने भो । ल ल मलाई त कुन बेला सुनौँ जस्तो भइसक्यो ।

मुना- पख न राघव । किन हतारिएको ? अझ अरू बाजा थपिए भने कति राम्रो हुन्थ्यो ।

माधव - तिमीलाई पनि केही न केही बजाउन आउँछ होला नि राघव ?

राघव- आउँछ नि ।

मुना - ओहो ! कति रमाइलो हुने भयो । त्यसो भए बजाऊ न त । के बजाउने हो तिमी ?

राघव - म त एक्लै बजाउछु ।

माधव - के हो त्यस्तो एक्लै बजाउने कुरा ?





राघव - ताली ........।

(मुना र माधव- हा हा हा हा ।)

मुना - तिमी त जहिले पनि चुट्किला सुनाउँछौ ।

राघव - हैन साथीहरू । तिमीहरूले यति राम्रो कला कताबाट सिक्यौ ?

माधव - हाम्रो विद्यालयमा पढाइ सँगसँगै विभिन्न कला पनि सिकाइन्छ । हामीलाई सङ्गीत शिक्षकले सिकाउनु भएको हो ।

राघव - कस्तो राम्रो कुरा । साच्चै तिम्रो कक्षामा पढ्ने सबैलाई बाजा बजाउन आउँछ ?

माधव- होइन साथी । कसैलाई नाच्न आउँछ । कसैलाई गाउन आउँछ ।

मुना - कसैलाई चित्र कोर्न आउँछ । कसैलाई कथा, कविता लेख्न आउँछ ।

राघव - आहा ! तिमीहरूको विद्यालय कति राम्रो रहेछ ।

मुना - हो त । हरेक मानिससँग केही न केही क्षमता हुन्छ रे । आफ्नो क्षमतालाई चिन्ने कोसिस गर्नुपर्छ रे । लौ सुन है त अब ।

(मुनाले मुरली र माधवले मादल बजाउन थाले । मिठो धुन सुनेर चौतारीमा अरू मानिस पनि भेला भए ।)

माधव - ल हामीले राघवको इच्छा पूरा गऱ्यौँ । अब राघवले पनि हाम्रो इच्छा पूरा गर्नु पऱ्यो ।

राघव - के इच्छा ?

माधव - हामी अझै धुन बजाउँछौँ । तिमी नाच्नुपर्छ ।

(उनीहरूले धुन बजाए । राघव नाचे । अरूले ताली बजाए ।)

(क) मुरली कसले बजायो ?

(ख) माधवलाई के बजाउन आउँदो रहेछ ?

(ग) तपाईंको विद्यालयमा कुन कुन कला सिकाइन्छ ?

## ८. दुईओटा शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :

टलक्क टल्कनु : जस्ताका छाना टलक्क टल्किए ।

हलक्क बढ्नु : ------------------------------------------------------------------------

जुरुक्क उठ्नु : ------------------------------------------------------------------------

फनक्क घुम्नु : ------------------------------------------------------------------------

मुसुक्क मुस्कुराउनु : --------------------------------------------------------------

रनक्क रन्किनु : ----------------------------------------------------------------------

## ९. छिटो छिटो पढ्नुहोस् :

| | | |
|---|---|---|
| काउली खाउली | ठुला मुला | लायो रायो |
| डोरी तोरी | लौका मौका | पर्सि फर्सी |
| खरायो जरायो | कौवा पौवा | छेपारो चेपारो |



## १0. शब्द र अर्थबिचमा जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| सही | निर्णय |
| कागज | समय |
| बेला | हस्ताक्षर |
| फैसला | अक्कल |
| बुद्धि | लेख्न र छाप्न प्रयोग गरिने कागत |
| चोइलो | छिपिएको |
| जखमले | जन्मदिनमा गरिने उत्सव |
| जन्मोत्सव | भाँडाबाट पनिउँले झिकेको भात |







## ११. साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

गाउँको नजिकै एउटा स्याल बस्थ्यो । स्याल बाठो थियो । स्यालले कुखुरा र पाठा खाइदिन्थ्यो । स्यालदेखि गाउँले दिक्क भएका थिए । एक दिन राती स्याल गाउँमा पस्यो । मानिसहरू 'स्याल आयो ! स्याल आयो !' भनेर कराए । चउरमा पुगेर मानिसले स्याललाई चारैतिरबाट घेरे । उनीहरूले स्याललाई पक्रे । उनीहरूले स्याललाई साङ्लाले बाँधेर जङ्गलतिर लगे । त्यसपछि स्याल गाउँमा आउन छाड्यो ।



१२. वर्ण जोडी बनेका शब्दमा घेरा लगाउनुहोस् र कापीमा लेख्नुहोस् :

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क | वि | ता | स | ग | म | ला |
| प | ज | प | ड | सि | ला | इ |
| र्दी | चि | त्र | क | ला | क | ला |
| क | था | भ | टा | बु | ना | इ |
| ना | प | लि | इ | घु | बाँ | गि |
| ट | ना | ब | ल | न | सु | ता |
| क | च | ल | ज | श | री | र |






## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### ड्राइभर र डफल्को



तराईका एक जना ड्राइभरलाई पहाडतिर जान मन लागेछ । उनी आफ्नो डकर्मी भाइलाई लिएर पहाडतिर लागेछन् । घुम्तीमा गाडी चलाउन पनि गाह्रो पर्दो रहेछ । बाटाको चारैतिर डाँडाकाँडा रहेछन् । बारीमा डल्लैडल्ला रहेछन् । मलका थुप्रा पनि रहेछन् । साना बस्तीमा गाईवस्तुका गोठ रहेछन् । गोठको नजिकै मलको डङ्गुर देखिएछ ।

यो देखेर डकर्मी भाइलाई अचम्म लागेछ । उसले ड्राइभर दाइलाई भनेछ, "त्यो थुप्रो के हो ? तराईमा त धानको रास पो यस्तो हुन्थ्यो ।" ड्राइभरले पनि यस्तो देखेको रहेनछ । उसले भनेछ, "पहाडमा कोदो फल्छ । कोदो कुटेर थुपारेको होला नि !"

डकर्मी भाइले चित्त नबुझे पनि केही भनेनछ । उनीहरू नदीको किनारै किनार अगाडि बढेछन् । अलिपर विद्यालयको चउरमा पुगेछन् । चउरमा नाटक मञ्चन हुँदै रहेछ । उनीहरू गाडी रोकी नाटक हेर्न लागेछन् । नाटकमा एउटा ढटुवारे ढ्याङ्ग्रो ठटाउँथ्यो । डाङ्डुङ ढ्याङ्ग्रो बजाउँदा डँडाल्नामा ढोड बोकेकी महिला ढलकढलक नाच्थिन् । ढटुवारेले ढ्यापढ्याप डम्फु बजाउँथ्यो । ढुङ्ग्री लगाएकी महिला डफल्को हल्लाउँदै नाच्थिन् । यो देखेर दाजुभाइ छक्क परेछन् ।

नाटक हेरिसकेपछि उनीहरू उत्तरतिर लागेछन् । नदीमा केही मानिस ढडिया थापेर माछा मार्दै रहेछन् । कोही दहमा डुबुल्की मार्दै रहेछन् । यो देखेर डकर्मी भाइले फेरि सोधेछ, "यो चाहिँ के गरेको दाइ ?" दाइले भनेछन्, "अगि त कोदोको रास भनेर मैले टारेँ । मलाई पनि के थाहा र भाइ ! बरू यहाँका मानिसलाई सोधौँ न ।" गाडी रोकेर सबै पहाडका बारेमा सोध्न थालेछन् ।

(क) कस्तो ठाउँमा गाडी चलाउन गाह्रो पर्दो रहेछ ?

------------------------------------------------------------

(ख) दाजुभाइ किन मक्ख परे ?

------------------------------------------------------------

(ग) नदीमा मानिस कसरी माछा मार्दै रहेछन् ?

------------------------------------------------------------



## १४. उदाहरणमा जस्तै गरी मिल्ने शब्दको जोडा बनाई कापीमा लेख्नुहोस् :

| | |
|---|---|
| जस्तै : राम्रो बानी राम्रो मानिस | राम्रो विद्यार्थी |
| राम्रो | पोसाक |
| सफा | बानी |
| फोहोरी | मन |
| आज्ञाकारी | भाइ |
| सन्तोषी | नेपाली |
| दुःखी | मानिस |
| सुखी | दिन |
| रमाइलो | विद्यार्थी |

## १५. खाली ठाउँमा मिल्दो शब्द भरी वाक्य पूरा गर्नुहोस् :

(क) ------------------------------------ सन्चै हुनुहुन्छ ?

(तपाईं, तँ, तिमी)

(ख) ------------------------------------ फुटबल खेल्छ ।

(बहिनी, भाइ, दिदी)

(ग) ------------------------------------ कता हिँडेकी ?

(तँ, तपाईं, उहाँ)

(घ) ------------------------------------ इमानदार छौ ।

(तिमीहरू, उनी, तिनी)

(ङ) ------------------------------------ मेला जानुहुन्छ ।

(तिमी, तँ, उहाँहरू)

(च) ------------------------------------ खेल्छ ।

(यो, यी, उनी)




१७. साथीलाई पढ्न लगाई कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| थारो धारो | चरी झरी | पसिना मसिना |
| मादल बादल | बाटो भाटो | माया छाया |





## ६. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

कछाड बेरी कान्छाबा रुख चढे कटहरको
बाटो थियो खाल्टाखुल्टी पाङ्ग्रा गुड्यो मोटरको
गोलभेँडाको बोटमुनि गम्की बस्यो गँगटो
छुनुमुनु गर्दै आयो चकटीमा छुचुन्द्रो ।

**(ख) दिएका शब्दका वर्ण छुट्याएर लेख्नुहोस् :**

| कचेरा | कम्पास | खटिरा | चुट्किला |
|---|---|---|---|
| क, चे, रा | ____ ____ ____ | ____ ____ ____ | ____ ____ ____ |

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

डल्लैडल्ला : ----------------------------------------

टिमिक्क : ----------------------------------------

डङ्गुर : ----------------------------------------

छेस्काछेस्की : ----------------------------------------

**(घ) उस्तै उस्तै सुनिने शब्द लेख्नुहोस् :**

(अ) कोक्रो ---------- ---------- ----------

(आ) घारघुर ---------- ---------- ----------

(इ) ढलक्क ---------- ---------- ----------

**(ङ) जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| कमिज | जनावर |
| बकाइनो | तरकारी |
| घोरल | पोसाक |
| चिचिन्डो | बिरुवा |





**(च) मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(अ) किसानहरूले मकै ---------------------- । (गोड्ने छन्, गोड्छे, गोड्छस्)

(आ) हजुरआमा मन्दिर ----------------------- । (जान्छिन्, जानुहुने छ, जान्छे)

(इ) भाइ विद्यालय ------------------------- । (आउनुहुने छ, आउनुभयो, आउने छ)

**(छ) सुन्नुहोस् र उत्तर लेख्नुहोस् :**

ढोकाअगाडि ठाहिँलो ठिङ्ग उभियो । ठट्यौलो पाराले काकासँग ठाहिँलाले जिलेबी माग्यो । उसलाई जिलेबी र दही असाध्यै मन पर्छ । काकाले कचौरामा जिलेबी र दही थपक्क दिनुभयो । त्यति बेलै डकर्मी दाइ आउनुभयो । उहाँ गनगन गर्न थाल्नुभयो । गनगन सुनेर काका ठुस्सिन थाल्नुभयो । काका जुरुक्क उठ्नुभयो । उहाँको टाउको दलिनमा ठोक्कियो । टाउकामा टुटिल्को उठ्यो । त्यतिबेला काकी टुप्लुक्क आइपुग्नुभयो । टाउकामा छपक्क तेल लगाएर सेकिदिनुभयो ।

(अ) ढोकाअगाडि को उभियो ?

---------------------------------------------------------------------------------------------

(आ) ठाहिँलालाई के के मन पर्छ ?

---------------------------------------------------------------------------------------------

(इ) काकाको टाउकामा के भयो ?

---------------------------------------------------------------------------------------------

(ई) तपाईँ टुटिल्को उठेमा के गर्नुहुन्छ ?

---------------------------------------------------------------------------------------------

**(ज) तलको कथा पढ्नुहोस् र बाँकी पूरा गर्नुहोस् :**

खडेरीले अन्नबाली फलेन । गाउँमा भोकमरी चल्यो । गाउँमा एक जना जमिनदार थिए । उनको नाम हर्कबहादुर थियो । उनको घरमा अन्न टनाटन थियो ।

---------------------------------------------------------------------------------------------

---------------------------------------------------------------------------------------------

---------------------------------------------------------------------------------------------

शिक्षकको हस्ताक्षर : ---------------------- अभिभावकको हस्ताक्षर : ----------------------

# रुचि र बानी

## १. लय मिलाएर गाउनुहोस् :

### सानी सानी नानी

आमासँगै छिटै उठ्छिन् सानी सानी नानी
आफ्नो जिउ सफा गर्ने कति राम्रो बानी
नाक कान सफा राख्ने नङ पनि काट्ने
दुई चुल्ठी मिलाएर कपाल पनि बाट्ने ।



दाँत माझ्ने, गोडा धुने लुगा सफा राख्ने
भोक लागे आमासित खानेकुरा माग्ने
झगडालु चिच्याउने र रुने बानी छैन
खानेकुरा फोहोर हातले छुने बानी छैन ।

फोहोर कतै देखिन् भने ठिक ठाउँमा फाल्ने
फोहोर छुँदा हरेकचोटि हात धोइहाल्ने
कहिले मिठो गीत गाउने कहिले चाहिँ नाच्ने
कहिले हात हल्लाउने कहिले कम्मर भाँच्ने ।

हाँसिराख्ने सबैसित मिठो बोली बोल्ने
साथीसित मिलीजुली भाँडाकुटी खेल्ने
कापी किताब लुगा जुत्ता सबै जतन गर्ने
कति राम्रा यिनका बानी सबलाई मन पर्ने ।

२. चित्रका बारेमा पाँच वाक्यमा लेख्नुहोस् :





## ३. उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| फेद | उकालो |
| साह्रो | तल |
| ओरालो | ठुलो |
| ठोस | टुप्पो |
| सानो | पर |
| माथि | गिलो |
| वर | तरल |

## १0. जोडा मिलाएर पढ्नुहोस् र कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| म | | जानुहुन्छ । |
| तँ | | जान्छिन् । |
| तिमी | बजार | जान्छस् । |
| तपाईँ | | जान्छौ । |
| उनी | | जान्छु । |





## ४. तलका शब्दलाई उदाहरणमा दिइए जस्तै छुट्याएर लेख्नुहोस् :

| शब्द | | | |
|---|---|---|---|
| थपक्क | थ | प | क्क |
| दियालो | | | |
| तगारो | | | |
| पाउजु | | | |
| बारुलो | | | |
| निगालो | | | |
| नौरङ्गी | | | |
| न्याउली | | | |
| कागती | | | |
| धमिलो | | | |
| फ्याउरो | | | |
| ग्यालिन | | | |



## ५. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :



### न्याउली करायो



तीर्थ ग्यालिन बोकेर पँधेरातिर लागे । बाटामा नौरङ्गी फूल फुलेका थिए । पहेँलो सयपत्री र सेतो कमलले मनै लोभ्याउँथ्यो । बाटाका किनारामा गुलाफका फूलहरू फुलेका थिए । तिनीहरू स्वागत गर्न बसे झैँ देखिन्थे । तीर्थ रमाउँदै धारामा पुगे । उनले ग्यालिनभरि पानी भरे ।

"नमस्कार है तीर्थ ! आज त बिहानै पँधेरामा आएछौ त ! पानी नल्याई आमाले पकौडा दिनुभएन कि क्या हो ?" तीर्थाले परैबाट भनिन् । उसकै कक्षामा पढ्ने तीर्था आएकी रहिछन् । वार्षिकोत्सवमा तृतीय पुरस्कार पाएकी तीर्था पढाइ र खेलकुद दुबैमा अब्बल थिइन् । उनलाई देखेर तीर्थले पनि नमस्कार गरे । तीर्थाले सानो हतरमा पानी भरिन् । दुबै गफ गर्दै घरतिर लागे ।

उनीहरू गफ गर्दै थिए । निगालाघारी छेउको काफलका रुखमा बसेर न्याउली करायो । न्याउलीको आवाज सुनेर तीर्थाले हाँस्दै भनिन्, "तीर्थ ! सुन त न्याउली......।"

गत वर्षको वार्षिकोत्सवमा उनीहरू 'न्याउली करायो' भन्ने गीतमा नाचेका थिए । नाचमा तीर्थले थोत्रो कोट लगाएका थिए । तीर्थाले तरबार र दाबिलो देखाएर हँसाएकी थिइन् । तीर्थाले साइकलको पाङ्ग्रा घुमाएर नाच्दा दर्शक खुब रमाएका थिए । यो सम्झेर तीर्था पनि मुस्कुराइन् । दुबै घर पुगे । गाईवस्तु पस्लान् भनेर तीर्थाको आँगनछेउमा तगारो लगाइएको थियो । तगारो खोलेर तीर्था भित्र पसिन् । तीर्थ पनि ग्यालिन बोकेर घरतिर लागे ।

(क) तीर्थ कहाँ पुगे ?

---------------------------------------------------------------------------------

(ख) तीर्थ र तीर्था कुन गीतमा नाचेका थिए ?

---------------------------------------------------------------------------------

(ग) दर्शक किन रमाए ?

---------------------------------------------------------------------------------







## ६. पालैपालो पढ्नुहोस् र बुझेका कुरा आफ्नै वाक्यमा कापीमा लेख्नुहोस् :

प्रियङ्का
झन् जति ताछ्यो झन् उति ठुलो देखिन्छ बढेको
नताछेसम्म जस्ताको त्यस्तै त्यो हुन्छ रहेको
के होला त्यस्तो ? कुन चाहिँ वस्तु ? भनिदेऊ मलाई
नभनेदेखि मै भनिदिन्छु गाउँ देऊ मलाई ।

रामावतार
अनौठो लाग्यो यो तिम्रो प्रश्न सुन्दैमा मलाई
झन् ताछ्यो भने झन् ठुलो हुने उल्टो छ भनाइ
तैपनि सोची गमेर भन्छु के चाहिँ रहेछ
अनौठो होइन सामान्य कुरा खाल्डो पो रहेछ ।



### ७. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

धुपौरो : आमाले धुपौरोमा धुप राख्नुभयो ।

निगालो : ------------------------------------------------------------

पाउजु : ------------------------------------------------------------

बाँसुरी: ------------------------------------------------------------

तरबार : ------------------------------------------------------------

### ९. उस्तै ध्वनि भएका शब्द पढ्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| धर्ती पर्ती | पँधेरो अँधेरो | तिर्खा गिर्खा | ताल साल |
| साथी माथि | जीव शिव | खोलो चोलो | बर्सने पर्सने |
| ------------------ | ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ | ------------------ |

## ८. पाठ पढेर शब्द भन्नुहोस् :



मीनाका बुबा सिङ्गापुरमा बस्छन् । उनी सिङ्गापुरमा नै काम गर्छन् । मीना पनि बुबासँग सिङ्गापुरमा नै बस्छिन् । उनी नेपालको नक्सा हेर्दै आफ्नो जन्मघर कास्कीको घान्द्रुक सम्झिरहन्छिन् । उनलाई सिङ्गापुरको सहरिया वातावरण त्यति राम्रो लाग्दैन । मीनालाई नेपाली गाउँले वातावरण नै मन पर्छ । उनी सानो छँदा साथीसँग खेलेका खेल सम्झिन्छिन् । उनलाई नेपालका नौरङ्गी डाँफे र न्याउली मन पर्छ । उनी नेपालका सुन्दर बगैँचा र ताजा फलफूल सम्झिन्छिन् । उनलाई गाउँको रोदी नाच र चाडपर्व मन पर्छ । उनी नेपाल आउँदै छिन् । उनी नेपाल आउने दिन गनेर बसेकी छिन् । उनी नेपाललाई माया गर्ने नेपालकी छोरी हुन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| नक्सा | नौरङ्गी | न्याउली | घान्द्रुक | बगैँचा | माया |
| सिङ्गापुर | सम्झिन्छिन् | वातावरण | कास्की | | |

११. साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

## मिठो मह



कमलले दीपकको घाउमा मलम लगाइदिएछन् । जनकले जगत्को जग्गा किनेछन् । पाठकले पापड किनेर पपीलाई दिएछन् । घनेन्द्रको घरमा घडी थिएन । त्यसैले उनले घाम हेरेर घाँस काटेछन् । माथिल्लो घरका माहिला मङ्गलबार बिहानै मादल बजाउँदै मेलातिर लागेछन् । फापरबारीमा फुलेको फूलमा फल नलागेपछि त्यसै झरेछ । भमराहरू भिरालो भिरमा भन्भन् गरेछन् । मौरीले मौका मिलाएर माटाका भाँडामा मह जम्मा गरेछन् । मौरीले मुरली बजाउने महेशलाई मिठो मह दिएछन् । महेशको मन मज्जाले रमाएछ ।





## १२. तलको संवाद पूरा गर्नुहोस् :

शारदा : ------------------------------------------------------------

हजुरबुबा : नमस्ते नानी ! सन्चै छ तिमीलाई ?

शारदा : सन्चै छ । अनि हजुरलाई नि ?

हजुरबुबा : ------------------------------------------------------------

शारदा : खाना खानुभयो हजुरबुबा ?

हजुरबुबा : ------------------------------------------------------------

शारदा : त्यसो भए हजुर आराम गर्नुहोस् । म पल्लो घर पुगेर आउँछु है ।

हजुरबुबा : भोक लागेको होला । हजुरआमाले तिमीलाई मिठो लाग्ने खानेकुरा पकाएकी छन् । छिट्टै आऊ है ।

शारदा : ------------------------------------------------------------



## १३. साथी साथी मिलेर पढ्नुहोस् र आफ्ना रुचि र बानी बताउनुहोस् :

रोशनी : सरोज तिमीलाई के के मन पर्छ ?

सरोज : मलाई हजुरआमा र हजुरबुबाले भनेका कथा सुन्न मन पर्छ । साथीहरूसँग क्रिकेट खेल्न मन पर्छ । तिमीलाई नि ?

रोशनी : मलाई रमाइला कथाका किताब पढ्न मन पर्छ । चित्र बनाउन पनि मन पर्छ ।

सरोज : मलाई पनि नयाँ नयाँ चित्र कोर्न मन पर्छ ।

रोशनी : अँ, मलाई त भलिबल र बास्केटबल खेल्न मन पर्छ । त्यति मात्र होइन मलाई त आमाबुबासँग घुम्न जान पनि मन पर्छ ।

सरोज : मलाई त कविता लेख्न पनि मन पर्छ ।

रोशनी : मलाई पनि साथीहरूसँग लुकामारी खेल खेल्न मन पर्छ ।

सरोज : हाम्रा रुचि पनि फरक फरक हुँदा रहेछन् है रोशनी ?

रोशनी : हो त नि ! सबैका बानी र रुचि फरक फरक हुन्छन् ।



## १४. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| तरबार | पनिउँको काम गर्ने एक प्रकारको काठको साधन |
| दाबिलो | हतियार |
| दुधालु | खुट्टामा लगाउने गहना |
| पाउजु | बाँस जस्तै वनस्पति |
| निगालो | धेरै दुध दिने |

## जोडा मिलाएर पढ्नुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| म | | जानुहुन्छ । |
| तँ | | जान्छिन् । |
| तिमी | बजार | जान्छस् । |
| तपाईं | | जान्छौ । |
| उनी | | जान्छु । |



## १७. खाली ठाउँमा मिल्दो शब्द भर्नुहोस् :

(क) म गीत ............................................ ।

(गाउँछु, गायो)

(ख) साथी साथी मिली चङ्गा ............................................ ।

(उडाउँछौँ, उडायो)

(ग) उसलाई बाँसुरीको धुन ............................................ ।

(मनपर्छ, मन परायो)

(घ) आमाबुबाले खेतबारीमा काम गर्न ............................................ ।

(मन पराउनुहुन्छ, मन पराउँछ)

(ङ) सरिताले सिनेमा ............................................ ।

(हेरिन्, हेर्छु)

(च) उनीहरू विद्यालय ............................................ ।

(जानुहुन्छ, जान्छन्)

(छ) महेश मज्जाले ............................................ ।

(हाँस्छ, हाँस्छिन्)

(ज) हजुरबुबा खाना ............................................ ।

(खान्छन्, खानुहुन्छ)

## १. लय मिलाएर गाउनुहोस् :

### हाम्रो पढ्ने ठाउँ

हाम्रो भेडीगोठमा हाँसो सधैं ओठमा
भेडा हेर्न जानु छ भात पकाइ खानु छ
भोक लाग्यो भनेर ठाइँलो आए कुदेर
खोजीमेली दिउँला आलु तरुल पोलेर ।

माला बनाई हिउँको मोती भनी लाउँछौँ
मेला भर्दा मुरली मादलसँगै गाउँछौँ
खेल्छौँ हामी माटामा मच्ची मच्ची बाटामा
मौरी बनी जुट्छौँ खोल्सा भिरपाखामा ।



यातायात चल्दैनन् हिँड्दा खुट्टा चल्दै छन्
भारी बोकी नुनको याक अघि बढ्दै छन्
यार्सागुम्बा खोज्नु छ हिउँ पर्ने ठाउँमा
विद्यालय खुल्ने छन् हाम्रो यहीँ गाउँमा ।

हिमाल चढ्दा पूरा भो रकेट चढ्ने रहर
हिमालका हाम्रा गाउँ भोलि बन्लान् सहर
कापी कलम बोकेर साना साना हातमा
विद्यालय गएर पढौँ सबले साथमा ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :



## ३. पढ्नुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| भेडीगोठ | भोगटे | युवक |
| रकेट | रसिलो | राउटे |
| वकिल | वरिपरि | वास |
| वायु | साबुदाना | सुन्तला |
| फिट्किरी | फट्याङ्ग्रो | फिस्टो |
| बकुल्लो | बारुलो | बिचल्ली |
| फुर्तिला | फैसला | बौलाहा |

## ४. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### प्रवेशको चङ्गा



प्रवेश घरभन्दा माथिको भेडीगोठ डाँडामा गए । त्यस लेकाली सेरोफेरोमा याक चरिरहेका थिए । उनका हातमा लट्टाई, धागो र चङ्गा थियो । प्रवेश चङ्गा उडाउन लागे । जुनु पनि हातमा रातीगेडी खेल्दै खेल्दै त्यहीँ आइपुगिन् । "प्रवेश मलाई पनि एक छिन चङ्गा उडाउन देऊ न ।", जुनुले हात थाप्दै भनिन् । "पख पख, एकछिन मैले उडाएको हेर त ! मेरो चङ्गाले चन्द्रमा टिपेर ल्याउँछ रे ! के गर्दोरहेछ हेरौँ न ।", प्रवेशले लट्टाई तलमाथि गर्दै भने । "तिमीलाई पनि उडन्ते गफ गर्न खुब आउँछ । त्यसैले त शिक्षकले तिमीलाई गफाडी भन्नुहुन्छ ।" जुनुले हाँस्दै भनिन् । केको गफाडी नि जुनु म त वकिल पो बन्ने हो त ।

"तिमी पनि त कहिले कापी माग्छ्यौ । कहिले सिसाकलम माग्छ्यौ । कहिले चङ्गा माग्छ्यौ । तिमीलाई के मगन्ते भनौँ त !", प्रवेशले भने ।

"भो भो तिम्रो चङ्गा चाहिँदैन ।", जुनु ठुस्स परिन् ।

"ल ल चङ्गा उडाऊ !" जुनुको भनाइ नसकिँदै प्रवेशले जुनुलाई लट्टाई दिए । "नरिसाऊ न ठट्टा पो गरेको त ।", प्रवेशले फेरि भने । जुनु मुसुक्क हाँसिन् । उनी खुसी हुँदै चङ्गा उडाउन लागिन् ।

(क) याक कहाँ चरिरहेका थिए ?

(ख) जुनु किन मुसुक्क हाँसिन् ?

(ग) तपाईँलाई के के खेल्न मन पर्छ ?



## ५. अन्तिम वर्णबाट बनेका शब्द पढेर साथीलाई सुनाउनुहोस् :

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| अनुहार | रबर | रश्मी | मीना | नाति | तितेकरेला | लामा | माला | लामो |

## ६. छिटो छिटो पढ्नुहोस् :

च्याक च्याल

मित सित

रोटी लोटी

राम लाम

राँको राँगो

## ७. कविता पढेर दिइएका शब्द उच्चारण गर्नुहोस् :

### गुराँसको रङ

अँध्यारामा तारा हेरेँ
टाढा टाढा छ
सुगाको रङ हेर साथी
गाढा गाढा छ ।

अगेनामा आगो तापेँ
तातो तातो छ
गुराँसको रङ हेरेँ
रातो रातो छ ।



| | | | | |
|---|---|---|---|---|
| अँध्यारो | रङ | अगेनो | गुराँस | रातो |

## ८. तलका शब्द जनाउने चित्र कापीमा बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| बाख्रो | चन्द्रमा | सुगा | बिरुवा |



## ९. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) ................................ खेल खेल्छिन् ।

(बहिनी, भाइ, दाइ)

(ख) ................................ पाठशाला जान्छ ।

(दिदी, बहिनी, भाइ)

(ग) ........................ हामीलाई बोलाउनुहुन्छ ।

(काकाले, भाइले, बहिनीले)

(घ) ................................ले कथा सुनाउनुभयो ।

(गुरु, साथी, कान्छो)

(ङ) ................................ पुस्तक पढ् ।

(तिमी, तँ, तपाईँ)


(च) ................................ सामान किन्छु ।

(तँ, यो, म)



## १०. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### राजासँग वकिलको भेट



राउटे घुमन्ते जाति हुन् । उनीहरू जङ्गलमा बस्न रुचाउँछन् भनी काकाले पत्रिकामा पढ्नुभयो । वकिल काकालाई राउटे बस्ती हेर्न मन लाग्यो । उहाँ राउटे बस्तीमा जानुभयो । वकिल काका हातमा लौरो बोकेर राउटेको बास खोज्न जङ्गलतिर जानुभयो । जङ्गलको बिचमा धुवाँ उडिरहेको देखियो । वकिल काका त्यहीँ पुग्नुभयो । जङ्गलका बिचमा खुला चउर थियो । चउरमा तिसपैँतिस छाप्रा थिए । छाप्रा स्याउला र कपडाले बारिएका थिए । वरिपरि जङ्गल र बिचमा छाप्रा भएको बस्ती देखिन्थ्यो । जङ्गलको सेरोफेरो सुन्दर नै लाग्थ्यो ।

एक जना राउटे काठको कोसी बनाउँदै थिए । अर्का एक जना सन्दुक बनाउँदै थिए । वकिल काकाले उनीहरूलाई नमस्कार गर्नुभयो । उनीहरू कोही पनि बोलेनन् । केटाकेटी छाप्राभित्र पसे । सिउँदोमा सिन्दूर लगाएकी महिला पनि हतार हतार भित्र पसिन् । एक जना महिला ताप्केमा च्याउ पकाउँदै थिइन् । ती पनि भित्र पसिन् ।

यो देख्दा वकिल काकालाई अचम्म लाग्यो । उहाँ कोसी बनाउने पुरुषका छेउमा जानुभयो । उनी राउटेका मुखिया रहेछन् । उनले भने, "यसरी सूचना नगरी सुटुक्क आउनेसँग हामी बोल्दैनौँ । हामी त जङ्गलका राजा पो त ! यहाँ सूचना गरेर मात्र आउनुपर्छ ।" जङ्गलका राजासँग वकिलको केही लागेन । उहाँ लुरुक्क परेर घरतिर फर्किनुभयो ।

(क) राउटे कहाँ बस्न रुचाउँछन् ?

---------------------------------------------------

(ख) राउटेका परिवारले के के गर्दै थिए ?

---------------------------------------------------

(ग) राउटेका परिवारले वकिल काकासँग किन कुरा गरेनन् ?

---------------------------------------------------



## ११. शब्द र अर्थबिच जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| याक | एक जाति |
| राउटे | भाले चौरी |
| लेकाली | हावा |
| वायु | चारैतिर |
| सेरोफेरो | हिममानव, सोक्पा |
| यति | लेकमा बस्ने |
| लोहोरो | ताडका गुभाको गुदीबाट बनाइने सेता मसिना दाना |
| साबुदाना | सिलौटामा मसला पिस्न प्रयोग गरिने साधन |

## १२. दिइएका शब्द प्रयोग गरी वाक्य बनाउनुहोस् :

रकेट : ------------------------------------------------------------

रसिलो : ------------------------------------------------------------

लोखर्के : ------------------------------------------------------------

सिन्दूर : ------------------------------------------------------------

सूचना : ------------------------------------------------------------

## १३. तपाईँलाई के के मन पर्छ, लेख्नुहोस् :

फलफूलका नाम : ------------------------------------------------------------

खेलका नाम : ------------------------------------------------------------

घरपालुवा जनावरका नाम : ------------------------------------------------------------

कपडाका नाम : ------------------------------------------------------------

फूलका नाम : ------------------------------------------------------------

## १४. तलको पाठ कापीमा सार्नुहोस् :



"ए स्वरूप ! स्वरूप !" बुबाले गोठबाट चिच्याएर बोलाएको स्वरूपले सुन्यो । उसले पिँढीबाट भन्यो, "हजुर ।" बुबाले भन्नुभयो, "ढुङ्ग्रो लिएर झट्टै गोठमा आऊ न छोरा ।" स्वरूपले घरभित्र गएर ढुङ्ग्रो खोज्यो । दराजमा थाल र गिलासहरू मात्र रहेछन् । उसले पर भित्तामा ढुङ्ग्रो झुन्ड्याएको देख्यो । ढुङ्ग्रामा त मस्याङ पो रहेछ । उसले मस्याङलाई नाङ्लामा खन्यायो । त्यसपछि ढुङ्ग्रालाई सफा पानीले पखाल्यो । गोठमा गएर बुबालाई ढुङ्ग्रो दियो । माली गाईले बाच्छी पाएको रहेछ । बुबाले गाई दुहुनुभयो । स्वरूप बिगौती खान पाइने भयो भनी खुसीले उफ्रिन थाल्यो ।



## १७. उदाहरणमा दिइए जस्तै वाक्य परिवर्तन गर्नुहोस् :

| एकवचन | बहुवचन |
|---|---|
| उदाहरण : म पाठ पढ्छु । | हामी पाठ पढ्छौँ । |
| (क) म आमाबुबालाई सघाउँछु । | ---------------------------------------- |
| (ख) तिमी कविता लेख्छ्यौ । | ---------------------------------------- |
| (ग) उनी असल छन् । | ---------------------------------------- |
| (घ) ऊ सधैँ विद्यालय जान्छ । | ---------------------------------------- |
| (ङ) यो राम्ररी नाच्छ । | ---------------------------------------- |
| (च) त्यो विद्यालय जान्छ । | ---------------------------------------- |





१७. तलको सूचना पढ्नुहोस् र यस्तै नमुना सूचना लेख्नुहोस्:

## सूचना

वराहक्षेत्र, सुनसरीमा बस्ने, १० वर्षको समीर यादव नाम गरेको, रातो कमिज र निलो सुरुवाल लगाएको बालक मिति २०७७।०५।२२ गते पाटनको कृष्णमन्दिर घुम्न जाँदा हराएकाले भेट्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा खबर गरिदिनुहुन अनुरोध छ ।

**रोशन यादव**





## १९. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

दसैँमा देवीको दर्शन गर्न दक्षिणा दमक गइन् । दमकमा उनकी मनीषा नामकी साथी थिइन् । मङ्सिरसम्म उनी दमकमा नै बसिन् । एक दिन मध्याह्नका बेला पल्लो गाउँतिर लागिन् । मनीषा त मुसुमुसु हाँस्दै मामाघर पो गइन् । मनीषालाई मारुनी नाच धेरै मन पर्छ । तल्लो घरमा बेलुका मारुनी नाच देखाउने अरे ! राम्रो नाच देखाउनेलाई पुरस्कार पनि दिने अरे । जब साँझ पर्न थाल्यो । बासुले बाँसुरी बजाउन थाले । बहिनी बारुले कम्मर भाँचेर नाँच्नलाई बुर्कुसी मार्न थालिन् । पहेँलो पोसाक र पाउजु लगाइन् । बहिनी पनि धेरै बेरसम्म मारुनीसँग नाचिन् ।

**(ख) अलग अलग भएका वर्ण जोडेर शब्द लेख्नुहोस् :**

त र बा र → ______

म न्दि र → ______

भ कु ण्डो → ______

फु त्क नु → ______

ति हु न → ______

था ङ्ना → ______

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

भेडीगोठ ------------------------------------------------

बिचल्ली ------------------------------------------------

मैदान ------------------------------------------------

पकौडा ------------------------------------------------

**(घ) वाक्यमा मिल्ने चिह्न प्रयोग गरी लेख्नुहोस् :**

। , ! “ ”

(अ) लेकमा याक डाँफे र मुनाल पाइन्छन्

------------------------------------------------

(आ) लौन बस त छुटिहाल्यो नि

------------------------------------------------



(इ) गुरुले भन्नुभयो विद्यार्थी विद्यालयका गहना हुन् ।

------------------------------------------------------------

**(ङ) उस्तै ध्वनि सुनिने शब्दमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| तिर्खा | दैलो |
| जीव | अँधेरो |
| मैलो | गिर्खा |
| पँधेरो | निब |

**(च) शुद्ध शब्द चिनेर लेख्नुहोस् :**

(अ) सेरोफेरो शेरोफेरो ------------------------------------------------------------

(आ) भूजुरि भुजुरी ------------------------------------------------------------

(इ) रिकपी रिकापी ------------------------------------------------------------

(ई) जङ्गल जंगल ------------------------------------------------------------

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

भेषराजलाई भोगटे साँधेर खान मन लाग्यो । उनले यो कुरा आमालाई भने । आमाले भोगटे टिप्न भाजुरामलाई भन्नुभयो । भाजुराम फटाफट बगैँचामा गए । पाकेको पहेँलो भोगटेको दाना टिपेर ल्याए । भेषराजले कलमा गएर भोगटे पखाले । धारिलो हसिँयाले भोगटे ताछे । भोगटेका केस्रालाई भुजुरी जस्तै बनाएर थालमा राखे । आमाले नुन, खुर्सानी, मसला र दही राखेर भोगटेलाई साँध्नुभयो । जेठको चर्को घाममा साँधेको भोगटे मिठो भयो ।

(अ) भेषराजलाई के खान मन लाग्यो ?

------------------------------------------------------------

(आ) कसले भोगटे टिपे ?

------------------------------------------------------------

(इ) भोगटे साँध्न के के सामग्री चाहिँदो रहेछ ?

------------------------------------------------------------

**(ज) तपाईँले हेरेको मेला वा जात्राका बारेमा पाँच वाक्य भन्नुहोस् ।**

शिक्षकको हस्ताक्षर : ..............        अभिभावकको हस्ताक्षर : ..................

## १. लय मिलाएर गाउनुहोस् :

### घरै विद्यालय



हजुरबुबा जीवनको बाटो देखाउने
हजुरआमा तोतेबोली बोल्न सिकाउने
भन्नुहुन्छ बुबा सधैँ राम्रो पढ्नुपर्छ
भन्नुहुन्छ आमा सधैँ अगि बढ्नुपर्छ ।

दाजुदिदी काकाकाकी मायाका हुन् खानी
तिनैबाट ज्ञान लिई बन्नुपर्छ ज्ञानी
बुढापाका किताब हुन् ज्ञान दिने राम्रो
नातागोता शिक्षक हुन् ख्याल गर्ने हाम्रो ।

छोराछोरी भान्जाभान्जी विद्यार्थी हुन् प्यारा
परम्परा संस्कृतिमा ज्ञान हुन्छ सारा
आफ्नै घरबाट राम्रो बानी सिक्न सके
घरै हाम्रो विद्यालय ज्ञान झिक्न सके ।



## २. शब्द छुट्याएर लेख्नुहोस् :


| शब्द | | |
|---|---|---|
| खोलानाला | खोला | नाला |
| डाँडापारि | | |
| गाउँबे‘सी | | |
| भिरपाखा | | |
| वनपाखा | | |
| घाँसपात | | |


३. चित्रमा के गरिरहेका होलान्, अनुमान गरेर भन्नुहोस् :





## ४. शब्द शब्द जोडी कापीमा लेख्नुहोस् र पढ्नुहोस् :




## ५. कापीमा तालिका बनाएर तलका शब्दहरूलाई मिल्ने गरी लेख्नुहोस् :

आमाबुबा, दिदीभाइ, दाजुभाइ, दिदीबहिनी, आमाछोरी, बाबुछोरा, हातखुट्टा, नङमासु, हातमुख, नाककान, कापीकिताब, चुरापोते, बालामुन्द्री, भाँडावर्तन, काँटाचम्चा, डाडुपनिउँ, थालकचौरा, सियोधागो, मन्जनबुरुस

| परिवार | शरीरका अङ्ग | सरसामान |
|---|---|---|
| आमाबुबा | हातखुट्टा | कापीकिताब |



## ६. पालैपालो पढ्नुहोस् :

### पन्चेबाजा

(गुरुआमा र हेमा घरबाट विद्यालयतिर जाँदै छन् ।)



हेमा : नमस्कार ! गुरुआमा ।

गुरुआमा : नमस्कार ! तिमी हिजो किन विद्यालय नआएकी हेमा ?

हेमा : हिजो मामाका छोराको बिहेमा गएकी थिएँ । त्यसैले विद्यालय आउन सकिनँ, गुरुआमा !

गुरुआमा : बिहेमा त साह्रै रमाइलो भयो होला है ?

हेमा : हो, गुरुआमा साह्रै रमाइलो भयो । पन्चेबाजाको तालमा सबै जना नाच्यौँ ।

गुरुआमा : तिमीलाई पन्चेबाजाका बारेमा जानकारी थियो त ?

हेमा : पन्चेबाजाका बारेमा सुनेकी त थिएँ । हिजो देख्ने अवसर पनि पाएँ, गुरुआमा ! हिजो बुबाले यसका बारेमा मलाई धेरै कुरा बताउनुभयो ।

गुरुआमा : ती बाजालाई किन पन्चेबाजा भनिएको रहेछ त ?

हेमा : पाँचओटा बाजालाई एकै पटक बजाइने भएकाले पन्चेबाजा भनिएको रहेछ ।

गुरुआमा : ती बाजामा कुन कुन बाजा पर्दा रहेछन् त ?

हेमा : दमाहा, झ्याली, ट्याम्को, ढोलक र सहनाई पर्दा रहेछन् । यी बाजा धार्मिक कार्यमा पनि बजाउने चलन छ रे ।

गुरुआमा : हो त, पन्चेबाजा विवाह, व्रतबन्ध, चाडबाड, जात्रा र रोपाइँ जस्ता अवसरमा पनि बजाउने गरिन्छ । पन्चेबाजा हाम्रो संस्कृतिसँग सम्बन्धित भएकाले यसको संरक्षण गर्नु आवश्यक छ ।



## ७. समूहमा नमिल्ने शब्द चिनेर पढ्नुहोस् र घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| (क) | वनपाखा | घाँसपात | झारपात | आमाबुबा |
| (ख) | काकाकाकी | भिरपाखा | पतिपत्नी | बुबाआमा |
| (ग) | गोलभैँडा | मेचीकाली | आलुप्याज | काँक्राफर्सी |
| (घ) | बाख्रापालन | पशुपालन | माछापालन | गाउँबेँसी |

## १0. छिटो छिटो पढ्नुहोस् :





## ट. जोडा मिलाउनुहोस् :

| जाति | चाडपर्व |
|---|---|
| नेवार | छठ |
| तामाङ | इद |
| थारू | जनैपूर्णिमा |
| झा/यादव | गाईजात्रा |
| मियाँ/खान | ल्होसार |
| बाहुन/क्षेत्री | माघी |



## ९. सही चिह्न राखी कथा पूरा गर्नुहोस् :

| , | ? | । | ! | “ ” |
|---|---|---|---|---|

### घमन्ड

खैरेनी खोलामा साँघु थियो । त्यही साँघुबाट गाई .......... गोरु, घोडा जस्ता प्राणी खोला तर्थे । एक दिन साँघु तर्ने क्रममा साँघुका बिचमा भेडा र बाख्राको भेट भयो .......... बाख्राले भेडालाई भन्यो, .......... तिमी साना छौ, फर्केर पारि जाऊ । .......... भेडाले बाख्राको कुरा मानेन । “म किन फर्कने .......... बरु तँ नै फर्केर पारि जा .......... ”, भेडाले बाख्रालाई उल्टै झपाऱ्यो । यसपछि दुबै हानाहान गर्न थाले । ऐया ! आत्था .......... गर्दै जुधिरहे । जुध्दाजुध्दै केहीबेरमा भेडा र बाख्रा दुबै खोलामा खसे ।



## ११. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

(क) आमाले फलफूल ............................................................ ।
(किन्लिन्, किन्नुहुने छ)

(ख) भाइले पेडा ............................................................ ।
(खाने छ, खानुहुने छ)

(ग) हजुरआमाले घाम ............................................................ ।
(ताप्ली, ताप्नुहुने छ)

(घ) दिदी विद्यालय ............................................................ ।
(जानुहुने छ, जालिस्)

(ङ) काकाले मिठाई ............................................................ ।
(ल्याउँछन्, ल्याउनुहुन्छ)

(च) फुपाजुले झोला ............................................................ ।
(झिक्छस्, झिक्नुहोला)







## १२. तपाईं भए के गर्नुहुन्थ्यो, भन्नुहोस् :

म आमासँग बस चढेर मामाघर गएँ । बसमा बस्ने सिट खाली थिएन । आमाले उभिएर माथिको डन्डी समाउनुभयो । म आमाको नजिकै उभिएँ । हामीलाई गर्मी भयो । मैले हातमा लगाएको पन्जा खोलेँ । चालक दाइले पङ्खा चलाइदिनुभयो । गाडी गुड्दा यता र उता हल्लायो । म सुटुक्क चालक दाइको छेउमा गएँ । उहाँले मलाई बस्ने सिट मिलाइदिनुभयो । बल्ल बल्ल मामाघर पुगियो । मामा त पसलमा हुनुहुँदो रहेछ । उहाँले किताब र कापी बिक्री गर्नुभयो । मलाई राम्रो कलम दिनुभयो । अब मैले पैसा दिनुपर्ला कि नपर्ला ?

## १३. पढ्नुहोस् र लेख्नुहोस् :

### माघीको रमाइलो



आज पुस महिनाको अन्तिम दिन हो । भोलि हामी सबै जना मिलेर माघी मनाउँछौँ । आज बिहान म आमासँग नजिकको बजार गएँ । आमाले गोलभेडा, आलु र प्याज किन्नुभयो । हामी अर्को पसल पुग्यौँ । त्यहाँ हामीले घिउतेल, काक्रा, फर्सी र फलफूल किन्यौँ । सागपात पनि किन्यौँ । यसपाली अन्नबाली राम्रो नभएकाले अन्नपात पनि किन्नुपऱ्यो ।

घर फर्केपछि आमाले ढिकरी बनाउनुभयो । बुबाले माछा र मासु पनि ल्याउनुभयो । आज हामी सखियै हो भन्ने घमार गाउँछौँ । हाम्रो संस्कृतिमा मघौटा नाच निकै लोकप्रिय छ । खाना खाएर रातभरजसो हामी नाचगान गर्छौँ ।

माघे सङ्क्रान्तिका दिन खोलामा नुहाउने चलन छ । यसलाई हामी माघ लहान भन्छौँ । यस दिन दाल, चामल र नुन छोएर ठुलालाई ढोग गर्नुपर्छ । यस दिन मिठो परिकार खाने चलन छ । हामी यस दिनलाई खिचरहवा भन्छौँ । हामी खिचडी खाएर रमाउँछौ । यस दिन चेलीबेटीलाई दाल, चामल र पैसा उपहार दिइन्छ । यसलाई हामी निसराउ भन्छौँ । यस दिन आगामा तिल हालेर ताप्ने चलन पनि छ ।

माघी नुहाएर दालचामल छोएपछि आशीर्वाद लिने चलन छ । यसलाई हामी सेवा सलाम लगना भन्छौँ । हामी गाउँभरि गएर मान्यजनलाई सेवाढोग गर्छौँ । माघी आफन्तबिच सम्बन्ध राम्रो पार्ने चाड हो ।

(क) माघी कहिले मनाइन्छ ?
-------------------------------------------------------------------------------------------------

(ख) थारु समुदायमा माघी कसरी मनाइन्छ ?
-------------------------------------------------------------------------------------------------

(ग) तपाईँ माघ १ गते के के गर्नुहुन्छ ?
-------------------------------------------------------------------------------------------------

## १४. उपयुक्त क्रियापद राखी कथा पूरा गर्नुहोस् :

छमन मामासँग पोखरा --------- । उनी डुङ्गा चढेर फेवाताल ---------- । फेवातालमा माछापुच्छ्रेको आकृति -------------------- । छमन खुसी --------------- । तालवाराही मन्दिरमा लाइन बसेर पूजा --------------- । त्यहाँ भएका परेवालाई चामल आहारा --------------- । त्यहाँबाट उनीहरू सङ्ग्रहालय घुम्न --------------- । सङ्ग्रहालयमा धेरै कुरा --------------- । त्यसपछि उनी महेन्द्रगुफा हेर्न --------------- । गुफाभित्र बत्ती बालेर घुम्दा दङ्ग --------------- । उनीहरूले लेकसाइडमा गई खाना --------------- । एकै छिन् आराम --------------- । त्यसपछि ट्याकसीमा चढी सराङ्कोटतर्फ ---------- । सराङ्कोटमा दिनभर ---------- । साँझमा होटलमा ---------- ।

## १५. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

तिब्बती पात्रोअनुसार नयाँ वर्षको पहिलो दिनलाई ल्होसार भनिन्छ । यो दिनलाई विशेष पर्वका रूपमा मनाउने गरिन्छ । प्रायः हिमाली प्रदेशमा बस्ने जातजातिहरूले प्रत्येक वर्ष उत्साहका साथ यो पर्व मनाउँछन् । शेर्पा, गुरुङ, तामाङ, थकाली, मगर र अन्य जातिले मनाउने पर्व ल्होसार हो । नेपालमा तमु, सोनाम र ग्याल्बो ल्होसार मनाउने गरिन्छ । तिब्बती पात्रोअनुसार पशुबाट वर्षको गणना हुन्छ । प्रत्येक बाह्र वर्षमा यो क्रम दोहोरिन्छ । त्यसैले कहिले मुसा वर्ष त कहिले गाई वर्ष भनेर ल्होसार मनाइन्छ । सुँगुर, बाँदर, मुसा, गाई, बाघ, बिरालो, गरुड, घोडा, भेडा, सर्प, चरा र कुकुरका नामबाट नयाँ वर्ष प्रारम्भ हुन्छ ।



## १. लय मिलाएर गाउनुहोस् :

### हाम्रो सम्पत्ति

- चक्रपाणि चालिसे

सुखदुःख पापपुण्य कहाँ पाइन्छ
जन्ममृत्यु बुझ्ने ज्ञानी जहाँ पाइन्छ
धनलक्ष्मी खोज्न थाले दुःख भेटिन्छ
मन शान्ति भए मात्र दुःख मेटिन्छ ।

मातृस्नेह साथ भए घरै मन्दिर
गुरुदेव ! भोगाइ हो जीवन सुन्दर
जन्मदिन प्यारो हुन्छ चाडपर्व झैँ
वर्ष बित्यो हर्ष छायो आज सबेरै ।



लोकगीत बनेको छ हाम्रो चिनारी
नाचगानसँगै आउँछ नयाँ बिहानी
शुभप्रभात भन्दै उठ्छौँ जाँगर बोकेर
शुभरात्रि भन्दै सुत्छौँ भोलि सोचेर ।

पुष्पगुच्छा हात लिई गर्छौं स्वागत
हर्षसाथ निम्तो गर्छौं झुकाई माथ
पूजाआजा पसिनाको गर्छौं रमाई
संस्कृति र परम्परा हाम्रो कमाइ ।

## २. चित्र हेरेर वर्णन गर्नुहोस् :







## ३. शब्द शब्द जोडेर लेख्नुहोस् र पढ्नुहोस् :

नाच + गान → नाचगान

लोक + गीत →

चाड + पर्व →

जन्म + मृत्यु →

जन्म + दिन →

पूजा + पाठ →

पुष्प + गुच्छा →

जन्म + स्थान →



## ४. दशओटा शब्द चिनेर घेरा लगाउनुहोस् र लेख्नुहोस् :

| | | | | |
|---|---|---|---|---|
| य | म | रा | ज | हि |
| ता | न | त | सो | जो |
| उ | ता | दि | त | आ |
| ता | तो | न | सो | ज |
| ह | र | दि | न | भ |
| बि | ना | का | म | न |
| द | चु | लो | चौ | को |



५. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

## छठ



छठ नेपालमा मनाइने पर्व हो । मुख्य रूपमा यो पर्व मिथिला क्षेत्रमा श्रद्धाभावका साथ मनाइन्छ । अहिले यो पर्व देशैभरि नै मनाउन थालिएको छ । काठमाडौं उपत्यकामा समेत यो पर्व धुमधामले मनाइन्छ । व्रतालुहरूका भाकल वा मनकामना पूरा गर्न यो व्रत बस्ने गरिन्छ । यस पर्वमा सूर्यको उपासना र आराधना गरे मनोकामना पूरा हुने विश्वास गरिन्छ । यस पर्वमा भगवतीको पूजा हुन्छ । व्रतालुहरूले यस पर्वमा परिवारका सबैको कल्याणको कामना गरी व्रत बस्छन् । यस पर्वमा महिला र पुरुष दुबैले श्रद्धा एवम् भक्तिपूर्वक व्रत बस्ने गर्छन् । प्रत्येक वर्ष कात्तिक शुक्ल पक्षको पञ्चमीका दिनदेखि व्रत आरम्भ हुन्छ । पञ्चमीको दिन शुद्ध भई व्रतका लागि तयार हुन्छन् । षष्ठीको दिन निराहार व्रत बस्ने गर्दछन् । साँझमा अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । सूर्यलाई अर्घ दिँदा जलाशयमा उभिएर अर्घ दिने प्रचलन छ । रातमा भजनकीर्तन गर्ने र जाग्राम बस्ने प्रचलन छ । सप्तमीको दिन बिहान सूर्योदय हुनु पहिले नै तलाउमा गई सूर्य पूजा हुन्छ । उदाउँदो सूर्यलाई अर्घ दिएपछि पूजा समापन हुन्छ । पर्वका चारै दिन (चौथी, पञ्चमी, षष्ठी र सप्तमी) प्रसाद वितरण गर्ने र खाने प्रचलन छ ।


(क) छठमा केको पूजा गरिन्छ ?


(ख) यो पूजा किन गरिन्छ ?

(ग) छठ पूजा कसरी समापन हुन्छ ?

(घ) छठ जस्तै तपाईंको समुदायमा कुन कुन पर्व मनाइन्छन् ?

## ६. शब्द शब्द जोडेर पढ्नुहोस् र लेख्नुहोस् :




---------------------- ---------------------- ---------------------- ----------------------

---------------------- ---------------------- ---------------------- ----------------------

## ७. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

नाचगान : ------------------------------------------------------------------------------

चाडपर्व : ------------------------------------------------------------------------------

जन्मदिन : ------------------------------------------------------------------------------

कुलपूजा : ------------------------------------------------------------------------------

## ट. दिइएको समाचार पढेर सुनाउनुहोस् र कापीमा लेख्नुहोस् :

### समाचारको नमुना



नमस्कार, साँझको ५ बजेको छ । अब सुन्नुहोस्, बालसमाचार । म हुँ शिखा गौतम ।

आज २०७७ साल कात्तिक १५ गते शनिवार हो । आज नमुना आधारभुत विद्यालय, चिसापानी, रामेछापले अभिभावक दिवस मनाएको छ । कार्यक्रममा विद्यार्थीहरूले लोकगीत गाएर नाचगान गरे । सो अवसरमा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष हुनुहुन्थ्यो । उहाँले विद्यालयका लागि खेलकुद सामग्री वितरण गर्नुभएको थियो । उक्त गाउँपालिका अध्यक्षले विद्यालयलाई निरन्तर सहयोग गर्ने वाचा पनि गर्नुभयो । हवस् त, बाल समाचार पूरा भएको छ । बेलुकी सात बजेको बालसमाचार सुन्न नभुल्नु होला, नमस्कार ।



## ९. छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :

### अचार



सानो भाइ चिसोपानीमा खेलिरहेको थियो । आमाले भन्नुभयो, "चिसोपानीमा धेरै नखेल है छोरा । बिरामी परिन्छ । जाडो बढ्दै छ । जाडोको समयमा चिसोपानी होइन, तातोपानी पिउनुपर्छ ।" भाइले भन्यो, "नाइँ के, म त खेल्छु ।" आमाले सम्झाउँदै भन्नुभयो, "जिद्दी नगर न बाबु ! तातोचिसो भएर तिमीलाई रुगाखोकी लाग्यो भने ? घामपानीको तरिका मिलेन भने बिरामी भइन्छ । यता आइहाल । त्यो तौलिया लिएर जिउ पुछ । बरु म तिमीलाई अमिलो अचार खान दिउँला ।" अचारको नाम सुनेर भाइको मुखमा पानी आयो । उसले कराएर सोध्यो, "पक्का हो आमा ? मलाई अचार दिने हो त ?" "हो भन्या ! ल आइहाल ।" आमाले भन्नुभयो । अचार खान पाइने भयो भनेर भाइ खुसी भयो । ऊ चिसो पानीमा खेल्न छाडेर आयो र भन्यो, "खै, दिनु न अचार ।" "ल ल, दिइहाल्छु । एकछिन पख ।" भन्दै आमा घरभित्र पस्नुभयो ।

## १0. सही चिह्न लेखी वाक्य बनाउनुहोस् :

| । | , | ? | “ ” |
| --- | --- | --- | --- |

(क) भाइले भन्यो, ------------ मलाई सबै चाडपर्व मन पर्छ । ------------

(ख) पवन ------------ जीवन र मोहन जात्रा हेर्न गए ।

(ग) तिमीलाई कुन चाडपर्व मन पर्छ ------------

(घ) आज मेरो जन्मदिन हो ------------

(ङ) ए भाइ ------------ आज कता जाने हो ------------

११. दुई चित्रका मिल्ने र नमिल्ने विषयवस्तु भन्नुहोस् :







## १२. तलको सूचना पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

### सूचना ! सूचना !! सूचना !!!

**गर्मी महिनामा फैलन सक्ने हैजा, झाडापखाला,**
**टाइफाइड, डेङ्गु जस्ता**
**रोगबाट आफू पनि बचौँ र अरूलाई पनि बचाऔँ ।**
**सरुवा रोगबाट बच्नका लागि तलका कुरालाई ध्यान दिऔँ ।**

- खाना खानुअगि र फोहोर वस्तु छोएपछि साबुनपानीले हात धुने गरौँ ।
- पानी उमालेर मात्र पिउने गरौँ ।
- फलफूल र तरकारी जस्ता खानेकुरालाई सफा पानीले राम्ररी पखालेर मात्र खाने गरौँ ।
- सम्भव भएसम्म बजारका तयारी खानेकुरा नखाऔँ ।
- व्यक्तिगत सरसफाइमा ध्यान दिने गरौँ ।
- स्वास्थ्य समस्या भएमा नजिकैको स्वास्थ्य केन्द्रमा गएर सल्लाह लिने गरौँ ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

(क) यो सूचना केसँग सम्बन्धित छ ?

(ख) गर्मी महिनामा फैलन सक्ने रोगहरू के के हुन् ?

(ग) हामी कसरी स्वस्थ बन्न सक्छौँ ?

(घ) स्वास्थ्य समस्या भएमा किन स्वास्थ्य केन्द्र जानुपर्ने रहेछ ?





## १३. उदाहरणमा दिइए जस्तै वाक्य मिलाई लेख्नुहोस् :

तिमी छिटो आयौ । तिमी छिटो आउने छौ ।

(क) फुपू घर आउनुभयो ।

(ख) आमाले कविता पढ्नुभयो ।

(ग) गगन गीत गाउँछन् ।

(घ) भाइ ठुलो हुन्छ ।

(ङ) हामी घर सफा गर्छौं ।

(च) म असल बन्छु ।

(छ) आज पानी पर्छ ।

(ज) हिमाल सफा देखिन्छ ।







## १०. पढेर साथीलाई सुनाउनुहोस् :

| एकवचन | स्त्रीलिङ्ग | बहुवचन |
|---|---|---|
| हाम्रो | हाम्री | हाम्रा |
| मेरो | मेरी | मेरा |
| सेतो | सेती | सेता |
| उसको | उसकी | उसका |
| तिम्रो | तिम्री | तिम्रा |
| उनको | उनकी | उनका |





## १५. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

हिजो म गुरुआमासँग विद्यालयबाट वनभोज गयौँ । मेरा साथी सीताराम, रामलखन र सीतामाया पनि सँगै गएका थिए । वनभोज गएको ठाउँ डाँडामाथि थियो । वनभोज गएको ठाउँ डाँडामा भएकाले हावाहुरी चल्ने रहेछ । पानी पनि धेरै चिसो रहेछ । मैले वनभोजमा खानेकुरा र फलफूल धेरै खाएँ । मैले साथीसँग नाचगान गरेँ । वनभोजमा धेरै रमाइलो भयो । रमाइलो गर्दागर्दै दिन बितेको पत्तै भएन ।

## १६. अहिले कुन महिना हो, भित्ते पात्रो बनाउनुहोस् :

**साल : २०..........** **महिना : ..........**

| आइतवार Sunday | सोमवार Monday | मङ्गलवार Tuesday | बुधवार Wednesday | बिहीवार Thursday | शुक्रवार Friday | शनिवार Saturday |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |



## ८. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

गौरीशङ्कर हिमालको फेदमा मार्बु नाम गरेको सुन्दर बस्ती छ । यहाँका मानिसहरू हरेक दिन गाउँबेंसी र वनपाखा गर्छन् । यहाँबाट वारिपट्टि गौरीशङ्कर हिमाल र पारिपट्टि कालिञ्चोकको मनमोहक दृश्य देख्न पाइन्छ । छङछङ गर्ने नदीनाला, फुलैफूलले सजिएका भिरपाखा, सुखदुःखमा रमाउने बुढापाका भेट्न पाउँदा नातागोता पनि खुसी हुन्छन् । गाउँका युवायुवतीहरू आफ्ना मातापिता र गुरुदेवलाई श्रद्धा गर्छन् । जन्मदिनमा पूजाआजा गर्छन् । पुष्पगुच्छा चढाउँछन् । गाउँका जेठाबाठा मानिसहरू बिनाकाम बस्दैनन् । हिजोआज धेरैले बाख्रापालन, पशुपालन र माछापालन गर्न थालेका छन् । चाडपर्वमा सबै भेला हुन्छन् र नाचगान गरी दुःखसुख साटासाट गर्छन् ।

**(ख) दुईओटा शब्द जोडेर सिङ्गो शब्द बनाउनुहोस् :**

पति + पत्नी = ☐          जडी + बुटी = ☐

काँक्रो + फर्सी = ☐          घाम + पानी = ☐

घिउ + तेल = ☐

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

अन्नपात : ----------------------------------------------------------------

जान्नेसुन्ने : ----------------------------------------------------------------

चिठीपत्र : ----------------------------------------------------------------

**(घ) मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| ब्राहमण/क्षेत्री | ल्होसार |
| श्रेष्ठ | माघी |
| तामाङ | जनैपूर्णिमा |
| थारु | गाईजात्रा |

**(ङ) मिल्ने शब्द राखी वाक्य लेख्नुहोस् :**

(अ) मामाघरबाट -------------- आउनुभयो । (मितमितिनी, मामामाइजू, साथीभाइ)



(आ) दोकानदारले दुई किलो ---------------- दिनुभयो । (आलुप्याज, अन्नबाली, पूजाआजा)

(इ) उनीहरूले बिहेमा धुमधामसँग ---------------- बजाए । (पन्चेबाजा, गितारबाजा, मुरलीबाजा)

**(च) आजको ठाउँमा भोलि राखेर वाक्यमा परिवर्तन गर्नुहोस् :**

आज भाइ राजधानी जान्छ । आज बहिनीले गृहकार्य गर्छिन् ।

आज आमाबुबा मन्दिर जानुहुन्छ ।

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

हामी मौसमअनुसार विभिन्न चाडबाड मनाउँछौँ । जनैपूर्णिमा, साउने सङ्क्रान्ति, गाईजात्रा, वर्षायाममा पर्दछन् । दसैँतिहार वर्षा र हिउँदयाम बिचको समयमा पर्दछ । ल्होसार, माघी, पर्व जाडोयाममा पर्दछन् । इद अन्य समयमा पनि पर्न सक्छ । मौसमअनुसारका चाडसँगै खानपान पनि त्यस्तै प्रकारका हुन्छन् । माघी पर्वमा तिलको लड्डु, घिउ, चाकु, तरुल र खिचडी खाइन्छ । यस दिनमा घाममा बसी शरीरमा तेल लगाउने चलन पनि छ । बिहान सबेरै उठेर नदी तलाउ वा धारामा गई नुहाइधुवाइ गर्नुपर्छ । त्यसपछि आफूभन्दा ठुलालाई ढोग गरी आशीर्वाद लिने चलन पनि प्रख्यात छ । यस दिनबाट थारु जातिको नयाँ वर्ष पनि सुरु हुन्छ ।

(अ) वर्षायाममा कुन कुन चाडपर्व पर्दछन् ?

----------------------------------------------------------------------------------------

(आ) माघीपर्वमा के के खाना खाइन्छ ?

----------------------------------------------------------------------------------------

(इ) माथिको अनुच्छेदमा कतिओटा वाक्य छन् ?

----------------------------------------------------------------------------------------

(ई) तपाईँले मनाउने चाडपर्वका नाम लेख्नुहोस् ।

----------------------------------------------------------------------------------------

**(ज) शब्द पहिचान गरी छुट्याएर लेख्नुहोस् :**

योरेडियोनेपालहो । अबबालसमाचारसुन्नुहोस् । विद्यालयमाबालबालिकालेनाटकदेखाएका छन् । कलाकारभाइबहिनीहरूअभिनयगर्नसिपालुथिए । समाचारपूराभयो । भोलिआठबजेपुनःभेट्नेछौँ ।

----------------------------------------------------------------------------------------

----------------------------------------------------------------------------------------

शिक्षकको हस्ताक्षर : .............     अभिभावकको हस्ताक्षर : .................

# सञ्चार प्रविधि र बजार



## १. लय मिलाएर गाउनुहोस् :

### हाम्रो पालामा

पहिले पहिले कटवाल आई खबर दिन्थे रे
अलि पछि हुलाकीले चिठी दिन्थे रे
आवा आउँदा सबै खुसी हुन्थे गाउँमा
यस्ता कुरा कथा बने हाम्रा पालामा ।

पहिले रेडियोभित्र मान्छे हुन्छन् ठान्थे रे
टेलिभिजन पछि मान्छे हेर्न जान्थे रे
पेजर आयो घुरघुर गर्दै केही सालमा
मोबाइल अनि के के के के हाम्रा पालामा ।

कति धेरै एफएम रेडियो टिभी कति हुन्
पत्रपत्रिका र अनलाइन आज कति धेरै हुन्
फेसबुक, ट्विटर, भाइबर सबै हात हातमा
विश्व एउटा गाउँ बन्यो हाम्रा पालामा ।



२. चित्र हेरेर वर्णन गर्नुहोस् :



## ३. खाली ठाउँमा मिल्दो शब्द भरेर नयाँ शब्द बनाउनुहोस् :

उदाहरण : ------------------ कोट

(काली, हरियो) = कालीकोट

(क) मिठो ------------------

(ठुलो, मसिनो) = ------------------------------------------------------------------

(ख) ------------------चाकु

(चर्को, घिउ) = ------------------------------------------------------------------

(ग) ------------------बारी

(फूल, वन) = ------------------------------------------------------------------

(घ) तातो------------------

(पिरो, अमिलो) = ------------------------------------------------------------------

(ङ) साँचो------------------

(झुटो, हल्ला) = ------------------------------------------------------------------

(च) ------------------पुरानो

(नौलो, नयाँ) = ------------------------------------------------------------------

(छ) ------------------कार्य

(घर, गृह) = ------------------------------------------------------------------

(ज) जीव------------------

(जन्तु, जोत) = ------------------------------------------------------------------

(झ) चिनी------------------

(पात, पानी) = ------------------------------------------------------------------

## १५. समूहमा नमिल्ने शब्द चिनेर गोलो घेरा लगाउनुहोस् र पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| घामपानी | तातोपानी | सुनचाँदी | खानेपानी |
| अमिलोपिरो | तितोपिरो | गहुँगोरो | तातोपिरो |
| सेतोकालो | कालोनिलो | रातोसेतो | सागपात |
| हातपाउ | हाडछाला | चारपाँच | नङमासु |
| छसात | आठनौ | दुईतीन | तलमाथि |
| केटाकेटी | पतिपत्नी | आनीबानी | भालेपोथी |



## ४. तलको सूचना पढेर सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

मिति : २०७७।०८।०३

आदरणीय अभिभावकज्यू,

यस विद्यालयको अभिभावक दिवस निम्नलिखित मिति, समय र स्थानमा सम्पन्न हुँदै छ । उक्त दिनको कार्यक्रममा सहभागी भई बालबालिकाको हौसला बढाइदिनुहुन अनुरोध छ ।

**कार्यक्रम**
**मिति : २०७६ । ११ । १०**
**स्थान : विद्यालयको प्राङ्गण**
**समय : दिनको ११ बजे**

प्रधानाध्यापक
तथा
विद्यालय परिवार
श्री नेपाल आधारभूत
विद्यालय
दुनै, डोल्पा

(क) यो सूचना कुन मितिमा लेखिएको हो ?

(ख) कार्यक्रम कुन स्थानमा हुने रहेछ ?

(ग) केका अवसरमा कार्यक्रम राखिएको रहेछ ?

## ५. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### किनमेल



म आज बुबासँग बजार गएँ । बजारमा बुबाले घरका लागि चाहिने डाडुपनिउँ, काँटाचम्चा र थालकचौरा किन्नुभयो । बुबाले किनेका सामान बोक्न मैले सघाएँ । किनमेल सकेपछि मैले बुबालाई खाजा खाऔँ भनेँ । बुबाले बजारिया खानेकुरा खानुहुँदैन भन्नुभयो । मैले सेलरोटी खान्छु भनेँ । बुबाले बरु फलफूल खाऔँ भन्नुभयो । उहाँले मलाई स्याउ किनेर पखाल्न दिनुभयो । बाबुछोराले बाँडीचुँडी स्याउ खायौँ । मैले टाउकामा कलश राखेर हिँडेका महिलाहरूको लस्कर देखेँ । मलाई यो देखेर अचम्म लाग्यो । बुबालाई सोधेँ, “बुबा यिनीहरू कस्ता मानिस हुन् ?” बुबाले भन्नुभयो, “यिनीहरू कलशयात्रामा हिँडेका महिलाहरू हुन् ।” मैले आज बजारमा नयाँ कुरा देख्न पाएँ । त्यसपछि एक घण्टाको उकालो बाटो पार गर्दै हामी घर आइपुग्यौँ ।

(क) बुबाले बजारमा के के किन्नुभयो ?

(ख) बुबाले के खानुहुँदैन भन्नुभयो ?

(ग) महिलाहरूले किन टाउकामा कलश राखेर हिँडेका होलान् ?



## ६. छिटो छिटो पढ्नुहोस् :


गाडी
छाडी
झाडी
पाडी
माडी
खोला
चोला
झोला
डोला
तोला
डोके
ढोके
द्याम्म
ड्याम्म
बिरालो
भिरालो
फेरी
डेरी
ठ्वास्स
ढ्वास्स







## ७. साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

| | | |
|---|---|---|
| घिउचाकु | सेलरोटी | मासुभात |
| खिरपुरी | दुधभात | कर्दचक्कु |
| डाडुपनिउँ | काँटाचम्चा | थालकचौरा |
| हँसियानाम्लो | घरबारी | रायोमूला |

## ९. पालैपालो कुराकानी गर्नुहोस् र के के भयो, कापीमा लेख्नुहोस् :



वनमान्छे: सुनकेशरी आऊ, हामी वनभोज जाऔँ ।

सुनकेशरी : हुन्छ, म आउँछु । चामलपिठो र सागपात पनि लैजानुपर्छ कि ? टाढाको बाटामा के पर्छ के ?

वनमान्छे: हुन्छ नि त । सबै छिमेकीलाई पनि बोलाऔँ । हाँसखेल र नाचगान गर्दै जाऔँला । (सुनकेशरीले सबैलाई बोलाइन् । सबै नाचगान गर्दै उकालो लागे । उकालामा जाँदाजाँदै एउटी महिला रुँदै ओरालो झरिन् ।)

महिला : लौन नि ! मेरी छोरी हराई । कसैले देख्नुभयो कि ?

सुनकेशरी : दिदी के भयो ? छोरी कत्री थिइन् ? के लगाएकी थिइन् ?

महिला : उनी सानी थिइन् । उनले रहर गरिन् । मैले सारीचोलो लगाइदिएकी थिएँ । उनले गाजल टिकी पनि लगाएकी थिइन् । आजै कति राम्री पारेकी थिएँ ! आजै छोरी हराइन् ।

सुनकेशरी : हाम्रा साथीसँग आएकी छन् कि ? सोध्नुहोस् न ।

महिला : हजुरका साथीले कानमा मुन्द्री लगाउनुभएको छ । हातमा भाला बोक्नुभएको छ । मलाई त उहाँहरूलाई हेर्दा नै डर लाग्छ ।

सुनकेशरी : डराउनुपर्दैन । म पनि भनौँ त ।

महिला : हुन्छ बहिनी । (सुनकेशरी नाचगान भएतिर लागिन् । सानी नानी त त्यहीँ नाच्दै रहिछिन् । सुनकेशरीले नानी बोकेर आइन् ।)

सानी : आमा ! म यहाँ छु । (महिलाले आँसु पुछिन् ।)

महिला : (नानीलाई अँगालो हाल्दै) धन्यवाद । तपाईंहरू धेरै असल हुनुहुँदो रहेछ । म तपाईंहरूलाई कहिल्यै बिर्सने छैन ।

## १०. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

फलफूल : ------------------------------------------------------------

दुधभात : ------------------------------------------------------------

राडीपाखी : ------------------------------------------------------------

सेलरोटी : ------------------------------------------------------------

खिरपुरी : ------------------------------------------------------------

घिउचाकु: ------------------------------------------------------------

## ८. मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) म बहिनीलाई माया गर्छु -------------- ( । , ? )

(ख) तिमी कहिले आयौ -------------- ( ! , ? )

(ग) आत्था -------------- कति तातो पानी ।( ! । ? )

(घ) म -------------- बुबा, भाइ र मामा मेला हेर्न गयौँ । ( । , ? )



## ११. मिल्ने अर्थसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| बल | पतिपत्नी |
| अँगार | शक्ति |
| जिउ | राष्ट्र |
| कोसेली | गोल |
| मुलुक | उपहार |
| दम्पती | शरीर |





## १२. पढ्नुहोस् र रातो रङ लगाएका शब्द कापीमा लेख्नुहोस् :



रामलाल विद्यालयबाट घर पुगे । उनले पोसाक फेरे । आजको खाजा के होला भनेर भान्सातिर हेरे । डेक्चीभरि भुटेको मकैभटमास देखे । त्यसलाई कचौरामा हालेर कुरुमकुरुम खाए । आँगनमा कल्याङमल्याङ आवाज सुने । झ्याल खोलेर हेर्दा उसका मिल्ने साथीभाइ छिरिङ र प्रहरलाई देखे । रामलालको बोलीवचन असाध्यै राम्रो छ । उनी आफूसँग भएका मिठोमसिनो खानेकुरा बाँडेर खान्छन् । उनका यस्ता **आनीबानी**लाई घर र विद्यालय दुबैतिर प्रशंसा गर्छन् । रामलालले दुबै जना साथीलाई चियाखाजा खुवाए । त्यसपछि उनीहरू चउरतिर खेल्न हिँडे ।







१३. खाली ठाउँमा मिल्दो शब्द भरेर वाक्य पूरा गर्नुहोस् :

(क) ................................ सन्चै हुनुहुन्छ ?

(तपाईं, तँ, तिमी)

(ख) ................................ फुटबल खेल्छिन् ।

(बहिनी, भाइ, दिदी)

(ग) ................................ कता हिँडेकी ?

(तँ, तपाईं, उहाँ)

(घ) ................................ इमानदार छौ ।

(तिमीहरू, उनी, तिनी)

(ङ) ................................ बजार जानुहुन्छ ।

(तिमी, तँ, उहाँहरू)

## १४. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### टेलिभिजनमा दृश्य



मैले विद्यालयबाट फर्केपछि हातमुख धोएर खाजा खाएँ । एकछिन गृहकार्य गरेँ । मलाई टेलिभिजन हेर्न मन लाग्यो । मैले टेलिभिजन खोलेँ । टेलिभिजनमा नेपालको एउटा गाउँको दृश्य देखियो । गाउँका मानिसहरू नयाँनौला थिए । बालबच्चा आँगनमा खेल्दै थिए । केही मानिस बारीमा वरिपरि बसेर हाँसखेल गर्दै थिए ।

हेर्दाहेर्दै एक जना पाका मानिस देखिए । उनी हाँसखेल गर्दै गरेका मानिस भएतिर गए । उनी मुढामा टुसुक्क बसे । उनी भन्न थाले, “हेर बाबु हो ! मानिसले समय खेर फाल्नुहुँदैन । मितव्ययी बन्नुपर्छ । जोकोही दीनदुःखीलाई सेवा गर्नुपर्छ ।





पाको मानिसका कुरा सुनेपछि ती मानिस हाँस्न छोडे । उनीहरू उनका कुरा सुन्न नजिकिए । उनी फेरि भन्न थाले, “बाबु हो ! हामीले साँचोभुटो छुट्याउन सक्नुपर्छ । साँचो बोल्ने सफल हुन्छ । झुटो बोल्नेले दुःख पाउँछ । हामीले राम्रा काम गरेर यो गाउँ सुन्दर बनाएका हौँ । तिमीहरूले यसलाई अझ सुन्दर बनाउनुपर्छ । गफ गरेर दिन नबिताओ है !”

मानिसहरू सचेत देखिए । टेलिभिजनमा हिमाल, पहाड र नदी देखिए । अन्नबाली, सागपात र हरिया जङ्गल देखिए । गाईवस्तु चराचुरुङ्गी देखिए । साँच्चै सुन्दर गाउँ देखियो । मेरो गृहकार्य बाँकी नै थियो । म पनि टेलिभिजन बन्द गरेर पढ्ने कोठातिर लागेँ ।

(क) टेलिभिजनमा के देखियो ?

---------------------------------------------------------------------------------------------------------

(ख) हामीले के के गर्नुपर्छ ?

---------------------------------------------------------------------------------------------------------

(ग) म पात्र किन कोठातिर लागे ?

---------------------------------------------------------------------------------------------------------

(घ) तलका शब्दको अर्थ शब्दकोशबाट खोजेर कापीमा लेख्नुहोस् ।

| गृहकार्य | दृश्य | आँगन |
| --- | --- | --- |
| पाको | मितव्ययी | |





## १६. साथीले पढेको सुनेर कापीमा लेख्नुहोस् :

### अर्ती र बुद्धि

अर्ती खोज्दै बुद्धि यताउता गरिरह्यो । उसले अर्ती भेट्टाएन । बुद्धिले मनमनै सोच्यो, “अर्ती आमाबुबासँग गएछ क्यारे ! सधैँ अर्ती त आमाबुबाले नै दिनुहुन्थ्यो ।” बुद्धिले आमाबुबालाई पर्खिने विचार गऱ्यो । एकैछिनमा बुबा आउनुभयो । बुद्धिले सोध्यो, “बुबा, अर्ती हजुरसँग गएको हो ?” छक्क पर्दै बुबाले सोध्नुभयो, “किन र छोरा ?” “यत्तिकै सोधेको बुबा ! आज अर्ती नपाएर होला ! मेरो बुद्धिले कसैसँग सल्लाह गर्न पाएन । एक्लै भएपछि बुद्धिलाई न्यास्रो लागेछ क्यारे ! मनमा कुरा खेलिरह्यो ।” मुसुक्क हाँस्दै बुबाले सम्झाउनुभयो, “अर्ती सबैको लिनुपर्छ । तर बुद्धि आफ्नै लगाउनुपर्छ है ।” “अर्ती सुनेर पनि बुद्धि बढ्छ नि । मलाई त मेरो बुद्धि बढाउन पो तपाईँको अर्ती चाहिएको हो ।” बुद्धिले थप्यो । बुद्धिको जुक्ति सुनेर बुबा खुसी हुनुभयो ।


## १. लय मिलाएर गाउनुहोस् :

### यही हो नेपाल

हात्ती र गैँडा खेल्छन् रमाई सौराहा वनमा
डाँफे र मैना नाच्दछन् सधैँ आनन्दी मनमा
जे रोपे पनि फल्दछ साथी यो घरबारीमा
श्रमकै गीत गाउँछन् चरा त्यो बाँसघारीमा ।

मेलापात जाँदा गुन्जिन्छ गीत लैबरी भाकामा
खनजोत गर्दा लाइन्छ मित ती वनपाखामा
मानिस यहीँ जीवजन्तु यहीँ एउटै छ वासस्थान
बाघ र भालु मिलेर गर्छन् जङ्गलको गुणगान ।

लाग्दैन रोग लाग्दैन भोक फूलबारी डाक्टर
नुनचिनी पानी खाएमा भाग्छ सामान्य बिमार
हिमाल टिभी रेडियो हावा नदी छन् विशाल
सुगा र मैना बसेर गाउँछन् यही हो नेपाल ।







## ३. पढ्नुहोस् र शब्द शब्द छुट्याएर लेख्नुहोस् :

सानोठुलो → सानो | ठुलो

नाफानोक्सान → | 

हारजित → | 

किनबेच → | 

घरदैलो → | 

आँटोपिठो → | 

डाँडामाथि → | 

पाखापखेरा → | 

## ४. पढ्नुहोस् र उत्तर भन्नुहोस् :

### सञ्चारका साधन



देशविदेशका घटनालाई जानकारी दिने माध्यमलाई सञ्चार भनिन्छ । सञ्चार माध्यममा पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि पर्छन् । हामीले पत्रपत्रिकाका समाचार पढेर जानकारी लिन्छौँ । हामीले रेडियोमा समाचार सुनेर जानकारी लिन्छौँ । टेलिभिजनमा चाहिँ सुन्ने र हेर्ने दुबै काम हुन्छ । हामी सबैले रेडियो र टेलिभिजन देखेकै छौँ । रेडियो टेलिभिजनभन्दा सानो हुन्छ । रेडियोमा मानिस बोलेको मात्र सुनिन्छ । टेलिभिजनमा बोल्ने मानिसहरूलाई देख्न पनि पाइन्छ । रेडियो र टेलिभिजनबाट प्रसारण गरिने कार्यक्रममा समानता पनि हुन्छन् । रेडियो र टेलिभिजन दुबैमा समाचार, गीत, नाटक जस्ता कार्यक्रम प्रसारण हुन्छन् । नाच जस्ता दृश्यसँग सम्बन्धित कार्यक्रम चाहिँ टेलिभिजनबाट मात्र प्रसारण गर्न सकिन्छ । विद्युत् सेवा पुगेका ठाउँमा टेलिभिजनको प्रसारण पुऱ्याउन सकिन्छ । रेडियोका लागि सामान्य ब्याट्री मात्र भए पनि पुग्छ । रेडियो र टेलिभिजनका मुख्य फरक यिनै हुन् ।

(क) हामी के पढेर जानकारी लिन्छौँ ?

(ख) टेलिभिजनबाट कसरी सूचना पाउन सकिन्छ ?

(ग) रेडियो किन सबैतिर पुगेको छ ?



## ६. तलको तालिकाबाट वाक्य बनाउनुहोस् र लेख्नुहोस् :

| | | |
|---|---|---|
| तैँले | | खाइस् ? |
| मैले | | खायौँ । |
| बहिनीले | | खायौ ? |
| तिमीहरूले | खाना | खाएँ । |
| आमाले | | खाइन् । |
| हामीले | | खानुभयो । |

## ७. दिइएका शब्दहरू तालिकामा भर्नुहोस् :

कलम, कलमहरू, यो, यिनीहरू, किसान, हामी, हामीहरू, तिमीहरू, युवक, युवकहरू, ठिटो, ठिटाहरू, सेतो, सेता, रातो, राता, पिपल, किताब, किताबहरू

| थोरै बुझाउने | धेरै बुझाउने |
|---|---|
| चरो | चराहरू |





## ८. राता अक्षरमा लेखिएका शब्दका उस्तै अर्थ आउने अर्को शब्द लेख्नुहोस् :

पूर्णिमा तीन कक्षामा पढ्छिन् । उनलाई फुर्सद भएको समयमा घुम्न मन पर्छ । शनिबारको दिन उनी बगैंचामा डुल्थिन् । उनी कहिले फूलबारीतिर पनि पुग्थिन् । आफूभन्दा ठुला मान्छेसँग मात्र हिँड्डुल गर्ने उनको राम्रो बानी छ । आफ्नी छोरीको जिज्ञासुपन देखेर उनका आमाबुबा पनि खुसी हुनुहुन्छ ।

समय ------------------------------------ वन ------------------------------------

खोलो ------------------------------------ राम्रो ------------------------------------

आमाबुबा ------------------------------------ खुसी ------------------------------------

## ९. मिल्ने शब्द थपेर लेख्नुहोस् र पढ्नुहोस् :

तातोपिरो ----------------चाँदी

----------------कालो ----------------चिसो

----------------गर्मी ----------------पानी

----------------यात्रा ----------------जात्रा

----------------आज ----------------दिन



९. तलको शुभकामना पत्र पढी विजयादशमीका सट्टामा आफूले मनाउने पर्वको नाम राखी पुनर्लेखन गर्नुहोस् :

**हार्दिक शुभकामना**

श्री पवन परियार,
म्याङलुङ, तेह्रथुम

विजयादशमी २०७८ को सुखद उपलक्ष्यमा यहाँ र यहाँको परिवारको सुख, स्वास्थ्य, समृद्धि एवम् प्रगतिको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छौं ।

हिमाल मावि परिवार
म्याङलुङ, तेह्रथुम





## १०. खाली ठाउँमा मिल्ने शब्द लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| खन् | खन्छ | खन्यो | खन्नेछ |
| बन् | ------------------- | ------------------- | ------------------- |
| रोप् | ------------------- | ------------------- | ------------------- |
| घोप् | ------------------- | ------------------- | ------------------- |
| गोड् | ------------------- | ------------------- | ------------------- |
| तोड् | ------------------- | ------------------- | ------------------- |
| पढ् | ------------------- | ------------------- | ------------------- |
| पखाल् | ------------------- | ------------------- | ------------------- |
| बसाल् | ------------------- | ------------------- | ------------------- |
| खसाल् | ------------------- | ------------------- | ------------------- |





११. बुद्धको ठाउँमा तपाईं भए्को भए के गर्नुहुन्थ्यो, कापीमा लेख्नुहोस् :

## सिद्धको सिको



बुद्ध र सिद्ध मिल्ने साथी हुन् । उनीहरू च्याउ खेती गर्थे । बुद्धले सिद्धलाई मित्र भनी बोलाए । सिद्धले बुद्धलाई हिँड जाऔँ भने । सिद्धले भने, "मित्र च्याउ बेचौँ । च्याउ बेचेको पैसाले कुखुराका चल्ला किनौँ । चल्ला ठुला हुन्छन् । तिनीहरूलाई बेचौँ । बाख्राका पाठा किनौँ । पाठा ठुला भएपछि बेचौँ । गाईको बाच्छी किनौँ । बाच्छी ठुलो भएपछि त्यसले अरू बाच्छीहरू पाउँछ । बाच्छी ठुला भएपछि ती पनि बेचौँ । त्यति गर्दा हामी पनि ठुला हुन्छौँ । हामीले पैसा बैङ्कमा जम्मा गरौँ । हुन्न त ?" बुद्धले सिद्धको सिको गर्लान् कि नगर्लान् ?

## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### हावाले झन्डा उडाउन सकेन



पहाडमा एउटा सुन्दर गाउँ थियो । मानिसहरू साँझबिहान काम गर्थे । उनीहरू उकालोओरालो गर्थे । लेकबेँसी धाउनु उनीहरूको दिनचर्या थियो । केटाकेटी पनि आमाबुबासँग तलमाथि गर्न गाह्रोसाह्रो मान्दैनथे ।

सुमन पनि त्यही गाउँको जूनतारा आधारभूत विद्यालयमा पढ्थ्यो । उसका गाउँमा थुप्रै खोलानाला थिए । घामपानीमा होस् वा हावाहुरीमा होस्, ऊ उकालोओरालो गरिरहन्थ्यो । ऊ जङ्गलको बाटो विद्यालय जान्थ्यो । चराहरू





चिर्रचिर्र कराउँथे । मृगका बच्चाहरू उफ्रेर बाटो काट्थे । सुमन रुखको फेददेखि टुप्पासम्म हेर्थ्यो । कहिलेकाहीँ गुँडमा चिर्रचिर्र गरिरहेका बचेरा देखिन्थे । जङ्गलमा घामछाया पर्थ्यो । त्यसैले उसलाई साथीहरूसँग जङ्गलमा डुल्न रमाइलो लाग्थ्यो ।

आज पनि सुमन विद्यालय जाँदै थियो । विद्यालय नपुग्दै हावाहुरी आयो । एक्कासि ठुलो पानी पर्‍यो । खोलानाला बढेर बाढी आयो । ऊ बर्सादी ओढेर विद्यालय गयो । केही साथीहरू अगि नै आइसकेका थिए । हावाहुरी चलि नै रहेको थियो । पानी पर्दै थियो । हेर्दाहेर्दै हावाले उत्तिसको हाँगा भाँच्यो । खाजाघर छेउको ढिस्को लड्यो । विद्यालयको छानाको एउटा टिन उक्कियो । विद्यालयको चउरमा भल बग्यो । हावापानीले उत्पात मच्चायो तर चउरमा गाडिएको चन्द्रसूर्य झन्डा भने उडाउन सकेन ।

(क) सुमन कहाँ पढ्थ्यो ?

---------------------------------------------------------------------

(ख) सुमनलाई जङ्गलमा डुल्न किन रमाइलो लाग्थ्यो ?

---------------------------------------------------------------------

(ग) हावापानीले के के गर्‍यो ?

---------------------------------------------------------------------

## दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

मलजल : ------------------------------------------------------------

हावाहुरी : ------------------------------------------------------------

तलमाथि: ------------------------------------------------------------

तातोपानी : ------------------------------------------------------------

घामपानी: ------------------------------------------------------------

चिसोपानी : ------------------------------------------------------------

## १२. मिल्दो चिह्न राखेर तलका वाक्य पूरा गर्नुहोस् :

(क) आहा ...... कति रमाइलो मेला लागेछ । ( । , ! )

(ख) यो तिम्रो कलम हो ............ ( । , ? )

(ग) दिनेश ...... रमा र कला बजार गए । ( ! , ? )

(घ) मेरो घरमा कम्प्युटर छ ............. ( ! । ? )







## १५. साथीले पढेको सुनेर लेख्नुहोस् :

म आमासँग मामाघर गएँ ।हामी मामाघरमा पुग्दा हजुरबुबा पिँढीमा बस्नुभएको रहेछ । मैले उहाँलाई नमस्कार गरेँ । एकछिनपछि माइजू आउनुभयो । मैले उहाँलाई दिदीहरू खोइ त भनेर सोधेँ । उहाँले भन्नुभयो, “बजार गएका छन्, एकछिनमा आउँछन् ।” एकछिनपछि दिदीहरू आउनुभयो । मलाई देखेर दिदीहरू खुसी हुनुभयो ।उहाँहरूले बजारबाट रङ ल्याउनुभएको रहेछ । दिदी र म बसेर चित्र बनायौँ । निकैबेर गफ गरेर सुत्यौँ ।





## १६. खाली ठाउँमा मिल्ने शब्द लेखी कविता पूरा गर्नुहोस् :

| असल | हातमुख | बाबुनानी | कति | मिलिजुली | आफैँ |
|---|---|---|---|---|---|

कति जाती कति .............................. हाम्रा बाबुनानी

.............................. आफैँ धुने कति राम्रो बानी ।

हँसिला छन् रसिला छन् हाम्रा ..............................

मिठोचोखो बाँडी खाने .............................. राम्रो बानी ।

.............................. काम गर्छन् हाम्रा बाबुनानी

आफैँ पढ्छन् .............................. लेख्छन् कति राम्रो बानी ।

## १७.तलका बुँदाका आधारमा ढुङ्गो र माटो शीर्षकमा एक अनुच्छेद लेख्नुहोस् :

ढुङ्गो/माटो : घर पाटीपौवा, मन्दिर, चौतारो बनाउन, रुखबिरुवा जोगाउन, सबै अन्न फलाउन, माटो आवश्यक, पृथ्वी नै ढुङ्गा माटाले बनेको, पानी, आगो, हावा, ढुङ्गा माटो नभए कुनै प्राणी, वनस्पति बाँच्न नसक्ने

----------------------------------------------------------------

----------------------------------------------------------------



## ९. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

टेलिफोनमा घन्टी किर्रकिर्र गर्ने छ । हजुरआमाले कोठाको टेलिफोन उठाउनुहुने छ । पाठशालाकी गुरुआमासँग फोनमा कुरा गर्नुहुने छ । गुरुआमाले पाठशालामा भएका नयाँनौला कुरा सुनाउनुहुने छ । नातिनातिनीका उत्कृष्ट कामहरू हजुरआमाले थाहा पाउनुहुने छ । अर्को दिन हजुरआमाले नातिनातिनी लिएर पाठशाला जानुहुने छ । पाठशालाका बगैँचा देख्नुहुने छ । बगैँचामा आँप, केरा, मेवा र सुन्तला लटरम्म फलेका हुने छन् । चराचुरुङ्गीहरू भुर्रभुर्र उड्ने छन् । चिर्रबिर्र आवाज निकाल्ने छन् । घामछायामा पुतलीहरू उड्दै मायाप्रीति लगाउने छन् । पाठशालामा गुरुआमासँग भेट हुने छ । बालबच्चाका प्रगति हेरेर हजुरआमा नातिनातिनीसँग साँझपख घर फर्कनुहुने छ ।

**(ख) दिएका शब्दलाई छुट्याएर लख्नुहोस् :**

| बोलीवचन | काँटाचम्चा | राईलिम्बू | ऋषिमुनि |
|---|---|---|---|
| ........ ........ | ........ ........ | ........ ........ | ........ ........ |

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

राडीपाखी : ------------------------------------------------------------

पत्रपत्रिका : ------------------------------------------------------------

साँझबिहान : ------------------------------------------------------------

चिठीपत्र : ------------------------------------------------------------

**(घ) एउटै शब्द बनाउनुहोस् :**

(अ) खाने + पानी = ---------------- (आ) हावा + हुरी = ----------------

(इ) दाल + भात = ---------------- (ई) दुध + दही = ----------------

**(ङ) उल्टो अर्थ दिने शब्दमा जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| दिन | सङ्लो |
| राम्रो | रात |
| धमिलो | उज्यालो |
| अँध्यारो | नराम्रो |



(च) **मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

| तपाईँ | म | हामी | उनी |
|---|---|---|---|

(अ) --------------- टेलिभिजनमा समाचार हेर्छु ।

(आ) --------------- बजार कहिले जानुहुन्छ ?

(इ) --------------- राम्रोसँग कम्प्युटर चलाउँछिन् ।

(ई) --------------- सबै सफल हुने छौँ ।

(छ) **सुन्नुहोस् र उत्तर लेख्नुहोस् :**

आज बजारमा धेरै भिडभाड देखियो । बजारमा हाट लागेको रहेछ । केटाकेटी, बुढापाका, युवायुवती सबै जना आफूलाई मिल्ने सामान भएको पसलमा देखिन्थे । महिलाहरू फलफूल पसलमा, केटाकेटीहरू खेलौना पसलमा, पुरुषहरू सागसब्जी पसलमा सामानहरू छान्दै देखिन्थे । युवायुवतीहरू घडी र मोबाइल पसलमा देखिन्थे । गाउँघरमा फलेका ताजा र सफा तरकारी पनि बजारमा थियो । हजुरआमाले ताजा र हरिया तरकारी, भटमास किन्नुभयो । हरिया सागसब्जी धेरै खानाले शरीरमा फुर्ति बढ्छ । काम गर्न जाँगर आउँछ । शरीर स्वस्थ हुन्छ । मलाई पनि सागसब्जी र फलफूल धेरै मन पर्छ ।

(अ) बजारमा किन भिडभाड भएको होला ?

(आ) केटाकेटीहरूले कस्ता पसल छानेछन् ?

(इ) हामीले सागसब्जी किन खानुपर्छ ?

(ज) **तलको कथा पढ्नुहोस् र आजका ठाउँमा हिजो राखी परिवर्तन गर्नुहोस् :**

आज हाम्रो खेतमा रोपाईँ छ । बुबाले बिउ उखेल्नुहुन्छ । ठुलादाइले बाउसे गर्नुहुन्छ । म बिउ बोक्छु । रोपारले बिउ रोप्छन् । आमाले खाजा बाँड्नुहुन्छ ।

-----------------------------------------------------------------------------------------

-----------------------------------------------------------------------------------------

शिक्षकको हस्ताक्षर : .............　　　अभिभावकको हस्ताक्षर : .................

## १. लय मिलाएर गाउनुहोस् :

### अनौठो इच्छा



अनगिन्ती अङ्गुर छन् खानै पर्ने छ
अनुभवले लक्ष्यसम्म जानै पर्ने छ
अनुमान हैन जीवन साँच्चै यस्तो हो
अनुहार ऐनाभित्र देखे जस्तो हो ।

सुपुत्रले सुदूर गई नाम कमाए
सुमार्गमा हिँडेर सुयोग बनाए
पोसिलो र नुनिलो खाना खान्छन् रे
फलफूल खोज्नलाई वन जान्छन् रे ।

बाचुन्जेल खाने हो स्वस्थ भएर
सिकुन्जेल सिक्ने हो पढ्न गएर
सकुन्जेल लेख्ने हो हुन्न थकावट
बसुन्जेल हेर्ने हो घरको बनावट ।

३. चित्र हेरेर उत्तर भन्नुहोस् :



(क) यो चित्रमा के भइरहेको छ ?

(ख) तिनीहरू को होलान् ?

(ग) चित्रमा खेलेको खेलको नाम के हो ?

(घ) यहाँ कति जना मान्छे छन् ?



## २. शब्द अगाडिको वर्ण झिकेर लेख्नुहोस् र भन्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| अपुग | अहित | अमन | आदेश | आकृति | आचार |
| पुग | | | | | |

## २. जोडेर लेख्नुहोस् :

छ: पढ्, हिँड्, लेख्, कुद्

छे: खेल्, मिल्, भन्, बुन्

## ५. सही शब्द चिनेर गोलो घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| अहित | हितअ | छेहिँड् | हिँड्छे |
| मनअ | अमन | छेपढ् | पढ्छे |
| चारअ | अचार | लसर | सरल |

## ७. अन्तिमको वर्ण प्रयोग गरेर नयाँ शब्द लेख्नुहोस् :

| गाउँले | लेकमा | मादीले |
|---|---|---|
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |

| लेख्दै | दैलेख | खरायो |
|---|---|---|
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |
| ------------------ | ------------------ | ------------------ |

## ६. पाठ पढेर दिएका शब्दको उच्चारण गर्नुहोस् :



पहिला अहिलेको जस्तो ट्याक्टर प्रयोग हुँदैनथ्यो । खेत जोत्न गोरुकै भर पर्नुपर्थ्यो । फुलमान हलो र जुवा बोकेर बाहिर निस्किए । जुवामा जोतारो थिएन । उनी फेरि भित्र गए र जोतारो लिएर आए । बाहिर एक जना मगन्ते आएका रहेछन् । उनले मगन्तेलाई इस्टकोटको खल्तीबाट पाँच रुपियाँ दिन खोजे । मगन्तेले थोरै भयो भनी लिन मानेनन् । मगन्ते बोलक्कड रहेछन् । अनेक कुरा गरेर फुलमानलाई अल्मल्याउन थाले । फुलमानलाई खेतमा जान हतार भइरहेको थियो । मगन्तेबाट छुटकारा पाउन थप पाँच रुपियाँ दिए । मगन्ते खुसी भए । फुलमान गोरु फुकाएर खेततिर लागे ।

| | | | | | |
|---|---|---|---|---|---|
| जोतारो | मगन्ते | बोलक्कड | फुलमान | खल्ती | जुवा |

## १०. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### बाँदर र गोही

उहिलेको कुरा हो । नदीको छेउमा एउटा ठुलो रुख थियो । रुखमा बाँदर बस्थ्यो । नदीमा एउटा गोही पनि बस्थ्यो । दिनभर दुबै आहार खोज्न निस्कन्थे । गोही विभिन्न जीवजन्तुको सिकार गर्थ्यो । बाँदर जङ्गलभर डुलेर फलफूल खान्थ्यो । एक दिन बाँदर एक झुप्पो अङ्गुर लिई फर्कियो । ऊ रुखमा बसेर अङ्गुर खान थाल्यो । अङ्गुरका केही दाना तल खसे । गोहीले खसेको अङ्गुर टिपेर खायो । उसलाई अङ्गुर असाध्यै मिठो लाग्यो । "अझै अङ्गुर खान पाए हुन्थ्यो ।" उसले मनमनै विचार गर्‍यो । एकछिनपछि उसले भन्यो, "बाँदर भाइ ! अङ्गुर त मिठो रहेछ । मलाई देऊ न !" "लौ खाऊ ।" बाँदरले आठदश दाना अङ्गुर खसाल्यो ।



अब बाँदरले आफूले ल्याएका केही फलफूल गोहीलाई पनि दिन थाल्यो । उनीहरू नजिकका साथी भएर बस्न थाले । यसरी नै उनीहरूका धेरै दिन बिते । एक दिन गोहीले मनमनै सोच्यो, "यो बाँदर मिठा मिठा फल खान्छ । यसको मुटु कलेजो त झन् कति मिठो होला । यसलाई खान पाए त अझै कति मज्जा हुन्थ्यो ।" उसको मुख रसायो । गोहीले बाँदरलाई खाने विचार गर्‍यो । भोलिपल्ट गोहीले भन्यो, "बाँदर भाइ ! आज तिमी र म यस नदीको पारिपट्टि घुम्न जाऔँ । त्यतातिर





कस्तो रमाइलो ठाउँ छ ।" बाँदरलाई पनि घुम्न मन लागेको थियो । उसले गोहीको कुरा मान्यो । गोहीले बाँदरलाई पिठिउँमा राखेर नदीको बिचसम्म लग्यो ।

बाँदर पनि रमाउँदै थियो । गोहीले च्याप्प समात्यो र भन्यो, "मैले तँलाई यहाँ घुमाउन ल्याएको होइन, अब म तेरो मुटु र कलेजो खान्छु ।" बाँदर अलिकति पनि आत्तिएन । उसले चलाखीसाथ भन्यो, "हुन त हुन्थ्यो नि गोही दाइ ! तर के गर्नु मैले मुटु कलेजो रुखमै झुन्ड्याएको छु । अब मलाई खाएर के गर्छौ ? मेरो मुटु र कलेजो खाने भए उतै फर्कौं । "त्यसो भए छिटो जाऔँ ।" गोहीले भन्यो ।

गोहीले बाँदरलाई पहिलेकै ठाउँमा पुऱ्यायो । बाँदर हतार हतार रुखमा चढ्यो र भन्यो, "खालास् मुटु र कलेजो यसरी धोका दिइस् भने तेरा कोही साथी हुँदैनन् बुझिस् ।" चलाख बाँदरले गोहीलाई हिस्स पारिदियो ।

(क) बाँदर र गोही कहाँ कहाँ बस्थे ?

.......................................................................................................

(ख) गोहीले कोसँग अङ्गुर माग्यो ?

.......................................................................................................

(ग) गोहीले मनमनै के विचार गऱ्यो ?

.......................................................................................................

(घ) गोहीले पिठिउँमा राखेर बाँदरलाई कता लग्यो ?

.......................................................................................................

(ङ) 'बाँदर र गोही' कथाले कस्तो सन्देश दिएको छ ?

.......................................................................................................

## ११. तलको तालिकाबाट वाक्य बनाउनुहोस् :

| | | | |
|---|---|---|---|
| तिमी<br>म<br>तपाईं<br>हामी<br>ऊ<br>उनीहरू<br>आमा<br>दाइ<br>ठुलोबुबा<br>सानीआमा<br>तँ | के<br>फलफूल | खान्छन्<br>खान्छ<br>खान्छौं<br>खान्छौ<br>खानुहुन्छ<br>खान्छु<br>खान्छस् | ?<br>। |

१२. तपाईंले बिहानमा गर्ने सातै दिनको कामको सूची बनाएर शिक्षकलाई देखाउनुहोस् :

| बार | समय | | |
|---|---|---|---|
| | बिहान ५-६ बजे | ०६-०७ बजे | ०७-०८ बजे |
| आइतबार | उठ्ने<br>हातमुख धुने | चियानास्ता खाने<br>पत्रपत्रिका पढ्ने<br>रेडियो सुन्ने<br>टिभीमा समाचार हेर्ने | गृहकार्य पूरा गर्ने<br>आज पढाइ हुने<br>पाठ पढ्ने |
| सोमबार | उठ्ने<br>हातमुख धुने<br>नुहाउने | परिवारसँग छलफल गर्ने | नयाँ पुस्तक पढ्ने<br>नयाँ नयाँ कुरा लेख्ने |

जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

निमेष आवाज निकालेर पढ्छन् । साथीहरू उनलाई घोकन्ते भन्छन् । धनेश प्राय: गाउँ घुमिरहन्छन् । साथीहरूले धनेशलाई घुमन्ते भन्छन् । प्रणेश साथीहरूसँग बसेर पढिरहन्छन् । त्यसैले साथीहरूले उनको नाम पढन्ते राखिदिएका छन् । त्यसो त उनी घुमफिर पनि गर्छन् । कसै कसैले उनलाई फिरन्ते पनि भन्छन् । यस्ता नाममा उनीहरू खुसी नै छन् ।



## १३. सुन्नुहोस् र लेख्नुहोस् :

### ठिमीको जात्रा



ठिमीमा जात्रा देखाउने दिन थियो । ठिमीको जात्रा अनौठो थियो । जात्राको नाम जिब्रो छेड्ने जात्रा थियो । जात्रा हेर्न भक्तपुरे आए । धुलिखेले पनि आए । साँखुबाट साँखुले आए । गाउँ गाउँबाट गाउँले आए । नगरकोटबाट नगरकोटे पनि आए । थानकोटबाट थानकोटे आए । ढोलेहरूले ढोल बजाए । पसलेहरूले विभिन्न सामान बेचे । एक जना मानिसले ठुलो सियोले जिब्रो छेडे । धेरै रमिते आएका थिए । तिनले थपडी बजाए । जात्रा रमाइलो भयो । सबै जना खुसी भए ।

## १४. कविता पढ्नुहोस् र ककसलाई के के गर्न मन पर्छ, भन्नुहोस् :

### मलाई मन पर्छ



चौतारीको पिपल अनि बर मन पर्छ
मलाई मेरो गाउँ अनि घर मन पर्छ
उकाली र ओरालीको बाटो मन पर्छ
फूल फुल्ने अन्न फल्ने माटो मन पर्छ ।

खेतबारी बगैँचा र गोठ मन पर्छ
वरिपरि बिरुवा र बोट मन पर्छ
आकाशका जूनतारा घाम मन पर्छ
मानिसका राम्रा राम्रा काम मन पर्छ ।

पशुपन्छी वनफाँट खोला मन पर्छ
कापी किताब बोक्ने मेरो झोला मन पर्छ
शीतल शीतल हावा अनि पानी मन पर्छ
हामी सबै नेपालीको बानी मन पर्छ ।



## १५. जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| दुवाकोटे | धुलिखेलमा बस्ने |
| भक्तपुरे | दुवाकोटमा बस्ने |
| धुलिखेले | कालिकोटमा बस्ने |
| कालिकोटे | पर्वतमा बस्ने |
| नगरकोटे | थानकोटमा बस्ने |
| थानकोटे | नगरकोटमा बस्ने |
| पर्वते | भक्तपुरमा बस्ने |

## ९. साथीसँग छलफल गरेर उल्टो अर्थ दिने शब्दसँग जोडा मिलाएर कापीमा लेख्नुहोस् :

| | |
|---|---|
| सुकर्म | असुरक्षा |
| सजीव | सफा |
| फोहोर | निर्जीव |
| सुरक्षा | कुकर्म |





१६. पाठ पढ्नुहोस् र तपाईँ अनिशा भए को भए के गर्नुहुन्थ्यो, भन्नुहोस् :



## अनिशाको अलमल

"नानी एकछिन घर बस है । म बजार गएर आउँछु ।" यति भनेर आमा बजार जानुभयो । अनिशा घरमा एक्लै थिइन् । ढोकामा नचिनेको मानिस आएर घन्टी बजाउनुभयो । अनिशाले झ्यालबाट बाहिर हेरिन् । लौ, कस्तो डरलाग्दो मानिस ! चोर हो कि, डाँका हो कि ! कतै बच्चा लाने मानिस त होइन ? अनिशा आत्तिइन् । मानिसले बाहिरबाट के के भन्दै हुनुहुन्थ्यो । अनिशाले राम्ररी बुझिनन् । उहाँले ढोकामा ढकढक गरिरहनुभयो । आमालाई फोन गरौँ भने फोन बिग्रिएको थियो । मोबाइल आमाले नै लैजानुभएको थियो । अनिशाले डराउँदै ढोका खोलिन् । आएका मानिसले सोध्नुभयो, "घरमा को हुनुहुन्छ नानी ? तिम्रो टेलिफोन कता छ ?" अनिशालाई झन् डर लाग्यो । उनी कुदेर बाहिर





गइन् । बाहिर गएर ढोका तानिन् । ढोकानजिकै मुडा पनि थियो । उनी मुडामाथि चढिन् । बाहिरबाट छेस्किनी लगाइन् । अघि भित्र छिर्ने ढकढक गर्ने मानिस अब बाहिर आउन ढकढक गर्न थाल्नुभयो । अनिशा के गरौँ के भनी अलमलमा परिन् ।

एकछिनपछि आमा आइपुग्नुभयो । अनिशाले भनिन्, “आमा, ढोका नखोल्नु । मैले एउटा डरलाग्दो मानिस भित्र थुनेर राखेकी छु ।” “हँ, डरलाग्दो मानिस ! चिन्ता नगर । म आएँ । अब केही हुन्न ।” यति भन्दै आमाले ढोका खोल्नुभयो । भित्रका मानिस बाहिर आउनुभयो र भन्नुभयो, “नमस्कार है । हजुरको घरमा टेलिफोन बिग्रिएको रहेछ । हजुरका श्रीमान्ले टेलिफोन बनाउन बोलाउनुभएको थियो । टेलिफोन कहाँ छ नानी भनेर सोधेको त यिनी डराएर बाहिर गइन् । बाहिर गएर चुकुल पो लगाइदिइन्, हा हा हा ।”

आमा पनि हाँस्न थाल्नुभयो । अनिशालाई अलमल भयो, हासौँ कि नहाँसौँ । उनले भनिन्, “क्षमा गर्नुहोला, मैले त हजुरलाई बदमास मान्छे भन्ने ठानेको ।”

सबै फेरि एकैचोटि हाँसे, “हा हा हा !”



## १७. खाली ठाउँमा सही शब्द लेख्नुहोस् :

(क) तपाईँ सन्चै ------------------------------------ ?

(हुनुहुन्छ, छस्)

(ख) तिमी यता ------------------------------------ ।

(आऊ, आइन्)

(ग) उसले मलाई ------------------------------------ ।

(बोलाउनुभयो, बोलायो)

(घ) हामी घुम्न ------------------------------------ ।

(जाऔँ, गए)

(ङ) ऊ कहाँ ------------------------------------ ।

(गइन्, गयो ?)

## २६. 'मुनाल' को सट्टा 'म' बनाएर कापीमा सार्नुहोस् र शिक्षकलाई देखाउनुहोस् :



मुनालको घर सहरमा छ । घरनजिकै विद्यालय छ । मुनाल तीन कक्षामा पढ्छन् । उनी सबै काम ठिक समयमा गर्छन् । उनलाई आफ्नो काम गर्न अरूले सिकाउनु पर्दैन । मुनाल बिहानै उठेर हातमुख धुन्छन् । कुर्सीमा बसेर पढ्छन् । उनी पढिसकेर किताब झोलामा राख्छन् । उनी हाँसेर बोल्छन् । उनी नाचेर रमाइलो गर्छन् । हकारेर बोलेको उनी मन पराउँदैनन् । उनी सबैसँग मिठो बोल्छन् ।

## १. लय मिलाएर गाउनुहोस् :

### परिश्रम



तिमी भए परिश्रमी
हुँदैन काममा कमी
हलो कुटो चले अनि
मनुष्य बन्छ है धनी ।

हुँदैन खिन्न उद्यमी
मरेर जान्न पौरखी
सुकर्म बन्छ ईश्वर
मनुष्य बन्छ पूजक ।

हुने छ भूमि उर्वर
गरे सधैँ परिश्रम
धुलो हुने छ पत्थर
छरे सधैँ परिश्रम ।

२. चित्र छलफल गरेर तलका प्रश्नको उत्तर दिनुहोस् :



(क) चित्रमा कसले के गर्दैछन् ?

(ख) चित्रमा कति जना मानिस छन् ?

(ग) चित्रमा कुन कुन वस्तु देखिन्छन् ?

# ४. पढ्नुहोस् र रातो रङ लगाइएका शब्द कापीमा लेख्नुहोस् :

## नम्रताको दैनिकी



नम्रता हरेक दिन बिहान ६ बजे उठ्छिन् । शौचालयमा गई **दिसापिसाब** गर्छिन् । **साबुनपानी**ले **हातमुख** धुन्छिन् । ६:३० बजे आमाले उनलाई दुध दिनुहुन्छ । उनी दुध पिउँछिन् । त्यसपछि २ घण्टा पढ्ने लेख्ने काम गर्छिन् । ८:३० बजे खाना खान्छिन् । ९ बजे विद्यालय पोसाक लगाउँछिन् । कापी, कलम र किताब झोलामा हाल्छिन् । ९:३० बजे विद्यालय जान्छिन् । १० बजे प्रार्थना सभामा **सहभागी** हुन्छिन् । १०:१५ बजे पहिलो कक्षा सुरु हुन्छ । १:३० बजे खाजा समय हुन्छ । उनी खाजा खान्छिन् । **एकछिन** खेल्छिन् । दिउँसो ४ बजे बिदा हुन्छ । उनलाई लिन बुबा पुग्नुहुन्छ । उनी बुबासित घर फर्कन्छिन् । ४:३० बजे घरमा खाजा खान्छिन् । खाजा खाएपछि १ घण्टा खेल्छिन् । ५:३० बजेदेखि **गृहकार्य** गर्न सुरु गर्छिन् । ६:३० बजे टेलिभिजनमा आफूलाई मन पर्ने बाल कार्यक्रम हेर्छिन् । ७ बजे रातिको खाना खान्छिन् । केही समय **आमाबुबा**सँग **कुराकानी** गर्छिन् । ८:३० बजे सुत्छिन् ।

## ५. उदाहरण हेरी जोडेर भन्नुहोस् र लेख्नुहोस् :

| | | | |
|---|---|---|---|
| रोल्पा + ली | पाल्पा + ली | झापा + ली | बनेपा + ली |
| रोल्पाली | ---------------------- | ---------------------- | ---------------------- |
| भादगाउँ + ले | ठिमी + ले | गाउँ + ले | साँखु + ले |
| ---------------------- | ---------------------- | ---------------------- | ---------------------- |

## १०. अन्तिममा आउने वर्णबाट शब्द बनाउँदै जानुहोस् :

| सुनाइ | इनार | रहर | रबर |
|---|---|---|---|
| ---------------------- | ---------------------- | ---------------------- | ---------------------- |
| ---------------------- | ---------------------- | ---------------------- | ---------------------- |

| रमिता | ताजा | जामा | मामा |
|---|---|---|---|
| ---------------------- | ---------------------- | ---------------------- | ---------------------- |
| ---------------------- | ---------------------- | ---------------------- | ---------------------- |





## ६. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

ततारुर : ------------------------------------------------------------

नेपाली : ------------------------------------------------------------

अगिल्ला : ------------------------------------------------------------


गृहकार्य : ------------------------------------------------------------

कलकली : ------------------------------------------------------------

## ७. दिइएको तलिकाबाट वाक्य बनाउनुहोस् :

| | | |
|---|---|---|
| उनीहरू | अस्पतालमा | जान्छौँ । |
| म | विद्यालय | जाऊ । |
| तिमी | गोठालो | जान्छु । |
| हामी | | जाँदै छस् । |
| तँ | | उपचार गर्दै छन् । |

## ९. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :



मेरो नाम विजया हो । म आमाबुबासँगै काठमाडौँमा बस्छु । मेरो जन्मघर भोजपुर जिल्लामा पर्छ । त्यही रमाइलो ठाउँमा म जन्मेकी हुँ । मलाई मेरो जन्मथलो असाध्यै मन पर्छ । यस वर्ष भाइ र म दसैँ बिदामा गाउँ गयौँ । त्यहाँको स्वच्छ वातावरणमा घुम्न पाउँदा मन प्रसन्न भयो । गाउँमा झाडापखाला फैलिएको रहेछ । धेरैलाई खोकी पनि लागेको रहेछ । मानिसहरू किन बिरामी परे भनेर खोजी गऱ्यौँ । उनीहरूलाई स्वास्थ्यचौकीमा गएर जँचाउन सल्लाह दियौँ । पानी उमालेर मात्र खान भन्यौँ । उमालेको पानी ढकनीले छोपेर राख्न लगायौँ । हामीले भनेको गाउँका सबै जनाले मान्नुभयो । झाडापखाला फैलन पाएन । बिरामीहरूको खोकी पनि कम भयो । हामीले दसैँ रमाइलोसँग मनायौँ । दसैँ सकिएपछि हामी गाउँबाट काठमाडौँ फर्कियौँ ।

# नेपाली कागज



पदम कक्षामा पढिरहेका थिए । हुलाकी दाइ आउनुभयो । झोलाबाट चिठीको खाम निकाल्नुभयो । "यो चिठी बुबालाई दिनु है" भनेर जानुभयो । पदमले त्यो खामलाई छाम्दै एकछिन ओल्टाइपल्टाई हेरे । आफ्नो कापी किताब पनि छामे । यो त छुट्टै खालको कागज छ । उनले त्यस्ता कागज देखेका थिएनन् । उनले खाम साथीहरूलाई पनि देखाए । उनीहरूले पनि नौलो मानेर हेरे । त्यतिखेरै गुरु कक्षामा आउनुभयो । पदमले गुरुलाई त्यो खाम देखाउँदै सोधे, "गुरु, यो खामको कागज र हाम्रो किताब कापीको कागज किन फरक छ ?"

"तिमीहरूलाई अनौठो लागे जस्तो छ, ल सुन म बुझ्ने गरी बताइदिन्छु । यो कागज लोकतो भन्ने बिरुवाबाट बनेको हो । यो बिरुवा नेपालमा प्रशस्त पाइन्छ । यो चारदेखि आठ फिटसम्म अग्लो हुने गर्दछ । यसका पाँचदेखि दश सेन्टिमिटरसम्मका लाम्चा पात हुन्छन् । लोकतो वनस्पतिबाट नेपाली कागज बनाइन्छ । सामान्य प्रविधिबाट गाउँघरमै यस्ता कागज बनाइन्छ । त्यही नेपाली कागजबाट यो खाम बनेको हो । यस्तै नेपाली कागजबाट नागरिकता प्रमाणपत्र, लालपुर्जा, अन्य विभिन्न प्रमाणपत्रहरू, शुभकामना कार्ड पनि बनाइन्छ । यसबाट चित्रकला, फोटोफ्रेम, एल्बम तथा अन्य लेखन सामग्रीहरू पनि बनाउन र प्रयोगमा ल्याउन सकिन्छ । लोकताबाट बनेको कागज बलियो हुन्छ । पानीले पनि छिट्टै गलाउन सक्दैन ।" गुरुले भन्नुभयो ।





"गुरु, लोकताबाट कागज चाहिँ कसरी बनाउन सकिन्छ ?", पदमले सोधे । गुरुले भन्नुभयो, "ल सुन, यो नेपाली कागज बनाउने कच्चा पदार्थ भनेको लोकतो हो । लोकतालाई सबैभन्दा पहिला पानीमा भिजाउनुपर्छ । त्यसपछि त्यसलाई केलाउनुपर्छ । केलाएको लोकतालाई पकाइन्छ । पकाएको लोकतालाई सफा गरी कुटेर लुग्दी बनाइन्छ । लुग्दी भनेको लेदो हो । काठको घेरामा बनाइएको कपडालाई पानीमा राखेर पातलो लुग्दी हालिन्छ । पातलो लुग्दी कपडाभरि फैलिन्छ । त्यसलाई पानीबाट बाहिर निकालेर सुकाएपछि कागज तयार हुन्छ । लोकताको संरक्षणमा विशेष ध्यान जानु जरुरी छ । लोकताको खेती गरेर कागज उत्पादन गर्न सकिन्छ । यसबाट प्रशस्त आम्दानी गर्न सकिन्छ । उत्पादनको प्रविधि धेरै जटिल पनि त छैन नि ।"

(क) लोकतो वनस्पतिबाट के बनाइन्छ ?

------------------------------------------------------------

(ख) नेपाली कागजबाट के के बनाइन्छ ?

------------------------------------------------------------

(ग) नेपाली कागज कसरी तयार गरिन्छ ?

------------------------------------------------------------

१२. तलको कोठेपदबाट दशओटा खानेकुराको नाम खोजेर कापीमा लेख्नुहोस् :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रो | पी | जु | ना | र | अ | भा | त |
| को | टी | मा | सु | स्या | जा | सु | र |
| आ | लु | बे | ते | उ | र | न्त | का |
| खि | दु | दा | ल | अ | म | ला | री |
| र | ध | क | भ | ट | मा | स | सा |
| के | मो | चि | धि | ख | छा | ग | पा |
| रा | मो | जि | उ | कु | रा | उ | नी |
| ना | स | पा | ती | रा | ग | द | ही |



### १३. तलको तालिका हेरेर धेरैबाट थोरैको क्रम मिलाएर लेख्नुहोस् :

कोदो : २५ पाथी ------------------------------------------------

मकै : १५ पाथी ------------------------------------------------

तोरी : २० पाथी ------------------------------------------------

गहत : ४ पाथी ------------------------------------------------

चना : २० माना ------------------------------------------------

गहुँ : ४ मुरी ------------------------------------------------

रहर : ३ मुरी ------------------------------------------------



## १४. सुनेर कापीमा लेख्नुहोस् :

नदीनाला हाम्रा सम्पत्ति हुन् । नदीमा ढुङ्गा, गिट्टी र बालुवा हुन्छन् । हामीलाई घर बनाउन ढुङ्गा, गिट्टी र बालुवा चाहिन्छ । यस्ता वस्तुहरू हामी नदीबाट ल्याउँछौँ । हिजोआज नदी किनारमा क्रसर उद्योग नै खोलेर मान्छेहरूले जथाभावी ढुङ्गा, गिट्टी र बालुवा निकाल्ने गरेका छन् । यसरी नदीबाट ढुङ्गा, गिट्टी र बालुवा धेरै झिक्दा नदी भासिन्छ । नदीमा बस्ने माछाहरू हराउँछन् । बाढी जान्छ । खेती गर्ने जमिनको माटो बग्छ । नदी किनारमा बनेका घरहरू भत्किन्छन् । यसले हाम्रो वरपरको वातावरणलाई बिगार्छ । त्यसैले हामीले नदीनालाहरूमा क्रसर उद्योग खोलेर जथाभावी ढुङ्गा, गिट्टी र बालुवा झिक्नु हुँदैन । हामीलाई चाहिने जति मात्र झिक्नुपर्छ । झिक्दा पनि एकै ठाउँबाट झिक्नु हुँदैन । नदी किनारमा रुख रोप्नुपर्छ । हाम्रा नदीनालाहरू जोगाउनु हामी सबैको कर्तव्य हो ।



## १५. दिइएका शब्दलाई मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| कलकली | हिँड्नु |
| लुरुलुरु | पिउनु |
| थरथरी | खानु |
| कुपुकुपु | गन्नु |
| खनखनी | काम्नु |
| भतभती | सर्नु |
| परपर | पोल्नु |
| चुपचाप | पिट्नु |
| पटापट | बस्नु |

१६. दिइएको तालिकाका आधारमा गर्न हुने र नहुने काम समेटी एक अनुच्छेद लेख्नुहोस् :

| गर्न हुने काम | गर्न नहुने काम |
| --- | --- |
| ◆ आफ्ना सरसामान मिलाएर राख्ने | ◆ अल्छी हुने |
| ◆ घरायसी काममा सहयोग गर्ने | ◆ झगडा गर्ने |
| ◆ सबैलाई आदर सम्मान गर्ने | ◆ विद्यालय नियमित रूपमा नजाने |
| ◆ समूहमा मिलेर काम गर्ने | ◆ फोहोर गर्ने |
| ◆ कक्षाकार्य र गृहकार्य समयमा गर्ने | ◆ पालो नपर्खने |
| ◆ खेल खेल्दा नियम पालना गर्ने | ◆ अभिभावकले भनेको नमान्ने |
| ◆ नयाँ नयाँ कुरा सिक्ने र सिकेका कुरा अरूलाई पनि सिकाउने | ◆ नियम पालना नगर्ने |
| ◆ छलफल गरी समस्या समाधान गर्नेध | ◆ होहल्ला गरी अशान्ति मच्चाउने |
| | ◆ घरमा आएका पाहुनालाई सम्मान नगर्ने |
| | ◆ अरूलाई आदर नगर्ने |

------------------------------------------------------------

------------------------------------------------------------







## १०. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

धादिङको बेनीघाटभन्दा माथि ओर्वाङ भन्ने गाउँ छ । यस गाउँमा चेपाङहरूको ठुलो बस्ती छ । त्यहाँका बालबालिकाहरू ओर्वाङ आधारभूत विद्यालयमा पढ्छन् । सबै बालबालिकालाई अनुशासनका बारेमा थाहा छ । बालबालिकाहरूले समुदायका मानिसलाई अनुशासन सिकाएका छन् । अरूलाई अपशब्द बोल्नु र अपमान गर्नु नराम्रो कुरा हो । मानिस हेपाहा, मिचाहा, पिराहा हुनु हुँदैन । डुलुवा, खन्चुवा र सुतुवा हुनु हुँदैन । हामीले सकुन्जेल काम गर्नुपर्छ । छोराछोरीले पढुन्जेल र लेखुन्जेल हल्लाखल्ला गर्नु पनि हुन्न । खानेकुरा पनि राम्रोसँग पकाएर खानुपर्छ । यसो नगरे बिरामी परिन्छ । यस्ता कुरा समुदायका मानिसलाई ओर्वाङ विद्यालयका विद्यार्थीले सिकाउँछन् । ओर्वाङ गाउँ पनि सुन्दर छ ।

**(ख) शब्दका अगाडि 'अनु' जोडेर सिङ्गो शब्द बनाउनुहोस् :**

------------------सार  ------------------रूप  ------------------हार

------------------शासन  ------------------मान  ------------------वाद

**(ग) तलका शब्दलाई वाक्यमा प्रयोग गरी भन्नुहोस् :**

| | | |
|---|---|---|
| कलकली | पोसिलो | नुनिलो |

**(घ) मिल्ने शब्दसँग जोडा मिलाउनुहोस् र शब्द लेख्नुहोस् :**

| | | |
|---|---|---|
| रानी | मुकाम | ------------------------------------------------ |
| सदर | मोल | ------------------------------------------------ |
| दायाँ | महल | ------------------------------------------------ |
| अन | बायाँ | ------------------------------------------------ |

**(ङ) अर्थका आधारमा मिल्ने शब्द पहिचान गरी लेख्नुहोस् :**

(अ) पाल्पामा बस्ने : ------------------------------------- (काभ्रेली, दुम्जाली, पाल्पाली)

(आ) राम्रो विचार भएका : ------------------------------------- (सुविचारी, कुविचारी, सुशील)

(इ) सधैँ डुल्ने : ------------------------------------- (सुतुवा, डुलुवा, हरुवा)





**(च) तलका वाक्यलाई बहुवचनमा लेख्नुहोस् :**

(अ) म जन्त गएँ । ------------------------------

(आ) ऊ पढ्छ । ------------------------------

(इ) तिम्रो अनुहार चम्किलो छ । ------------------------------

**(छ) पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

राम्चेली काकाको अनुहार चम्किलो अनि हँसिलो छ । उहाँ अगिल्लो साल हेम्जा जानुभएको थियो । हेम्जाका हेम्जालीसँग मितेरी नाता लगाएर आउनुभएछ । हेम्जाको बसाइमा अनगिन्ती अपत्यार लाग्ने काम गरेर फर्कनुभएछ । हेम्जा बसुन्जेल गर्नुभएको योगदान बताएर साध्य नै छैन । सुमार्गमा हिँड्ने सुविचार भएका राम्चेली काकाको गुणहरूलाई अनुमान गरेर कसैले पनि भन्न सक्दैनन् । वल्लो गाउँ, पल्लो गाउँ जताततै उहाँकै गुणगान छ । अनपढलाई पढाइ दिने, असहायलाई सहयोग गर्ने काममा उहाँ अगाडि सर्नुहुन्छ । उहाँको खानपानमा शुद्धता छ । बोलीचालीमा मिठास छ । व्यवहारमा सरलता छ ।

(अ) राम्चेली काकाले कोसँग मित लगाउनुभएछ ?

------------------------------------------------------------

(आ) काकाका गुणहरू कस्ता कस्ता रहेछन् ?

------------------------------------------------------------

(इ) अनगिन्ती शब्दको अर्थ के होला ?

------------------------------------------------------------

**(ज) वाक्यलाई मिलाएर लेख्नुहोस् :**

(अ) भाइ आउनुभएछ । ------------------------------ ।

(आ) आमाले मकै भुटिन् । ------------------------------ ।

(इ) छोरीले चित्रमा रङ भऱ्यो । ------------------------------ ।

शिक्षकको हस्ताक्षर : .............. अभिभावकको हस्ताक्षर : ..................

## १. लय मिलाएर गाउनुहोस् :

### भन्नुहुन्छ गुरुमा

बन्नुपर्छ पढन्ते हुनुहुन्न घोकन्ते
हुन्न बन्नू घुमन्ते नबन्नू है मगन्ते
असर गर्छ शङ्काले सताए झैँ विषले
भन्नुहुन्छ गुरुमा दुःख दिन्छ रिसले ।

गुरुमा छन् हँसिली साँच्चै कत्ति रसिली
नाच्न गाउन सिपालु जून जस्तै चम्किली
पढाउने तरिका सिक्नुपर्छ रसैले
जूनतारा तिमी हौ भन्नुहुन्छ सबैले ।



खेली खेली पढ्ने हो सधैँ अघि बढ्ने हो
यिनै साना खुट्टाले सगरमाथा चढ्ने हो
ईर्ष्या गर्नु विष हो सुख दिन्न जीवनमा
सन्तोष नै अमृत हो भन्नुहुन्छ गुरुमा ।

२. चित्र हेरेर वर्णन गर्नुहोस् :









## ३ शब्द छुट्याएर भन्नुहोस् र लेख्नुहोस् :

जस्तै :

| | | |
|---|---|---|
| अनुमान | अनु | मान |
| अनुलेखन | | |
| अनुपठन | | |
| बेवास्ता | | |
| बेखबर | | |
| बेहाल | | |





## ४. पालैपालो पढ्नुहोस् र आफू घुम्न गएको ठाउँका बारेमा छोटकरीमा बताउनुहोस् :

### हाम्रो देश



(रिजन र रमिला आपसमा कुराकानी गर्दै छन् ।)

रिजन : के हेर्दै छ्यौ रमिला ?

रमिला : हेर न रिजन, यो ग्लोबमा त संसारै पो रहेछ त !

रिजन : तिमीले के के देख्यौ त ?

रमिला : यहाँ हेर न, यो निलो भाग जति समुद्र रहेछ । यी बिच बिचमा थुम्काहरू टापु रहेछन् । यी ठुला ठुला थेग्लाहरू विभिन्न महादेश र देश रहेछन् ।

रिजन : अनि नेपाल पनि देखिन्छ ?

रमिला : मैले त भेट्टाएँ, तिमी पनि खोज त !

रिजन : सजिलै छ नि, भारत र चीनको बिचमा हेर्दा भेटिइहाल्छ नि ! यी भेट्टाएँ ! तर कति सानो है ?

रमिला : यहाँ सानो देखिएर के हुन्छ र ? विश्वमा सबैभन्दा अग्लो हिमाल सगरमाथा यहीँ छ । विश्वले मानेका गौतम बुद्ध यहीँ जन्मेका हुन् । चीनमा गएर आफ्नो कला देखाउने अरनिको पनि यहीँका हुन् । सबैले गौरव गर्ने सीता, भृकुटी र पासाङल्हामु पनि नेपालकै छोरी हुन् ।

रिजन : हो त, यहाँको प्रकृति सबैलाई लोभ्याउने छ । यहाँको संस्कृति मौलिक छ । यहाँका सम्पदाहरूभित्र अनगिन्ती कथाहरू लुकेका छन् ।

रमिला : हाम्रो देश सानो भए पनि कति गौरवशाली छ है रिजन ?

रिजन : कुनै पनि कुराको मात्रा होइन, गुण खोज्नुपर्छ भनेको यही रहेछ ।

रमिला : तिमीले ठिक भन्यौ, अब छुटौँ है ?

रजिन : हुन्छ, धेरै कुरा जानकारी पाएँ, धन्यवाद ।

## ५. जोडेर शब्द बनाई कापीमा लेख्नुहोस् :

**सु** → शील, विचार, नौलो, योग्य

**सह** → कार्य, मति, लेखन, योग

## ७. सही शब्दमा गोलो घेरा लगाउनुहोस् :

| | | | | |
|---|---|---|---|---|
| पालपा<br>पाल्पा | कूदेको<br>कुदेको | दोलखाली<br>दोल्खाली | नेखेको<br>लेखेको | फढेकी<br>पढेकी |
| खेलने छ<br>खेल्ने छ | भनने छ<br>भन्ने छ | उपहर<br>उपहार | निबन्ध<br>नीबन्ध | निवास<br>नीवास |





## ६. पाठ पढेर शब्द भन्नुहोस् :



### अब विदेश जान्नँ

विजय र विजया आमा विजितासँग बस्छन् । उनीहरूको घर बौद्धविहार नजिकै छ । विजयका बुबा विजित विदेशमा हुनुहुन्छ । एक दिन उहाँले फोन गर्नुभयो । उहाँ नेपाल आउने हुनुभयो । विजय, विजया र विजितलाई लिन विमानस्थल गए । बुबा ठुलो विमान चढेर आउनुभयो । विजितले विजयालाई बोकेर हिँड्नुभयो । कहिल्यै नदेखेको बुबालाई विजयाले चिनिनन् । उनी रुन थालिन् । विजितलाई छोरी रोएको नराम्रो लाग्यो । विजितले भने, "अब विदेश जान्नँ ।" यो सुनेर सबै खुसी भए ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| विजित | विजय | विजया | विहार | विदेश | विमानस्थल | विमान |

## ट. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

### सहयोगी साथी



उमा, डोमा र दिव्या तीनै जना एउटै कक्षामा पढ्ने साथी हुन् । उनीहरू विद्यालयको छात्राबासमा सँगै बस्छन् । उमाको घर पहाडमा हो । निमाको घर हिमाली भेगमा पर्छ । दिव्याको घर तराईमा हो । उमाका घरमा गाई, भैँसी, कुखुरा र बाख्रा पालेका छन् । निमाका घरमा चौरी गाई, घोडा, खच्चर र भेडा पालेका छन् । दिव्याका घरमा राँगा, मुर्रा भैँसी र जर्सी गाई पालेका छन् । निमा घरबाट आउँदा साथीहरूलाई छुर्पी ल्याइदिन्छिन् । उमा र दिव्याले घिउ ल्याउँछन् । उनीहरू सँगै बस्दा आआफ्ना गाउँघरका कुराहरू साटासाट गर्छन् । एकअर्काका कुरा सुनेर उनीहरू दङ्ग पर्छन् । रमाइलो पनि मान्छन् । त्यसैले तीनै जना साथीहरू सबैको गाउँघरमा घुम्न जाने योजना बनाएका छन् ।



## ९. साथीले सुन्ने गरी पढ्नुहोस् :

| | | | |
|---|---|---|---|
| प्रदेश | प्रकार | प्रचार | प्रयोग |
| अनुमति | अनुमान | अनुहार | अनुसार |
| खाएर | गरेर | बसेर | सुनेर |
| पढेर | हाँसेर | उठेर | नाचेर |



## १०. पढ्नुहोस् उत्तर भन्नुहोस् :

### राम्रो भाइ



आज यशोदाको भाइ जन्मियो । हजुरआमाले भाइलाई काखमा लिनुभयो । यशोदाले भाइलाई हेरिन् । यशोदा मनमनै कल्पना गर्न थालिन्, भाइ बामे सर्ने छ । भाइ टुकुटुकु हिँड्ने छ । ऊ तलमाथि कुद्ने छ । ऊ हलक्क बढ्ने छ । ऊ विद्यालयमा पढ्ने छ । ऊ राम्रा अक्षर लेख्ने छ । ऊ सबैसँग मिलेर खेल्ने छ । ऊ राम्रो काम गर्ने छ । ऊ दायाँ बायाँ हेर्ने छ । ऊ मिठो कथा भन्ने छ । भाइ मेरो साथी बन्ने छ । मेरी साथी रूपा पनि भाइको साथी बन्ने छिन् । हामीसँग मिलेर पढ्ने छिन् । हाम्रो बेन्चमा बस्ने छिन् । रमाइलो हुने छ । यशोदालाई हजुरआमाले सोध्नुभयो, "तिमीलाई के भयो ?" यशोदाले भनिन्, "केही पनि भएको छैन ।" हजुरआमाले फेरि सोध्नुभयो, "भाइ कस्तो छ ?" यशोदाले भनिन्, "भाइ राम्रो छ ।"

(क) भाइलाई कसले काखमा लिनुभयो ?

(ख) रूपा कसरी यशोदाको भाइको साथी बन्ने छिन् ?

(ग) यशोदाले भाइलाई किन राम्रो भनिन् होला ?

## ११. दिइएका शब्द प्रयोग गरेर वाक्य लेख्नुहोस् :

प्रयोग : ------------------------------------------------

अनुहार : ------------------------------------------------

उठेर : ------------------------------------------------

नाचेर : ------------------------------------------------

## १२. मिल्ने समूहमा राख्नुहोस् :

अभिनय, अभिरुचि, अनुमान, अनुलेखन, अनुपठन, सहमति, सहयोग, सहकार्य, सहपठन, सुशील, सुयोग्य, सुयश, सुकीर्ति, सुविचार

| अभि | सह | सु | अनु |
|---|---|---|---|
| अभिनय | सहमति | सुशील | अनुमान |



**१३. साथीसँग पाठ पढ्नुहोस् र अन्तिममा रमेशले के गर्छ होला, अनुमान गर्नुहोस् :**



रमेश अरूको नक्कल गर्थ्यो । रूपा कथा लेख्थी । रमेश पनि कथा लेख्थ्यो । रूपा कविता पढ्थी । रमेश पनि कविता पढ्थ्यो । रूपा बिस्तारै हिँड्थी । रमेश पनि बिस्तारै हिँड्थ्यो । रूपा कुद्थी । रमेश पनि कुद्थ्यो । रूपा बस्थी । रमेश पनि बस्थ्यो । रूपा गीत गाउँथी । रमेश पनि गीत गाउँथ्यो । रूपाले जे जे भन्थी रमेशले त्यही त्यही भन्थ्यो । आज रूपालाई ज्वरो आएको छ । उसको टाउको दुखेको छ । रूपाले जाउलो र तातो पानी खाई । आमासँग औषधी मागेर खाई । त्यसपछि रूपा ओछ्यानमा सुती । अब रमेश के गर्छ होला ?







## १४. वाक्य मिलाएर लेख्नुहोस् :

| नमिलेका वाक्य | मिलेका वाक्य |
|---|---|
| दिदी घर गयो । | दिदी घर जानुभयो । |
| भाइले किताब पढी । | ------------------------------------------------ |
| तपाईँहरू कहिले आयो ? | ------------------------------------------------ |
| सीता र गीता आई । | ------------------------------------------------ |
| मधेसमा धेरै उब्जनी हुनुहुन्छ । | ------------------------------------------------ |
| बुबाले फुपूलाई बोलायो । | ------------------------------------------------ |
| आमाले भाइलाई नुहाइदियो । | ------------------------------------------------ |
| हजुरबुबाले कथा सुनाउँछन् । | ------------------------------------------------ |
| तँ किन गनगन गर्छौ ? | ------------------------------------------------ |





## १५. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### लेखन्ते पण्डित



गुरुले दैनिकी लेख्न लगाउनुभएको थियो । म पुस्तकालयमा बसेर लेख्दै थिएँ । पुस्तकालय आमाबुबाले बनाउनुभएको थियो । यहाँ हजुरबुबाले पढेका पुस्तक थिए । कथा लेख्ने उहाँको कलम थियो । उहाँले लेखेर छोडेका कथा थिए । उहाँ लेखन्ते हुनुहुन्थ्यो रे ! एक दिन उहाँले दश मिनेटमा कथा लेखी सबैलाई सुनाउनुभयो रे ! त्यस दिनदेखि गाँउलेले उहाँलाई लेखन्ते पण्डित भन्न थाले रे ! हिजोआज पनि हामीलाई लेखन्ते कुल भन्छन् ।

पुस्तकालयमा एउटा लेखोट भेटियो । यसमा हजुरबुबाको हस्ताक्षर थियो । यो उहाँले आफ्ना साथीहरूका बारेमा लेख्नुभएको रहेछ । यसमा लेखिएको थियो, "शशीको हिँडाइ राम्रो छ । शान्तिको हेराइ राम्रो छ । कुसुमको लेखाइ राम्रो छ । पुष्प पनि राम्रा कथा लेख्थ्यो । तर ऊ देशविदेश घुमाइमा लाग्यो । हिजोआज उसले लेख्नै छाड्यो । शिव राम्रा कविता लेख्छ । कसैको सुनाइ क्षमता राम्रो हुन्छ । सुनेका कुरा जस्ताको त्यस्तै सुनाउन सक्छन् । खै, आफ्नो त सुताइ क्षमता मात्रै राम्रो छ जस्तो लाग्छ । खालि निद्रा मात्र लागिरहन्छ ।"

लेखोटमा यसपछि मसी छर्किएका केही थोपा थिए । यो देखेर मलाई पनि हाँसो उठ्यो । मैले मनमनै भनेँ, "लेखन्ते हजुरबुबा ! मेरो पनि सुताइ राम्रो छ । खै दैनिकी लेख्नै आएन !"

(क) कसले पुस्तकालय बनाउनुभएको थियो ?

---------------------------------------------------------------------------

(ख) पण्डितलाई किन लेखन्ते भन्न थालिएको हो ?

---------------------------------------------------------------------------

(ग) म पात्रलाई किन हाँसो उठ्यो ?

---------------------------------------------------------------------------

## १. लय मिलाएर गाउनुहोस् :

### पौरखी



खानुलाई भन्छन् आहार साथी घुम्नुलाई विहार
गर्नुलाई नाश संहार भन्छन् पिट्नुलाई प्रहार
राम्रो छ गुण राम्रो छ बानी राम्रो छ बेहोरा
अप्ठेरो पर्दा असल मान्छे मै दिन्छु सहारा ।

श्रममा रम्ने सिपमा जम्ने पौरखी नेपाली
होहल्ला सुनी लाग्दैनन् पछि ज्ञानी र पौरखी
मनका धनी सबै छन् कोही घमन्ड गर्दैनन्
हाँसी र खुसी भएर बस्छन् भ्रममा पर्दैनन् ।

बिहान उठी खेतमा जान्छन् जोसिला किसान
पढी र लेखी घरमा आउँछन् तिनैका सन्तान
दिनभर कुदी घरैमा बसी बेकम्मा हुँदैनन्
चन्द्रमा उडी छुन्छु म भन्छन् ती हार मान्दैनन् ।

हिँडाइ हेर्दा बाघको जस्तो हेराइ सिंहको
सुनाइ चङ्ख कुकुर जस्तो सुताइ घोडाको
घुमाइ व्यर्थ हुँदैन कहिल्यै कोही छैनन् पराइ
लेखाइ हेर्दा छापेका अक्षर क्या राम्रो पढाइ !

२. चित्रमा के भइरहेको छ, अनुमान गर्नुहोस् :



## ३. जोडेर लेख्नुहोस् र भन्नुहोस् :

मा + या + लु → मायालु

दु + धा + लु → 

घु + म + न्ते → 

## ५. जोडेर शब्द बनाई कापीमा लेख्नुहोस् :

उप → हार, कार, देश, चार

नि → बन्ध, यम, वास, साफ

## ६. सही शब्दमा गोलो घेरा लगाउनुहोस् :

| | | | |
|---|---|---|---|
| कुद्थि<br>कुद्थी | लेख्थिन्<br>लिख्थिन् | चारउप<br>उपचार | बन्छीन्<br>बन्छिन् |
| दूधालु<br>दुधालु | मागन्ते<br>मगन्ते | पढ्छिन्<br>पढ्छीन् | थुनछन्<br>थुन्छन् |



## ४. पाठ पढ्नुहोस् र आफ्नो विचार भन्नुहोस् :

### म के बन्ने होला ?





किरणले कथा पढेको छ । कृपाले कथा पढेकी छैन । पवन वनको बाटो हिँडेको छ । पूजा वनको बाटो हिँडेकी छैन । मुनाले मूर्ति कुँदेकी छ । मदनले मूर्ति कुँदेको छैन । क्रिसले क्रिकेट खेलेको छ । कृसाले क्रिकेट खेलेकी छैन । सुधाले सुइटर बुनेकी छ । सुदनले सुइटर बुनेको छैन । रूपकले चित्र कोरेको छ । दीपाले चित्र कोरेकी छैन । लखनले खेत खनेको छ । खुमाले खेत खनेकी छैन । किन मानिसले फरक फरक काम गरेका होलान् ? फुपूलाई डाक्टर बन्न मन छ । दाजु शिक्षक बन्छु भन्नुहुन्छ । काका म त किसान हुन्छु भन्नुहुन्छ । दिदी मन्त्री बन्ने रे ! हरेक मानिसका फरक रुचि हुँदा रहेछन् । म पो के बन्ने होला ?



## ७. पाठ छिटो छिटो पढेर साथीलाई सुनाउनुहोस् :

### मनेको चकचक



मने आज पहिलो दिन आमासित चर्न गयो । उसको हिँडाइ गजबको थियो । उसको कुदाइ फुर्तिलो थियो । उसको उफ्राइ झनै हेर्न लायक थियो । उसको रोजाइ खानेकुरा मात्र थिएन । ऊ चर्नभन्दा उफ्रन थाल्यो । उसले चकचक गरिरह्यो । आमाले म्याँ गरेर बोलाउँदा पनि उसले ध्यान दिएन । उसले कुदाइ र उफ्राइमा मात्र ध्यान दियो । घर फर्कने बेलामा उसलाई धेरै थकाइ लाग्यो । ऊ हिँड्न सकेन । उसको हिँडाइ ढिलो थियो । उसको खुट्टाको दुखाइ बढ्यो । उसले आफूले गरेको चकचक सम्झियो । अब यस्तो नगर्ने निधो गर्‍यो ।



## ट. दिइएका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् :

खेल्ने छ : ------------------------------------------------

लेख्ने छ : ------------------------------------------------

भन्ने छः ------------------------------------------------

थुन्ने छः ------------------------------------------------

बुन्ने छः ------------------------------------------------

गर्ने छ : ------------------------------------------------

हेर्ने छ : ------------------------------------------------

## ९. सुन्नुहोस् र उत्तर भन्नुहोस् :

### असल मानिस



"असल मानिस कसलाई भन्छन् ?" शिक्षकले कक्षामा सोध्नुभयो । कसैले उत्तर दिएनन् । शिक्षक आफैँ बताउन थाल्नुभयो, "मान्छे जन्मँदा सबै साना हुन्छन् । मान्छे बिस्तारै बढ्छन् । ताते गर्दै हिँड्छन् । यताउता कुद्छन् । कहिले लड्छन्, कहिले उठ्छन् । अलि ठुला हुन्छन् । विद्यालय जान्छन् । खेल्छन्, पढ्छन् र लेख्छन् । मनमा लागेका कुरा भन्छन् । मिहिनेत गर्छन् । त्यसपछि असल मानिस बन्छन् ।" शिक्षकले राजुको नजिकै गएर भन्नुभयो, "बुझ्यौ राजु ! तिमी पनि असल मानिस हुन्छौ । तिम्री आमा खुसी हुनुहुन्छ । मक्ख पर्नुहुन्छ । रमाएर बस्नुहुन्छ । छिमेकीलाई तिम्रा बारेमा भन्नुहुन्छ ।" शिक्षकको कुरा सुनेर राजुलाई खुसी लाग्यो । राजुले आफूलाई मनमनै सोध्यो, "के म साँच्चै असल मानिस बन्छु होला ?"

(क) शिक्षकको प्रश्नको उत्तर कसले दियो ?

(ख) कस्ता मानिस असल बन्छन् ?

(ग) राजु किन खुसी भयो ?

## ११. जस्ताको त्यस्तै कापीमा सार्नुहोस् :

### प्रभाको यात्रा




प्रभा हिमाली प्रदेशमा गइन् । भिन्न भिन्न प्रकारका लुगा बोकिन् । उनलाई बालअधिकारको प्रचार गर्नु थियो । उनले धेरै पर्चा बोकेकी थिइन् । उनी गाउँ गाउँमा प्रचार गर्दै हिँडिन् । उनीसँग गाउँले खुसी भए । उनलाई गाउँमै बस्ने अनुमति पनि दिए । गाउँमा उनलाई राम्रो अनुभव भयो । प्रभाको अनुहार उज्यालो भयो । प्रभाले भनेअनुसार गाउँलेले ठाउँ ठाउँमा पर्चा टाँसे । प्रभाले अनुमान गरिन्, "अब गाउँगाउँमा बालअधिकारको चर्चा चल्ने छ ।"





१२. दिइएको शुभकामना पढी जन्मोत्सवको सट्टा कुनै चाडमा दिइने शुभकामना राखी पुनर्लेखन गर्नुहोस् :

**जन्मोत्सवका उपलक्ष्यमा शुभकामना**

प्यारी साथी ललिता

तिमी आज वैशाख ५ गते सात वर्ष पूरा गरी आठ वर्षमा प्रवेश गरेको उपलक्ष्यमा तिम्रो सुस्वास्थ्य, उन्नति एवम् दीर्घ जीवनको हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्छौं ।

कक्षा ३ का सम्पूर्ण विद्यार्थी

## १३. पढ्नुहोस् र उत्तर लेख्नुहोस् :

### वर्षाको उपहार



वर्षाको समय थियो । आकाशमा बादल लागेको थियो । गड्याङगुडुङ पनि गर्दै थियो । एक्कासि मुसलधारे पानी पऱ्यो । बाटामा हिँडिरहेका मानिस भिजे । गाउँका भूमिलालसँग ओढ्ने थिएन । उनी पनि भिजे । पानीले धेरै नभिजाओस् भनी उनी हतार हतार दौडिए ।

भूमिलाल दौडिएको धनीलालले देखे । धनीलाल उरन्ठेउला स्वभावका मानिस थिए । अरूलाई उल्लु बनाएर आफू आनन्द लिन्थेँ । भूमिलाललाई देखेर धनीलालले भने, “हेर वर्षाको पानीमा भिज्न छाडेर दौडेको ! वर्षाको पानी त वरदान हो नि ! भिज्नुपर्छ । आफूलाई त रुगा लागेर पो, नत्र यो वरदान म पनि लिन्थे ।” सोझो भूमिलालले धनीलालका कुरा विश्वास गरे । उनी दौडन छाडेर भिजे । घरको पालीमा उभिएको धनीलाललाई खुब आनन्द लाग्यो ।

अर्को दिन भूमिलाल छाता बोकेर बाहिर निस्के । आज पनि एक्कासि पानी पऱ्यो । उनी छाता ओडेर बिस्तारै हिँड्दै थिए । अस्ति पानीमा भिजेकाले उनलाई रुगा लागेको थियो । धनीलाल दौडँदै आएर भूमिलालसँग ठोक्किए । उनको छाता भुइँमा खस्यो । धनीलाल दौडेको देखेर भूमिलालले भने, “ए धनीलालजी ! अस्ति त वरदान लिन पानीमा भिज्नुपर्छ भन्थ्यौ । आज किन यसरी दौडेको ?” धनीलालले भने, “म कहाँ डराएर भागेको हुँ र ! म त यो उपहारमा रमाएको पो त !” भूमिलालले वास्तविक कुरा बुझ्नै सकेनन् ।

(क) बाटामा हिँडेका मानिस किन भिजे ?

----------------------------------------------------------------

(ख) धनीलाल कस्ता स्वभावका मानिस थिए ?

----------------------------------------------------------------

(ग) वर्षाको पानीमा भिज्नुहुन्छ कि हुँदैन, किन ?

----------------------------------------------------------------



## १४. तलको कोठेपदबाट नाम खोज्नुहोस् र भन्नुहोस् :

| | | | | | |
|---|---|---|---|---|---|
| ग | पा | ल | क्ष्मी | कृ | ष्णा |
| णे | र्व | रा | रा | म | स |
| श | ती | धा | म | हा | र |
| शि | वि | दु | सी | का | स्व |
| व | ष्णु | र्गा | ता | ली | ती |
| ह | नु | मा | न | स | ती |



## १६. सुनेर कापीमा लेख्नुहोस् :

### अनुमा खुसी भइन्



तिमी घरमा बस्नुपर्छ है । एकछिन पढ्नू नि । राम्रा अक्षर लेख है । तिमी नडराउनू है । पढाइ र लेखाइ सकिएपछि एकछिन खेल्नू पनि । कुखरालाई डोकाभित्र थुन्नू । अचेल जाडो छ सुइटर लगाउनू । केही पर्‍यो भने हजुरआमालाई भन्नू । मैले भनेअनुसारका सबै काम गर्नू । हामी हाटबाट छिट्टै घर आउँछौँ । तिमीलाई मिठो पेडा ल्याइदिउँला । आमाले अनुमालाई यति कुरा भनी सम्झाउनुभयो । अनुमा खुसी भइन् ।

## १५. उदाहरणमा दिइए जस्तै गरी वाक्य लेख्नुहोस् :

(क) श्यामले भन्यो, "नराम्रो बाटामा लाग्दिनँ ।" (श्यामको सट्टा म)

जस्तै : मैले भनें, "नराम्रो बाटामा लाग्दिनँ ।"

(ख) गोपी र ध्रुवले भने, "हामी मिलेर समाजमा चेतना फैलाऔँ ।"

(गोपी र ध्रुवको सट्टा हामी)

---------------------------------------------------------------

(ग) पासाङले दोर्जेलाई भन्यो, "तँ यसपालि पक्कै राम्रो गर्छस् ।"

(दोर्जेको सट्टा तिमी)

---------------------------------------------------------------

(घ) हर्कमानले राममानलाई भने, "तिमी प्रतिभाशाली रहेछौ ।"

(राममानको सट्टा तपाईँ)

---------------------------------------------------------------

(ङ) सरिताले सोनामलाई भनिन्, "तपाईँ त अति राम्रो कविता लेख्नुहुँदो रहेछ ।"

(सोनामको सट्टा तँ)

---------------------------------------------------------------





## १७. उदाहरणमा दिइए जस्तै गरेर वाक्य परिवर्तन गरी लेख्नुहोस् :

| | | |
|---|---|---|
| मैले भुसुक्कै बिर्सें । | तैले भुसुक्कै बिर्सिस् । | उसले भुसुक्कै बिर्सियो । |
| ------------------------- | ------------------------- | ऊ चौतारीमा बस्यो । |
| ------------------------- | तैले उकालो चढिस् । | ------------------------- |
| ------------------------- | ------------------------- | ऊ विद्यालय गयो । |
| म घरभित्र पसें । | ------------------------- | ------------------------- |
| मैले उज्यालो देखाएँ । | ------------------------- | ------------------------- |
| ------------------------- | तँ कहाँ पुगिस् ? | ------------------------- |
| ------------------------- | तैँले बल्ल बुझिस् । | ------------------------- |





१८. वाक्यहरूलाई घटनाक्रमअनुसार बायाँपट्टि १, २ अङ्क लेखेर कथा बनाउनुहोस् र शीर्षक पनि दिनुहोस् :

(   ) बिरालालाई भोक लाग्यो ।

(   ) अझै केही पाउने आसामा कुनातिर गयो ।

(   ) ऊ भोक मेट्न पाइने आशामा खुसी भयो ।

(   ) उसले घरमा खाना खोज्यो ।

(   ) केही पाएन ।

(   ) मुसो पनि के कम ।

(   ) बिरालाले मुसालाई देख्यो ।

(   ) बिरालो रिसले चुर भयो ।

(   ) उसले भन्यो, "बिरालो दाइ तपाईँको घाँटीको घन्टी मन पऱ्यो ।"

(   ) "ल हुन्छ ।" मुसाले भन्यो ।

(   ) मलाई दिनु न ।

(   ) मलाई खाना देऊ न त ।

(   ) म तिमीलाई घन्टी दिन्छु ।

(   ) मुसाले बिरालालाई आँखा चिम्लन लगायो ।

(   ) उता मुसो बिरालाको धन्दा हेरिरहेको थियो ।

(   ) सोझो बिरालाले आँखा चिम्लेको बेला मुसाले बिरालाको घन्टी काटिदियो ।

(   ) बिरालाले आँखा नहेर्दै मुसो भाग्यो ।

(   ) बिरालो हिस्स पऱ्यो ।





## ११. निर्देशनअनुसार क्रियाकलाप गर्नुहोस् :

**(क) पढेर सुनाउनुहोस् :**

रिना अभिनय कलामा सिपालु छिन् । उनले धेरै नाटकमा खेलेकी छिन् । उनी नाटकमा अभिनय गर्ने मात्र नभएर कथा, कविता लेख्ने काम पनि गर्छिन् । कविता, कथामा राम्रा राम्रा शब्द छान्छिन् । उनको स्वर पनि अति सुरिलो छ । उनी कविता वाचनमा अभिरुचि राख्छिन् । बाटामा हिँड्दा र घरमा लेख्दा पनि कविता गुनगुनाउँछिन् । स्थानीय लोककथा र लोकगीतलाई कसरी जोगाउने भन्ने कुरामा उनलाई चिन्ता पनि छ । संसारमा रिना जस्ता मानिसको धेरै खाँचो छ ।

**(ख) दिएका शब्दलाई छुट्याएर लेख्नुहोस् :**

प्रहार → [ ] [ ]

आहार → [ ] [ ]

अनुहार → [ ] [ ]

अनुमान → [ ] [ ]

**(ग) वाक्यमा प्रयोग गर्नुहोस् :**

उठी : ------------------------------------------------------------

सुरिलो : ------------------------------------------------------------

भारी : ------------------------------------------------------------

दुर्घटना : ------------------------------------------------------------

**(घ) एउटै शब्द बनाउनुहोस् :**

(अ) सम् + सार = -------------------------- (आ) वि + ज्ञान = --------------------------

(इ) गर् + एर = -------------------------- (ई) अनु + हार = --------------------------

**(ङ) जोडा मिलाउनुहोस् :**

| | |
|---|---|
| चिठी | चढेको |
| संसार | बुनेको |
| झोला | घुमेको |
| भऱ्याङ | लेखेको |

(च) **मिल्ने शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(अ) सुदामाकी आमा ताप्लेजुङ ------------------------- छ । (गएको, गएकी, जानुभएको)

(आ सुकीर्तिले पोखरा ------------------------- छिन् । (घुमेकी, घुमेको, घुम्नुभएको)

(इ) सुयोगका मामाले सहमति ------------------------- थियो । (दिएको, दिनुभएको, दिएकी)

(छ) **पढ्नुहोस् र उत्तर लेख्नुहोस् :**

सविता बिदाको समयमा मुस्ताङ घुम्न गइन् । मुस्ताङमा घुम्ने ठाउँ धेरै छन् । तीमध्ये लोमाङथाङ क्षेत्र प्रकृतिले भरिएको ठाउँ हो । जोमसोमबाट कागबेनी, मुक्तिनाथ र दामोदरकुण्ड जान सकिन्छ । यस ठाउँका बस्ती, हिमाली रहनसहन र संस्कृतिले सबैलाई मोहित पार्दछ । यहाँ बेनी बजारबाट हिँडेर पनि पुग्न सकिन्छ । बेनीबाट पदयात्रा गरुन्जेल गाउँबस्तीका रमाइला दृश्य देखिन्छन् । त्यहाँ गाउँका मानिससँग कुराकानी गर्न पनि पाइन्छ । यस ठाउँलाई यहाँका समुदायले संरक्षण गरेका छन् । सविताले भनिन्, "यो ठाउँ त सबैले एक पटक घुम्नै पर्नेरहेछ ।"

(अ) बिदाको समयमा सविता कहाँ कहाँ घुमिन् ?

---------------------------------------------------------------------

(आ) जोमसोम हुँदै कुन कुन ठाउँ पुग्न सकिन्छ ?

---------------------------------------------------------------------

(इ) समुदायले जोमसोमलाई के गरेका छन् ?

---------------------------------------------------------------------

(ई) 'पदयात्रा' शब्दको अर्थ के हो ?

---------------------------------------------------------------------

(ज) **चित्र हेरेर पाँच वाक्यमा वर्णन गर्नुहोस् :**



**शिक्षकको हस्ताक्षर :** ..............   **अभिभावकको हस्ताक्षर :** ..............





परिवारका सदस्यबाट एउटा कथा सुनी कापीमा लेखेर कक्षामा सुनाउनुहोस् ।

MS 2 १

साथीलाई सोधेर साथीले बिहानदेखि बेलुकासम्म गर्ने कुनै पाँचओटा काम लेख्नुहोस् ।

MS 3 २

आफ्नो ठाउँको वर्णन गर्दै साथीलाई चिठी लेख्नुहोस् ।

MS 4 ३

तपाईंका समुदायमा हुने मेलापर्वका बारेमा पाँच वाक्यमा वर्णन गर्नुहोस् ।

MS 5 ४

तपाईंका समुदायमा तपाईंलाई मन पर्ने कुरा के के हुन्, कापीमा लेख्नुहोस् ।

MS 6 ५

विद्यालयमा साथी साथी मिलेर गर्नुपर्ने कुनै दशओटा काम कापीमा लेखी शिक्षकलाई देखाउनुहोस् ।

MS 7 ६

तपाईंका कक्षाकोठामा प्रयोग हुने सामानहरूको सूची बनाउनुहोस् ।

MS 8 ७

एक वर्षसम्म बाँच्ने र धेरै वर्ष बाँच्ने तीन तीनओटा बोटबिरुवाका नाम लेखी त्यसका बारेमा एक एक वाक्य लेख्नुहोस् ।

MS 9 ८





समूहमा बस्नुहोस् र आफ्ना विद्यालय वरपर के के छन्, भन्नुहोस् ।

MS 10 ९

तपाईं घरमा के के काम गर्नुहुन्छ, बताउनुहोस् ।

MS 12 १०

तपाईंलाई कस्ता कस्ता चित्र बनाउन मनपर्छ ? किन, लेख्नुहोस् ।

MS 12 ११

तपाईंलाई गर्न मन पर्ने कामको सूची बनाई शिक्षकलाई देखाउनुहोस् ।

MS 14 १२

तपाईंलाई मन पर्ने चाडका बारेमा पाँच वाक्यमा लेख्नुहोस् ।

MS 15 १३

तपाईं जात्रा हेर्न जाँदा हराउनुभयो भने के गर्नुहुन्छ, लेख्नुहोस् र कक्षामा सुनाउनुहोस् :

MS 17 १४

तपाईंलाई सञ्चारका साधनमध्ये कुन साधन मन पर्छ र किन, कापीमा लेख्नुहोस् ।

MS 18 १५

विद्यालयमा रहेको भित्तेपात्रो हेरी चलिरहेको महिनाका बारेमा वर्णन गरी साथीलाई सुनाउनुहोस् ।

MS 23 १६





फर्सीको सट्टामा कुभिन्डो राखी 'डालामा फर्सी' पाठको पुनर्लेखन गर्नुहोस् ।

MS 1 १

घरमा दिदीको बिहे परेर बिदा पाउँ भन्नेबारे एउटा निवेदन कापीमा लेख्नुहोस् ।

MS 12 २

पत्रपत्रिका वा अन्य किताबबाट एक अनुच्छेद कापीमा सारी शिक्षकलाई देखाउनुहोस् ।

MS 13 ३

तपाईँका असल बानी के के हुन, लेख्नुहोस् ।

MS 14 ४

नजिकको पसलबाट कुनै एउटा सामान राखेको रङ्गीन पोकाको (तेल, बिस्कुट वा अन्य कुनै) खोल ल्याउनुहोस् । त्यसमा लेखिएका कुराका बारेमा कक्षाका साथीलाई बताउनुहोस् ।

MS 19 ५

जात्रा, ढोले, थप्पडी, रमिते, पसले शब्दका अर्थ शब्दकोषबाट खोजेर कापीमा लेख्नुहोस् ।

MS 21 ७

तपाईँले पहाड देख्नुभएको छ ? चित्र मात्र देख्नुभएको छ कि साँच्चिकै देख्नुभएको छ ? चित्रसमेतको सहयोग लिई कक्षाका साथीलाई पहाडको वर्णन गरेर सुनाउनुहोस् ।

MS 21 ७